# परिच्छेद - एक

## शोध पत्रको परिचय

### १. शोध शीर्षक:

प्रस्तुत शोधपत्रको शीर्षक सरुविन्दको “मेरो ब्रह्माण्डको जीवित सूर्य कृतिभित्रका कविताको अध्ययन” रहेको छ ।

### २. शोधको प्रयोजन:

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली विभाग पृथ्वीनारायण क्याम्पस अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौंपत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

### ३. शोध समस्या:

सरुविन्दका साहित्यिक कृतिहरूमा क्रमशः विसंगत वस्तीहरू (प्रयोग लेखन) २०५०, मान्छेहरू (स्वीकृत रहेका अस्वीकृत विचारहरूको सङ्ग्रह) २०५७, अनावृत्त अण्डकोष निबन्ध सङ्ग्रह २०५९, मेरो ब्रह्माण्डको जीवित सूर्य (कविता सङ्ग्रह) २०६४, आदि प्रकाशित भइसकेका छन् । विशेष गरी उनको साहित्यिक व्यक्तित्व, साहित्यिक कृतिहरूमा उनको योगदान, साहित्यिक यात्रा र प्रवृत्ति देखाउँदै मेरो ब्रह्माण्डको जीवित सूर्य” कृतिभित्रका कविताको अध्ययन गर्नु मुख्य समस्या हो साथै उनले नेपाली साहित्यका कविताको क्षेत्रमा दिएको योगदानका साथै विविध कुराको शोध खोज गरी अध्ययन गर्नु नै यस शोधको समस्या हो तसर्थ उपयुक्त समस्यातर्फ प्रस्तुत शोधपत्र उन्मुख रहने छ ।

## ४. शोधको उद्देश्य:

जीवनका विविध आरोह अवरोहलाई पार गरेर नेपाली साहित्यका परम्परामा सिर्जनशील प्रतिभाका रुपमा आधुनिक नेपाली साहित्यको प्रयोगवादी फाँटमा आफूलाई प्रस्तुत गर्ने सरुविन्द सफल छन् । अतः उनको जीवनको प्रस्तुती, साहित्यिक यात्राको प्रमुख मोड र प्रवृत्तिहरूको निर्धारण तथा मूल्याङ्कन गर्दै उनको कविता संङ्ग्रह "मेरो ब्रह्माण्डको जीवित सूर्य" कविताको विवेचना गर्नुमा प्रस्तुत शोध पत्र केन्द्रित रहेको छ । यही नै यस शोधको मुख्य उद्देश्य रहेको छ ।

## ५. पूर्व कार्यको समीक्षा:

नेपाली साहित्यको विविध विधामा संलग्न सरुविन्द (गोविन्द बहादुर भण्डारी) को कवित्व र उनको कविता सङ्ग्रह "मेरो ब्रह्माण्डको जीवित सूर्य" कविता कृतिका बारेमा यसभन्दा अगाडि विवेचना, अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने कार्य गरेको पाइदैन । उनका कृतिहरूका भूमिका, सम्पादकीय र केही पत्रपत्रिकाहरू आदिमा चर्चा परिचर्चा तथा सामान्य टिप्पणी मात्र भएको पाइन्छ । जसलाई सामान्य रुपमा तल प्रस्तुत गरिन्छ ।

(क) सरुभक्त:

'मेरो ब्रह्माण्डको जीवित सूर्य" कविता सङ्ग्रहको 'सरुविन्द मेरो समकालीन भाइ' शीर्षक लेखमा साहित्यकार सरुभक्तले भनेका छन् ।

'प्रस्तुत कविता संङ्ग्रह मेरो ब्रह्माण्डको जीवित सूर्य' का पानाहरू पल्टाउँदा मलाई दुई कुराले सूरुमै आकर्षित गऱ्यो । एउटा कविता सङ्ग्रहको अपरम्परागत पारले अर्को समर्पणको अर्थपूर्ण पाराले । कविता संङ्ग्रहको शीर्षक 'मेरो ब्रह्माण्डको जीवित सूर्य' सुन्दाखेरी नै अत्यन्त गह्रुङ्गो लाग्दछ । कविहरूका बारेमा हिन्दीमा एउटा भनाई छ । 'जहाँ न पहुँचे रवि वहाँ पहुँचे कवि ।' आजका जागरुक कविहरू रवि याने सूर्य पुग्ने ठाउँमा मात्र पुग्ने

महत्वकांक्षा राख्दैनन् त्यसभन्दा धेरै-धेरै टाढासम्म विराट ब्रह्माण्ड नै भेदन गर्न चाहना राख्दछन् ।

(ख) उप प्रा. नारायणप्रसाद अधिकारी:

'मेरो ब्रह्माण्डको जीवित सूर्य 'कविता सङ्ग्रहको बारेमा 'यस्तो पो कविता' शीर्षक लेखमा आदरणीय गुरु नारायणप्रसाद अधिकारीले भन्नुभएको छ । "सरुविन्द एउटा सक्षम लेखक, एउटा साहित्यकार हो, अलिकति उपन्यासकार हो र बढी निबन्धकार हो भन्ने मात्रै मरो मगजमा थियो तर उहाँको ग्यारेजमा त कविताको पनि यति सुन्दर मोडलको कार रहेछ जो पत्तै थिएन ।"

(ग) तारानाथ शर्मा:

निबन्धकार भण्डारीको अनावृत्त अण्डकोषको 'थोरै शब्द' लेखमा तारानाथ शर्मा 'सरुविन्द' कै भनाइ कोट्याउदै भन्छन् - 'फुलेका रौं उखेल्न समेत विदेशी अस्पतालको आवश्यकता पर्छ यो देशमा' नभन्दै यो कविता सङ्ग्रह पनि त्यस्तै विकृति र विसङ्गतिको भण्डाफोर गर्ने खालको छ ।

(घ) प्रकाश सायमी:

अनावृत्त अण्डकोषको 'हाम्रो बधाई' लेखमा प्रकाश सायमी यसो भन्छन् -
'सरुविन्दका असीम आक्रोशहरूलाई आलङ्कारिक युक्तिहरूले जितेका छन् ।'

(ङ) प्रा.डा.दुर्गाप्रसाद भण्डारी:

मान्छेहरू (स्वीकृत रहेका अस्वीकृत विचारहरूको सङ्ग्रह-२०५७) लेखमा मन्तव्य दिँदै प्रा.डा. दुर्गाप्रसाद भण्डारी यसो भन्छन्- "गोविन्द भण्डारीमा एक गम्भिर दार्शनिक वेचैनी छ । त्यो सिर्जनात्मक वेचैनी नै उनको अहिलेसम्मको लेखक - जीवनको केन्द्रिय सार हो जस्तो मलाई लाग्छ ।"

(च) नेपाली साहित्यको आधुनिक कालको समसामयिक धारामा देखापरेका सरुविन्द एक नव प्रतिभा हुन् । नेपाली साहित्यका निबन्ध, उपन्यास र कविता विधामा

कलम चलाउने सरुविन्दका बारेमा त्यति धेरै खोज र अनुसन्धान हुन सकेको छैन् । उनले नेपाली साहित्यमा दिएको योगदान र उनको कविता 'मेरो ब्रह्माण्डको जीवित सूर्य' २०६४ कृतिमाथि उल्लेख्य चर्चा र समीक्षा नभएकाले यसलाई विश्लेषण गर्ने काम यस शोधमा हुनेछ ।

## ६. शोधको औचित्य र महत्वः

प्रस्तुत शोधपत्रको अध्ययनबाट साहित्यकार सरुविन्दलाई नेपाली साहित्यको कविता विधामा चिनाउनुका साथै उनमा अन्तर्निहीत प्रतिभा एवम् खुवीको पहिचानमा मनग्य मद्दत मिल्नेछ । त्यस्तै साहित्यकार सरुविन्द (गोविन्द बहादुर भण्डारी) ले नेपाली साहित्यको विकासमा दिएको योगदानलाई व्यवस्थित रुपले प्रस्तुत गर्ने जमर्को गरिएको छ । अतः सरुविन्दका साहित्यिक कृतिका बारेमा अझ भन्दा कवित्वका बारेमा अध्ययन तथा अनुसन्धान गर्न चाहने जो सुकैलाई पनि यसबाट वस्तुगत जानकारी उपलब्ध हुनेछ । उनको साहित्यिक कृति 'मेरो ब्रह्माण्डको जीवित सूर्य' आजसम्म अध्ययन अनुसन्धान हुन नसकेको परिप्रेक्ष्यमा यस शोधकार्यको औचित्यलाई स्वतः स्थापित गर्न सकिन्छ ।

## ७. शोधको क्षेत्र र सीमाः

यो शोधपत्र सरुविन्दको कविता सङ्ग्रह 'मेरो ब्रह्माण्डको जीवित सूर्य' कृतिमा पूर्ण रुपले केन्द्रित रहेको छ तापनि साहित्यकार सरुविन्दको साहित्यिक व्यक्तित्वलाई पनि उचित स्थान दिइने छ । उनका प्रकाशित महत्वपूर्ण साहित्यिक कृतिहरूको परिचयात्मक अध्ययन प्रस्तुत गर्दै उनको प्रयोग लेखन, निबन्ध सङ्ग्रह र मुख्य गरी कवित्व र कविता सङ्ग्रह 'मेरो ब्रह्माण्डको जीवित सूर्य' को विवेचना प्रस्तुत गर्दै अन्य रचनाहरूको सामान्य परिचय दिएतापनि कविता सङग्रहको अध्ययनमा नै शोध केन्द्रित

रहने छ । मूलतः सरुविन्दका यही कविता कृतिकै बारेमा शोध खोज गर्ने, मूल्याङ्कन गर्ने र विवेचना गर्नमा नै यस शोधको सीमा रहनेछ ।

## ८. सामग्री संकलन र शोधविधिः

प्रस्तुत शोधपत्र तयारीको निम्ति पुस्तकालयमा पत्रपत्रिका र मुख्य गरी 'मेरो ब्रह्माण्डको जीवित सूर्य' कृतिलाई मूल आधार बनाई विवेचना गरिएको छ ।स्वयम् कवि र उनका निकटमा रहेका अन्य व्यक्तिहरूबाट लिखित मौखिक जानकारीको अवलोकन गरी सामग्री संकलन गरिएको छ । मूलतः पुस्तकालयीय विधि र अंशतःआगमनात्मक पद्धतिको अनुकरण गर्दै समन्वयात्मक रुपमा तयार पारिएको यस शोधपत्र विवेच्य बनेको छ ।

## ९. शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित पार्नका लागि पाँच परिच्छेदमा विभाजन गरी निम्न शीर्षकहरू दिइएको छ ।

१. परिच्छेद एक - शोधपत्रको परिचय

२. परिच्छेद दुई - कविताको सैद्धान्तिक परिचय र कविता परम्परा

३. परिच्छेद तीन - कवि सरुविन्दको जीवनी र व्यक्तित्वको सामान्य परिचय

४. परिच्छेद चार- 'मेरो ब्रह्माण्डको जीवित सूर्य' कविता सङ्ग्रहको विभिन्न कोणबाट अध्ययन

५. परिच्छेद पाँच - उपसंहार

उपर्युक्त पाँच वटा परिच्छेद र अन्य विभिन्न उपपरिच्छेदभित्र रहेर सरुविन्दको "मेरो ब्रह्माण्डको जीवित सूर्य" (२०६४) कृतिभित्रका कविताको अध्ययन गरिएको छ ।

# परिच्छेद - दुई

## २. कविताको सैद्धान्तिक परिचय र कविता परम्परा

कविता शब्द संस्कृतको तत्सम शब्द हो । यस कविता शब्दको निर्माणतर्फ ध्यान दिंदा 'कवि + त' भन्ने व्युत्पत्ति प्राप्त हुन्छ । 'कवि' शब्दमा प्रथमतः भाववाचक र पछि कर्मवाचक हुन पुगेको छ (त्रिपाठी र अन्य २०४८:२४७) । त्यसैले कवे:कर्मः काव्यम् अर्थात् कविको कर्म वा रचनालाई काव्य भनिन्छ । काव्यलाई बुझ्नका लागि कवि शब्दसँग परिचित हुनु सान्दर्भिक हुन्छ । कुङ् शब्द तथा कवृ वणने धातुबाट कौति कवते यस व्युत्पत्तिमा कवि शब्द सिद्ध हुन्छ । "कवते ग्रश्नाति स्वहार्दभावातः पद्यरुपेण इति कवि" अर्थात् जसले अन्तरआत्माको तलस्पर्शी भावलाई मार्मिक कविता रुप दिएर व्यक्त गर्छ त्यसलाई कवि भनिन्छ (प्रपन्नाचार्य २०५१:९७) । संस्कृत साहित्यमा अलौकिक वर्णनमा निपूर्ण व्यक्तिलाई कवि भनिएको पाइन्छ भने पाश्चात्य साहित्यमा सामान्य अर्थमा साहित्यिक कलासँग सम्बद्ध कुनै पनि विधाको वा कृतिको रचयितालाई कवि (पोयट) शब्दले ग्रहण गरिएको छ ।

पूर्वीय साहित्यमा कवि शब्दको प्रयोग प्राचीनकालदेखि नै हुँदै आएको पाइन्छ । पूवीय विद्वान आनन्दवर्द्धनले काव्य शब्दलाई चिनाउने काम गरेका छन् । पूर्वीय साहित्यमा काव्य र कवि शब्द एकसाथ चर्चा गरेको पाइन्छ । त्यहाँ काव्य शब्द कुनै रचना विशेषका लागि प्रयोग गरेको पाइन्छ । काव्यलाई साहित्यको पर्यायवाचीका अर्थमा लिएको देखिन्छ भने वेदमा यसले देववाणीको अर्थ ग्रहण गरेको छ ।

संस्कृत साहित्यमा कविता वा काव्य शब्दलाई हेर्दा यसले प्रख्याति कमाइसकेको र कविता काव्यले व्यापक रुपमा समग्र साहित्यलाई नै बुझाउने गरेको भेटिन्छ ।

आज आएर संस्कृतमा आफ्नो ऐतिहासिक पहिचान दिने नेपाली वा अंग्रेजी साहित्यमा पनि मुक्तक, फुटकर कविता खण्डकाव्य र महाकाव्य जस्तो विधागत

स्वतन्त्र अस्तित्त्वका रुपमा ऐतिहासिक पहिचान स्थापित गरेको देखिन्छ । संस्कृत परम्परामा साहित्य कै पर्यायवाची रुपमा चलेपछि अर्थ सङ्कोचतर्फ उन्मुख भएपनि नेपाली भाषामा चाँहि यो शब्द कविताको मुक्तक र फुटकर कविता जस्ता साना विधा उपविधाका व्यतिरेकमा (विपरीत तात्पर्यमा) स्थापित भई कविताकै प्रबन्धात्मक उपविधा स्वरुप खण्डकाव्य र महाकाव्य जस्ता क्रमशः मझौला र वृहत रुपका निम्ति सुरक्षित हुन लागेको पाइन्छ (त्रिपाठी र अन्य२०४८ :२५०) ।

यसरी कविता व्यापक अर्थमा प्रयोग विधा विशेषमा सीमित गरेर अध्ययन गर्ने परम्परा धेरै लामो भइसकेको छ र साहित्यका यावत् विधाहरूमा कविता विद्याले ऐतिहासिक उच्चता प्राप्त गरिसकेपछि यसका मौलिक सिद्धान्त पनि बनि सकेका छन् । ती सिद्धान्तको ज्ञानविना कविताको समग्र अध्ययन पूर्ण हुन सक्दैन ।अतः यहाँ कविताको परिभाषा, तत्त्व र विधागत स्वरुपको अध्ययन गरिन्छ ।

## २.१ कविताको परिभाषा

कवितालाई चिनाउने क्रममा विभिन्न विद्वानहरूले विभिन्न तरिकाले परिभाषित गरेको पाइन्छ । पूर्व र पश्चिममा साहित्यमा कविताको उत्तिकै चर्चा परिचर्चा भएको पाइन्छ । यस सन्दर्भमा प्रथमतः कविताको बारेमा पूर्वीय तथा पाश्चात्य विद्वानले दिएको परिभाषालाई मोटामोटी रुपमा ठम्याउने प्रयास गरिन्छ ।

## २.२ कविता सम्बन्धी पूर्वीय विद्वानहरूको धारणा

(क) वेदव्यास

"अभिष्ट अर्थलाई संक्षेपमा प्रकट गर्ने दोषरहित तथा गुण अंलङकार सहित पदावली युक्त वाक्य नै काव्य हो ।" (लुइँटेल २०६०:४)

(ख) दण्डी

"इष्ट अर्थले युक्त पदावली शरीर हो । " (लुइँटेल २०६०:४)

(ग) राजशेखर

"शब्दार्थयोः यथावत् सहभावेन विद्या साहित्यविद्या अर्थात् शब्द र अर्थको सहभाव भएको विद्या साहित्य विधा हो" (काव्य मीमांसा २०२०: २६) ।

(घ) विश्वनाथ

"वाक्यम् रसात्मकम् काव्यम् अर्थात् रसात्मक वाक्य काव्य हो (उपाध्याय २०४८:२५) ।

(ङ) क्षेमेन्द्र

अलङ्कार अलङकार नै तथा गुण गुण नै हुन् । रसले सिद्ध (युक्त) काव्यको जीवित जीवन (आत्मा) चाँहि औचित्य हो (लुइँटेल २०६०:५) ।

(च) मम्मट

दोषरहित र गुणसहित शब्दार्थ कहीँ-कहीँ अलङ्कार रहित भएपनि काव्य हो (लुइँटेलः २०६०:५) ।

(छ) आनदवर्द्धन

"काव्यस्यात्मा ध्वनिः शब्दार्थ शरीर तावत् काव्यमा अर्थात् काव्यको आत्मा ध्वनि हो, शब्दार्थ त्यसको शरीर हो" (पौडेल २०५७:२८) ।

## २.३ कविता सम्बन्धी पाश्चात्य विद्वानहरूको धारणा

पूर्वमा जस्तै पश्चिमी साहित्यमा पनि सृजनात्मक साहित्यको विकास भएको छ । पूर्वीय साहित्यमा ऋग्वेदलाई जेठो ग्रन्थ मानिए झैं पाश्चात्य जगतमा होमरका 'इलियट' र ओडेसीलाई आरम्भिक ग्रन्थ मानिन्छन् । आजभन्दा लगभग ३००० वर्ष अगाडिदेखि थालिएको पाश्चात्य काव्य परम्परा अहिलेसम्म अत्यन्त समृद्ध र नवीनताका साथ अगाडि बढिरहेको छ । पश्चिमी काव्य जगतका चिन्तकहरू निम्नानुसार छन् ।

(क) अरिस्टोटल

"कलाले प्रकृतिको अनुकरण गर्दछ । " (त्रिपाठी २०४८:४७)

(ख) वर्डस्वर्थ

"कविता सशक्त अनुभूतिको निरविछिन्न उच्छबलता हो; यो शान्त क्षणमा पुनः स्मृत संवेगबाट जन्मन्छ । (उपाध्याय २०४८:१६)

(ग) जोन मिल्टन

"कविता कम सूक्ष्म र सुकुमार भएपनि बढी सरल, इन्द्रियग्राह्य र भावपूर्ण हुन्छ । (लुइँटेल २०६०:९)

(घ) सेभुअल टेलेर कलरिज

"विज्ञान जस्तो सत्यको नभएर आनन्दको अनुभूति गराउने तात्कालिक उद्देश्य भएको रचना कविता हो (लुइँटेल २०६०:१०) ।

(ङ) विलियम हेनरी हड्सन

"कविता कल्पना र भावनाद्वारा गरिएको जीवनको व्याख्या जस्तै हो (लुइँटेल २०६०:११) ।

(च) मैथ्यू आर्नोल्ड

"कविता जीवनको आलोचना हो तर यो जीवनको आलोचना काव्यगत सत्य र सौन्दर्यका नियमहरूमा बाँधिएको हुन्छ" (उपाध्याय २०४८:१२) ।

## २.४ कविता सम्बन्धी नेपाली विद्वान्हरूको धारणा:

कवितालाई परिभाषित गर्न केही नेपाली विद्वानहरूले पनि प्रयास गरेका छन् । ती मध्ये प्रमुख परिभाषाहरूलाई तल प्रस्तुत गरिन्छ ।

(क) बाबुराम आचार्य

“प्रकृतिका अदभूत रचनादेखि त्यसमा छक्क परेर तन्मय भई कविहरू जो बोल्छन् त्यो कविताः कहिन्छ” (लुइँटेल २०६०:१५) ।

(ख) लक्ष्मीप्रसाद देवकोटा

“भावनाको हार्दिकता, कोमलता नै कविता हो” (देवकोटा २०४७:२५) ।

(ग) बालकृष्ण सम

“कविता भावनाको बौद्धिक कोमलता हो” (लुइँटेल २०६०:१५) ।

(घ) सोमनाथ सिग्धाल

“काव्य भनेको कुनै विषय वा कथानक लिएर मनोहर शैलीको सूत्रमा गुथिएको शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो (लुइँटेल २०६०:१६) ।

(ङ) मोहनराज शर्मा

“विचार भाव वा घटनाको लयात्मक संरचनालाई कविता भनिन्छ (लुइँटेल २०६०:१७) ।

(च) रामकृष्ण शर्मा

“कवितलाई म सौन्दर्यको पूजारी, नैतिकताको छहरा, आदर्शको अपर्ण ठान्छु (दशा गोर्खा २०४९:३) ।

कविता सम्बन्धी पूर्व पश्चिम र नेपाली विद्वानहरूका धारणा समेट्दा निष्कर्षमाः भाव, विचार वा घटनाको विशिष्ट लयात्मक भाषिक संरचना कविता हो । लघुत्तम देखि वृहत्तर आकारमा झ्याङ्गिएर जीवनमा आदिम सम्वेद, भाव र विचार पोख्ने कामदेखि व्यापक र वहुआयमिक जीवनको सेरोफेरोभित्र समग्रतामा वर्णित काव्यरूपमा चिनिन्छ कविता ।

## २.५ कविताका तत्त्वहरू

लयपक्ष बाहेक कविताका अन्य तत्त्वहरू साहित्यकै तत्त्वहरू हुन् । साहित्यका तत्त्वहरूका बारेमा पूर्व पश्चिम दुईतर्फ पुराना नयाँ अनेक दृष्टिकोण पाइन्छन् र तिनमा केही समानता र केही मतभेद नरहेका होइनन् (त्रिपाठी र अन्य २०४६:९) । पूर्वीय साहित्य शास्त्रको इतिहासमा एकखास साहित्यिक तत्त्वलाई प्रमुख मानि अन्य तत्त्वलाई त्यसैका सहकारी तुल्याई साहित्यिक तत्त्व निरुपण गरिएको पाइन्छ (नेपाली कविता भाग-४ २०४६:१६) । कविता तत्त्व सम्बन्धी चर्चा गर्दा कविता आन्तरिक र बाह्य तत्त्वको समुचित संयोजनबाट निर्मित रचना हो । विषयवस्तु, भाव, रस यसका आन्तरिक तत्त्व हुन भने भाषाशैली लय, विम्बप्रतीक बाह्य तत्त्वहरू हुन् । समग्र रुपमा निम्नलिखित घटकलाई काव्यतत्त्वका रुपमा लिनु उपयुक्त देखिन्छ । जुन यस प्रकार छ । शीर्षक, संरचना, विषयवस्तु, लयविधान, केन्द्रियभाव, भाषाशैली कथनपद्धति बिम्बविधान वा सौन्दर्य प्रविधि, व्यञ्जना इत्यादि ।

### २.५.१ शीर्षक

कविताभित्र हुने हरेक कवितामा संरचना हुन्छ भने यस्ता धेरै कविताहरूको सङग्रहात्मक संरचना निष्कर्षले एउटा निश्चित नाम निर्क्यौल गर्न पुग्छ र त्यसै आधारमा कविले कविताको शीर्षक छनोट गर्दछ (गैरे २०६०:१८) । जुन शीर्षकभित्र समग्र विषयवस्तु अटाएका हुन्छन् । शीर्षकले विषयवस्तु प्रस्तुती भाव वा विचारको केन्द्रीय कथ्यप्रति सङ्केत गर्दछ । शीर्षक नै कृति वा कविताको केन्द्रीय सारभूत वस्तु हो त्यसकारण यो कविताको पहिलो आधारभूत तत्त्व हो । शीर्षक चयन कसैले सिङ्गो कविता सारबाट लिन्छन् भने कसैले शीर्षक परिकल्पना गरी विस्तारमा कविता सिर्जना गर्न पुग्छन् ।

### २.५.२ संरचना

कविता आफैंमा सम्यक प्रकारले रचित संरचना भएको विधागत कृति हो । संरचना दुई किसिमको हुन्छ । आन्तरिक र बाह्य कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड गण/विश्राम भई पाउ/चरण वा पङ्क्ति विधान (श्लोक) वा अनुच्छेद योजना) सँगै थालिन्छ (त्रिपाठी र अन्य २०४६:१८) । कविता कृतिको आन्तरिक संरचना चाँहि त्यस कृतिमा अँगालिएको कथन पद्धतिका माध्यमबाट चालिन्छ ।

कविताका अन्य तत्त्व वा घटक जस्तै संरचना पनि एउटा प्रमुख घटक हो । कविताका सन्दर्भमा संरचना भनेको ती सबै तत्त्वहरूको कूल योग र कूल योगभन्दा बढी अरु केही पनि हो जसबाट कविताको निर्माण हुन्छ ।

### २.५.३ विषयवस्तु

कुनै पनि लेख र रचनामा विषयवस्तु अनिवार्य हुन्छ । काव्य रचनाका लागि छनोट गरिएका वस्तुलाई विषयवस्तुका रुपमा लिइन्छ । कविताका विषयवस्तु अनेक हुन सक्छन् । विश्व ब्रह्माण्डमा भएका यावत् वस्तु मानवीय स्वभाव, प्रकृति, ज्ञान, विज्ञान, आदि वस्तु ग्रहण गरेर सर्जकले काव्य सिर्जना गर्न सक्छ । कुनै पनि कविले आफूले स्वतन्त्र रुपमा आफूलाई लागेको विषय छनोट गर्न सक्छ । कुनै पनि विषयमा काव्य रचना गर्नुपर्छ भन्ने अनिवार्य कुनै पनि सर्जकलाई हुँदैन । विषय छनोटको सीमा पनि हुँदैन । अतः कविता अन्य तत्त्व जस्तै अर्को महत्त्वपूर्ण तत्त्व विषयवस्तु हो । विना विषयवस्तु कविता सिर्जना हुन सक्दैन यसर्थ काव्य सिर्जनाका लागि विषयवस्तु अनिवार्य देखिन आउँछ ।

## २.५.४ लयविधान

कवितालाई चिनाउने प्रमुख तत्त्व लय हो अर्थात् कविता विधाको मुख्य विधागत परिचायक स्वरुप तत्त्व लयविधान नै हो (त्रिपाठी र अन्य २०४६:१८) । कवितालाई मनोरञ्जन र आह्लादकारी बनाउने तत्त्व हो लय । काव्यले आनन्द दिन्छ त्यो आनन्द दिने तत्त्व भनेको लय विधान नै हो । कविले विशेष शब्दहरूको गुम्फन गरी कवितामा विशेष लययुक्त भावको सिर्जना गर्दछ । वास्तवमा विशिष्ट लय वा भाव नै कविताको मूलभूत तत्त्व हो । पूर्वी साहित्यका शास्त्रीय पद्धति छन्दलाई सबैले स्वीकारेको पाइन्छ । लय विधानले कुनैपनि स्वर व्यञ्जन वर्णको उच्चारण कलामा उत्पन्न आरोह अवरोहगत साँङ्गीतिक लययुक्त ध्वनि वा स्वरताललाई सङ्गति दिएर श्रुतिरम्य बनाउँछ भने कवितालाई अन्य विधाबाट छुट्ट्याउने मुख्य तत्त्व पनि लय मानिन्छ ।

## २.५.५ केन्द्रीय कथ्य वा भाव

कविताको विषयवस्तु त्यसको वीज विचार वा प्रमुख भाव हो । यसको मूलभाव विषयवस्तु मात्र नभएर विषयवस्तुको निर्माण गर्ने कथन पनि हो (लुइँटेल २०६०:७७) कविलाई जीवन भोगाइका क्रममा जुन वस्तुले उत्प्रेरित गर्छ त्यसै विषयमा उसले कविता सिर्जना गर्छ । कविताको रचना गर्दा जीवनजगतका समग्र विषयवस्तु मानवीय चेतना वा मानव मनका अनुभूति एवं अनुभवलाई एकीकृत गरिन्छ । पूरै प्रकृति (जीवन जगत) मानवीय समाज, सँस्कृति र पुराकथा, इतिहास, दर्शन, ज्ञान विज्ञान आदिका साथै मानवमनको समस्त अनुभव व्यापार (अनुभूति पून्ज वा भावराशि) को कथन कवितामा हुन्छ (त्रिपाठी २०४६: २०) ।

### २.५.६ भाषाशैली

भाषा नै भाव वा विचार विनिमयको सशक्त माध्यम हो । भावाभिव्यक्तिको सर्वप्रमुख र सशक्त साधन भाषाका माध्यमबाटै साहित्यिक कृतिको रचना गरिन्छ । यस दृष्टिबाट भाषालाई साहित्यको माध्यम घटक मानिन्छ (लुइँटेल २०६०:१०६) । कवितालाई बढी लयात्मक बनाउन भाषाका पद, पदावली, वाक्य वा सर्ग विधान वा अनुच्छेद विधानलाई छनोट गरिन्छ । कविताको भाषाले मानक व्याकरणका नियमलाई पालना गरेर पद पदवर्ग, वाक्यगत अनेक व्यतिक्रम र अतिक्रमण गरेर शैलीगत लयात्मकता प्राप्त कवितामा प्रयोग गरिने सङ्कथनगत पद्धतिलाई शैली भनिन्छ । कवितामा भाव र त्यसभावबाट उद्‌बुद्ध हुने अनुभूतिलाई बोक्ने संवहन गर्ने तत्त्व भाषा हो (गैरे २०६०: २३) । यसर्थ भाषा र शैली कविताका आत्मीय र अभिन्न अङ्ग हुन भन्ने कुरालाई नकार्न सकिन्न ।

### २.५.७ कथनपद्धति

कविका आफ्ना अनुभूति, विचार वा भाव व्यक्त गर्नुलाई कथनपद्धति भनिन्छ । कविता मूलतः आत्मलाप वा मनोलाप (एकान्त आत्म-गुन गुन) गर्ने भाषिक लयात्मक कथन कला हो तापनि त्यस मनोलाप वा गुनगुनको अभिव्यक्ति गर्ने, श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ । यो कथन कौशलका रुपमा उच्चार्यगेय (श्रव्य) रहने परिप्रेक्ष्यमा कथन पद्धति कवितामा पनि एक महत्वपूर्ण पक्षका रुपमा रहेको हुन्छ (त्रिपाठी र अन्य २०४६:१९) । कवि आफैं सीधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि प्रौढोक्ति हो ।

### २.५.८ बिम्बविधान वा सौन्दर्य प्रविधि

बिम्बको शाब्दिक अर्थ प्रतिमा, छाया, प्रतिविम्ब प्रतिकृति प्रतिरुप प्रतिच्छाया आदि हुन्छ । बिम्बहरूको सामुहिक रुप वा समूह विधानलाई बिम्बविधान भनिन्छ । (

लुइँटेल २०६०: ११८) कवितालाई कविता जस्तो बनाउने काम बिम्बले गर्दछ । कविता कृतिका ठाउँ ठाउँमा आउने स्थानीय बिम्ब भने कृतिको त्यस अंशकै सौन्दर्यबर्द्धक हुन्छन् (त्रिपाठी र अन्य २०४६:२१) । सीमित अर्थमा बिम्ब भनेको कुनै दृश्यचित्र वा वस्तुको वर्णन गरिएको शब्द चित्र हो । व्यापक अर्थमा यसले साहित्यका कुनै अंशको आलङ्करिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणलाई संकेत गर्ने सम्पूर्ण शब्दलाई जनाउँछ ।


### २.५.९ व्यञ्जना

शब्द र अर्थ दुवैका कारणले कुनै उक्ति, कथन वा कृतिमा प्रस्तुत वा कथित भन्दा 'अप्रस्तुत वा अकथित सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ त्यो स्थिति व्यञ्जना हो (त्रिपाठी २०४६:२१) ।कुनै भनाइ अभिधा रुपमा नभई व्यङ्ग्यात्मक रुपमा आयो भने त्यो व्यञ्जना शक्ति हो । साहित्यमा व्यञ्जना अति नै महत्त्वपूर्ण मानिन्छ । सोझो भनाइ कलात्मक हुँदैन त्यो साहित्य पनि हुँदैन । प्रस्तुत कर्ताले प्रस्तुत गर्नु कुरा गराइ हुन्छ । कवित्वपूर्ण अनुभवलाई व्यञ्जनात्मक तहमा निष्कर्ष निकालेर सारगर्भित मिही मिठास रुपमा बुझ्न सकिन्छ । यस किसिमको व्यञ्जना विधान शाब्दिक र आर्थिक स्तरमा हुने गर्दछ (गैरे २०६०:२३) । यसर्थ उच्च किसिमको अर्थ योजना विधानलाई नै कविताका सन्दर्भमा व्यञ्जना विधान भन्नुपर्दछ ।

## २.६ विधागत रुपमा कविताको आयाम

कुनैपनि साहित्यिक विधाको निश्चित आयाम हुने गर्दछ । कविता विधाको पनि एउटा निश्चित आयाम रहेको हुन्छ । गहिरिएर हेर्दा आयामबाट नै भावक (श्रोता) का हृदयमा पर्ने र वस्तुतः त्यस कविता भित्रै पनि अर्न्तनिहित रहने गेय श्रव्य, छन्दगत/लयगत/ चरण पङक्ति संरचनाको निर्माण हुन्छ (त्रिपाठी २०४६:२१) । कविता विधाका आफ्नै कालिक वा स्थानीक आयामको बाह्य आन्तरिक ढाँचा वा रुप

संरचना हुन्छ र यसका मुक्तकदेखि आर्ष वा विकासशील महाकाव्यसम्म पाँच उपविधा देखापरेको पाइन्छ । जुन वृक्षरेखामा यसरी हर्न सकिन्छ ।




(क) कविताको लघुत्तम रुप

कविताका पाँच रुप मध्येको सबैभन्दा सानो रुप लघुत्तम रुप मानिन्छ । यो सबैभन्दा सानो, छोटो स्वयममा पूर्ण रहन्छ । जीवन जगतका अनुभवलाई रागात्मक र कलात्मक किसिमले भाषाका माध्यमबाट भन्ने क्रममा लयात्मकता अँगालिदा प्रकट हुने कविता विधाको स्वयममा पूर्ण रहने लघुत्तम (सबैभन्दा सानो) एकाइ वा श्रेणीलाई कविताको लघुत्तम रुप भनिन्छ (त्रिपाठी र अन्य २०४६:२८) । यसको आयामलाई हेर्दा २, ३ वा ४, ५ पङ्क्ति पाउ वा चरणसम्म फैलिएको हुन्छ । जसरी आकाशमा बिजुली चम्कन्छ त्यसैगरी मिलिक्क आउने र पाठकको हृदयलाई च्वास्स छुन सक्ने विशेषता यसको हुन्छ । विशेष गरी नेपाली कविताको लघुत्तम रुपलाई साहित्यमा गजल मुक्तकका रुपमा चिनिने गरिन्छ ।

(ख) कविताको लघुरुप

लघुत्तम रुपभन्दा ठूलो र मध्यम रुपभन्दा सानो कविताको अर्को रुपलाई लघुरुप भनिन्छ । यसलाई आजकल फुटकर कविताको रुपमा पनि चिनिन्छ । विभिन्न पत्रपत्रिकामा प्रशस्त मात्रामा छापिने कविता लघुरुप नै हुन् । संस्कृत वैदिक कविता परम्परामा ऋचाहरू कुनै एक प्रसङ्गका कथन र वर्णनका क्रममा एक अनुक्रममा आवद्ध भइ देखापर्दा बन्ने सुक्तहरू लघु कविताका रुप हुन् । (त्रिपाठी र अन्य

२०४६:४३) लघुत्तम कविताभन्दा लघुरुपमा अनुभूतिको प्रवाह बढी हुने गर्दछ । नेपाली भाषामा फुटकर कविता भनेर यसलाई चिनिन्छ भने अँग्रेजी भाषामा 'सनेट' र 'ओड' भनी चिनिन्छ ।

(ग) कविताको मध्यम रुप

फुटकर कविता मानिने कविताको लघुरुप र बृहत रुप मानिने महाकाव्यको बीचको कविताको रुपलाई मध्यम रुप भनिन्छ । यसको प्रचलित नाम र सबैले चिन्न सक्ने नाम खण्डकाव्य हो । फुटकर कविता भन्दा ठूलो र वृहत कविता भन्दा सानो कम्तीमा १०० श्लोक संख्या भएको आख्यानात्मक पद्य रचनालाई खण्डकाव्य भनिन्छ । जीवन जगतको एक भाग, एक देश, खण्ड वा (एकांश वा खण्ड) लाई खण्डकाव्य भनिन्छ (त्रिपाठी २०४६: ५३) । लक्ष्मीप्रसाद देवकोटाको मुनामदन र माधवप्रसाद घिमिरेको गौरी खण्डकाव्यका उदाहरण हुन् ।

(घ) बृहत्तम रुप

खण्डकाव्य भन्दा ठूलो बृहत्तर रुप अर्थात आर्ष महाकाव्य भन्दा सानो कविताको रुप वृहत रुप हो । यसमा सम्पूर्ण जीवन जगतका यावत् कुराहरू वर्णन र व्याख्या गरिन्छ । कविताको बृहत रुप महाकाव्य हो । पूर्वीय संस्कृत परम्परामा सकल कथाका साथै सामान्य महाकाव्यको रुपमा यसलाई सकारिन्छ । पाश्चात्य परम्परामा चाँहि ललित (कलात्मक) काव्यका रुपमा यसलाई चिनिन्छ (त्रिपाठी र अन्य २०४६:६४) ।

कविताको सबैभन्दा ठूलो रुप वृहत्तर/वृहत्तम रुप हो । यसमा सिङ्गो युग सभ्यता, संस्कृत र सम्पूर्ण विश्व ब्रह्माण्ड समेटिएको हुन्छ । संस्कृत साहितयमा बाल्मीकिको रामायण र व्यासको महाभारतलाई आर्ष महाकाव्य वा बृहत्तर महाकाव्य मानिन्छ ।

यसरी कविताको सबैभन्दा सानो रुप लघुत्तम रुप हो भने सबैभन्दा ठूलो रुप बृहत्तर/बृहत्तम रुप मानिन्छ । कविताको लघुरुपलाई फुटकर कविताको रुपमा पनि चिनिन्छ भने मध्यम रुपलाई खण्डकाव्यका रुपमा चिन्न सकिन्छ यिनै विभिन्न रुपहरूलाई कविताको आयामको रुपमा लिने गरिन्छ ।

## २.७ नेपाली कविताको परम्परा र प्रयोग

### २.७.१ नेपाली कविताको पृष्टभूमि निर्माण

नेपाली साहित्यका विविध विधाहरू मध्येको प्राचिन विधा कविता हो । भाषाको कलात्मक रुप कविता भएकाले नेपाली भाषाको उत्पत्तिलाई कोट्याउनु सान्दर्भिक मानिन्छ ।

नेपाली भाषा भारोपेली भाषा परिवारको भारत इरानेली शाखाबाट संस्कृत अपभ्रशं हुँदै खस अपभ्रशबाट विकसित भएको भाषा हो । यसरी उत्पत्ति भएको नेपाली भाषाको स्थल जुम्लाको सिंजालाई मानिन्छ । वि.सं. १०३८ को राजा दामुपालको दुल्लु अभिलेख सबैभन्दा प्राचीन अभिलेख मानिन्छ । विक्रमीय ११ औं देखि १८ औं शताब्दीको समयावधि ओगट्ने यस पृष्टभूमिकालमा अहिलेसम्म मौखिक लोक धाराकै गीति सामग्री मुख्य प्राप्तिको रुपमा रहेको छ (त्रिपाठी र अन्य २०४६:१०१) । यही गीति सामग्री सँगसँगै नेपाली कविताको विकास भएको पाइन्छ । यसरी विकसित हुँदै आएको नेपाली कविता परम्परा वि.सं. १८२६ को सुवानन्ददासको 'पृथ्वीनारायण शीर्षक कविता नै नेपाली कविताको पहिलो कविता मानिन्छ ।

नेपाली साहित्यको काल विभाजनमा विभिन्न मतमतान्तर रहे जस्तै कविताको कालविभाजनमा पनि विभिन्न मतमतान्तर रहेका छन् । यसको विभाजनमा विद्वानहरूको अनेक मत छन् तापनि यसको विभाजन यसप्रकार गर्न सकिन्छ ।

(क) प्राथमिक काल (१८२६-१९४० सम्म)

यसलाई पनि दुई भागमा विभाजन गरिएको पाइन्छ ।

(अ) पूर्वाद्धवीरकाल (१८२६-१८७२)

(आ) उत्तरार्द्ध भक्तिकाल (१८७३-१९४०सम्म)

नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्धको भक्तिधारालाई कृष्णभक्ति धारा, रामभक्तिधारा र निगुर्ण भक्ति धारामा विभाजन गरिएको पाइन्छ ।

(ख) माध्यमिक काल (वि.सं १९४१-१९७४ सम्म)

नेपाली कविताको माध्यमिक काललाई पनि विद्वानहरूले २ भागमा विभाजन गरेका छन् ।

(अ) पूर्वाद्ध १९४१-१९६१ सम्म

(आ) उत्तरार्द्ध १९६२ -१९७४ सम्म

नेपाली साहित्यको माध्यमिक कालको पूर्वाद्ध चरणको नेतृत्व मोतिराम भट्टले गरेका थिए भने उत्तरार्द्ध चरणको नेतृत्व शम्भुप्रसाद ढुङ्गेलले गरेको पाइन्छ ।

(ग) नेपाली कविताको आधुनिक काल

वि.सं. १९७४ को सुक्ति सिन्धुको प्रकाशन पछि प्रारम्भ भइ वि.सं. १९७५ देखि अहिलेसम्मलाई मानिन्छ । आधुनिक नेपाली कविताले पूर्वीय काव्य मूल्यलाई वरण गर्दै क्रमशः पश्चिमी नवीन काव्य प्रवृत्ति र मूल्यलाई अँगाल्दै आएको छ (त्रिपाठी र अन्य २०४६: ११३) । करिब ९ दशक पार गरेको आधुनिक नेपाली कविताले विकासका सिँढी चढ्दै नेपाली लेख्य व्याकरणको अनुशासनलाई स्वीकार गर्नु, कवितात्मक सौन्दर्यको खोजी गर्दै नेपाली

कविताले पाश्चात्य कला विज्ञान र साहित्यलाई स्वीकार्न पुगेको पाइन्छ । आधुनिक नेपाली कवितालाई पनि २ भागमा विभाजन गर्न सकिन्छ ।

(अ) पूर्वाद्ध चरण वि.सं. १९७५-२०१६ सम्म

(आ) उत्तरार्द्ध चरण वि.सं. २०१७ देखि हालसम्म

नेपाली कविताको आधुनिक काललाई विभिन्न धाराहरूमा विभाजन गरेको पाइन्छ । पूर्वाद्धको समय मूलत परिष्कारवादी धारा र उत्तरार्द्धमा अन्य विभिन्न धाराहरू रहेका छन् । जसलाई यसप्रकार देखाउन सकिन्छ ।

## परिष्कारवादी धारा

वि.सं. १९७५ देखि १९९० सम्मको समय नेपाली कविताको परिष्कारवादी धाराको समय हो । यस्तो परिष्कारवाद नेपाली कवितामा माध्यमिक कालको अन्त्यसँगै आधुनिक कालमा लेखनाथबाट शुरु भएको हो । लेखनाथ पौडलले नै नेपाली कवितामा परिष्कारवादको प्रर्वतन गरेका छन् । यस धाराका केन्द्रीय प्रतिभा यिनै हुन् । यिनले शैली, शिल्प, छन्द, तथा भाव विधानमा परिष्कारका साथ कवितामा स्तरीयता ल्याउने काम गरेका छन् ।

## स्वच्छन्दतावादी प्रगतिवादी धारा

वि.सं. १९९१ देखि २०१६ सालसम्मको समयलाई स्वच्छन्दतावादी प्रगतिवादी धारा मानिन्छ । यस धाराका प्रवर्तक लक्ष्मीप्रसाद देवकोटा हुन् । पूर्वाद्धमा वि.सं. १९९१ देखि २००३ सम्मको समय विशुद्ध स्वच्छन्दतावादी धारा मानिन्छ भने २००४ देखि २०१६ सम्मको समय स्वच्छन्दताबाद र प्रगतिवाद संयुक्त रुपमा हुर्किदै अघि बढेको भेटिन्छ । वि.सं १९९१ को शारदा पत्रिकाको प्रकाशन साथसाथै यस धाराको थालनी भएको हो । यो स्वच्छन्दतावाद १९ औं शताब्दीमा नवपरिष्कारवादी कट्टर परम्पराको विरोधमा बौद्धिकता, विरुद्ध हार्दिकता, नियम, संयम र अनुशासन विरुद्ध मुक्त सहज

स्वतः स्फूर्त लेखन वस्तुपरकता भन्दा आत्मपरकता, निर्वैक्तिकता भन्दा वैयक्तिकता र कल्पनाको स्वच्छन्द उडान र शिल्पप्रति कम सचेतना, ग्रामीण सभ्यता प्रतिको मोह, भविष्यप्रतिको आशावादिता, प्रकृतिप्रेम, स्वतन्त्रता, समानता र भातृत्वमा आधारित मानवतावाद आदि जस्ता मूल्य मान्यता ग्रंहण गरेर अघि बढेको देखिन्छ ।

प्रयोगवादी धारा

आधुनिक नेपाली साहित्यमा देखापरेको अर्को महत्वपूर्ण धार प्रयोगवादी धारा हो । प्रगति (२०१०), इन्द्रेणी (२०१०) पत्रिकाहरूबाट शुरुवात भएको यस धाराको नेतृत्व मोहोन कोइरालाले गरेको पाइन्छ ।

पश्चिमी कवितामा देखापरेको प्रयोगवादका नयाँ प्रवृतिहरू हिन्दी वंगाली कवितामा देखापरेपछि नेपाली कविता लेखनको नयाँ पुस्तामा पनि विस्तारै असर पार्दै गएको भेटिन्छ । परम्पराभन्दा भिन्न रुपमा नयाँ प्रयोग र चिन्तनका साथ-सुरुवात भएकाले यसलाई प्रयोगवाद भन्ने गरिएको पाइन्छ । मोहोन कोइरालाको प्रयोगधर्मिता अनि इन्द्रबहादुर राई, वैरागी काइला, ईश्वर बल्लभ जस्ता त्रिमुर्तिहरूको संयुक्त प्रयासमा थालिएको आयामेली आन्दोलनको समष्टि प्रभावमा यो धारा हुकिएको हो । आधुनिक मनोविज्ञानले स्थापना गरेको वासना र यौन अवचेतन मनका अनुभूतिका तत्क्षणता आदिलाई टिपेर श्रृङ्खलाविहीन अनुभूतीको कवितात्मक पोखाई नै यो प्रयोगवादी कविता हुन पुग्यो । संक्षिप्त रुपमा प्रयोगवादका विशेषता औल्याउँदा किल्ष्ट, दुरुह, दुर्बोध्य र जटिल कविता सिर्जना गर्दै बौद्धिकता, चिन्तनशीलता, अपरम्परित बिम्वप्रतीक, मिथक प्रयोग साथै युगीन जीवनका विकृति विसंगति, निस्सारता, निराशा र अर्थहीनता, कुण्ठाको प्रस्तुती, विचलनयुक्त भाषाशैलीको प्रयोग, समष्टि प्रभावको भावबोध गर्नुपर्ने, जीवनलाई सम्पूर्णताको कोणबाट हेर्ने आदि प्रयोग यसको देखिन्छ ।

समसामयिक धारा

उत्तर आधुनिक नेपाली कविताको प्रयोगावादी धारा शुरु भएको एक दशक बित्दा नबित्दै त्यसभन्दा नयाँ पुस्ताका युवाकविहरूले राल्फा, अस्वीकृत जमात, भोको पिँढी, योङ्ग राइटर्स फ्रन्ट आदिका माध्यमबाट नेपाली कवितालाई अझ नयाँ सम्भावनातर्फ प्रेरित गर्ने धारा नै समसामयिक धारा हो (त्रिपाठी र अन्य २०४६:३५) । यसको समय वि.सं. २०३० देखि वर्तमानसम्मलाई मानिन्छ । प्रयोगवादी कविता जटिल भयो, दुर्बोध्य र दुरुह भयो यसर्थ कविताले स्वच्छन्दताकारी प्रयोगवादी रुढ आग्रह त्यागेर वस्तुपरक यथार्थको चित्रण गर्न थाल्यो । यस धारालाई अग्रगति दिने मुख्य प्रतिभाका रुपमा हरिभक्त कटुवाल (१९८२-२०३७) लाई लिन सकिन्छ  (त्रिपाठी र अन्य २०५८:३५८) । समसामयिक धारामा कलम चलाउने थुप्रै प्रतिभाहरू देखिएका छन् जसमा अशेष मल्ल, शिव अधिकारी, कृष्ण धरावासी, विश्ववोहोन श्रेष्ठ, भीष्म उप्रेती, वासुदेव त्रिपाठी, फणिन्द्र नेपाल, तीर्थ श्रेष्ठ, प्रकट पगेनी, रविलाल अधिकारी अविनाश श्रेष्ठ आदि छन् ।

यसधाराले थुप्रै उतारचढावलाई पार गरेको छ । पञ्चायती सरकारको प्रतिबन्धित अवस्था, २०३६ सालको राजनीतिक घटना, २०४० सालको तरलवाद आदि । साहित्य गतिशील तरल, द्रवणशील र पारदर्शी हुनुपर्छ भन्ने मान्यता राख्दै साहित्यका पुराना परिभाषा र मान्यताको खाँचो भएकाले तरलवादको जन्म भएको हो (श्रेष्ठ २०५४: १५५) ।

## २.७.२ समसामयिक धाराभित्र सरुविन्द

साहित्यकार सरुविन्द पनि समसामयिक धाराका कविता विधामा होमिएको पाइन्छ । आजको कविताले समसामयिक राजनीति सामाजिक आर्थिक साथै समाजका यावत विकृति, विसङ्तिलाई समेट्नुपर्दछ । मान्छे मान्छे हुन नसकिरहेको, मान्छेले मान्छेलाई गिज्याएको, देश रोइरहेको, देशले अस्मिता खोजिरहेको आदि जस्तो राष्ट्रको

अन्यौल स्थितिको चित्रण गर्दै प्रयोगवादी धाराको अन्त्य र समसामयिक धाराको प्रवर्तनका पक्षमा देखिएका साहित्यकार हुन सरुविन्द । यस अवधिमा छोटा सरल र सहज भाषाशैलीमा बौद्धिक र विचारपूर्ण कविता पाठकलाई दिएका छन् । यिनका कविताले समसामयिक युग जीवनको चित्र कोर्दै नयाँ धाराको पूर्व तयारी गरिरहेको प्रतीत हुन्छ । यस परिवेशमा आजसम्म प्रकाशित उनका कविताहरूको अध्ययन गरी उनलाई अझ प्रेरणा थप्नको लागि यस शोधमा उनको कविता सँगालो “मेरो ब्रह्माण्डको जीवित सूर्य २०६४” को अध्ययन गर्न खोजिएको हो ।

# परिच्छेद - तीन

## कवि सरुविन्दको जीवनी र व्यक्तित्वको सामान्य परिचय

### ३.१. सरुविन्दको जीवनी

वि.स. २०१७ साल पौष ७ गते पिता कृष्ण बहादुर भण्डारी र माता विष्णुमाया भण्डारीका प्रथम पुत्रका रुपमा पोखरा उपमहानगरपलिका वडा नं. १८ मझेरीपाटनमा भएको हो । आफ्ना पिताका ५ वटी श्रीमती मध्ये चौथो श्रमितीका कोखबाट पहिलो सन्तानका रुपमा उनको जन्म भएको हो । यिनी रघुवंशी भण्डारी हुन र कौशिक गोत्रीय हुन भन्ने कुरा संक्षिप्त कथा सरुविन्दको भन्ने लेखबाट स्पष्ट हुन्छ । यिनका पिताले धर्मशास्त्रको गहन अध्ययन गरेका थिए । पितामा साह्रै रबाफिलो र पोजिलो पन थियो । कसैसँग नडराउने, धाराप्रवाह शास्त्रार्थ गर्ने भजन कीर्तनमा जोड दिने, कसैसंग नदब्ने क्षेत्रीय स्वभाव थियो भनिन्छ । जस्तो बावुको स्वभाव थियो त्यो भन्दा भिन्न स्वभाव  सरुविन्दमा पाइन्छ । असाध्यै मातृवात्सल्य पाएका सरुविन्द सानीमाले कटाक्ष गर्दै भनेका शब्दले नै जीवनमा कायापलट ल्यायो भन्ने कुरा व्यक्त गर्छन् ।

इखालु प्रवृतिका सरुविन्द सानीमाको कुराको पेचले फिल्म हेर्न छाडेर एकलब्य भावले अध्ययनतिर लागेका हुन् । फराकिलो  मस्तिष्क र तेजिलो दिमागका कारण पढ्ने बेलामा आफू कहाँ छु भन्नेकुरा आफैँलाई थाहा हुदैनथ्यो । पढ्दापढ्दै रातै छर्लग बितेको पनि थाहा पाउदैनथे यति सम्मकि उनलाई नजिकमा बाजा बजाउँदा पनि पत्तो हुदैनथ्यो ।

सरुविन्दको बाल्यकाल सुखसयलमा बितेको पाइन्छ । पुल्पुल्याएर पालिएका कारण उनी सानैबाट हिन्दी फिल्म बढी हेर्थे । परिवारमा पहिलो सन्तान भएको कारण उनीलाई पुल्पुलाएर पालिएको हुनसक्छ । पिंढीमा पढ्न बस्दा आँगनमा सुकाएको

बिस्कुन गाईले खाँदा छोरालाई हान्न नलगाई बारीमा घाँस काट्दै गरेकी आमा आफैँ आएर गाई धपाउनुले पनि उनले मातृवात्सल्य कति पाएका रहेछन् भन्ने पुष्टि हुन्छ ।

## ३.२ पारिवारीक जीवन

सरुविन्दको विवाह परम्परागत रुपमा पिताजीले गराइदिनु भएको हो । श्रीमती हरी भण्डारी सरल हृदयकी र कुशल गृहणी हुन् । घर व्यवहार सबै श्रीमतीले चलाउने हुँदा सरुविन्दले साहित्य सृजनामा विशेष समय दिन सके । सन्तानका नाममा एक छोरा, एक छोरी र एकमात्र नाति पाइसकेका सरुविन्दको पारिवारीक अवस्था राम्रो रहेको पाइन्छ । सानो परिवार सुखी परिवार भने जस्तै उनको परिवारिक जीवन सुखद रहेको पाइन्छ ।

## ३.३ शिक्षा दीक्षा

वि.स. २०२१-२०२३ सालसम्म रामेश्वरी प्रा.वि. मझेरीपाटनमा अध्ययन गरेका सरुविन्दले परिवारबाट राम्रो पढ्ने अवसर पाएका थिए । बाबुले पढाइकालीग लगानी गर्न पछि नपर्ने र कान्छी आमाको कटाक्षले पढनमा अझ पेच पुगेको देखिन्छ । उनका परिवारमा एक दर्जन छोराछोरीमध्ये सबैले स्नातक गरेको पाइन्छ । यसले गर्दा पनि उनी पढाइमा लगनशील देखिन्छन् । सानै उमेरदेखि थुप्रै किताब जुटाएर पढ्नेबानी परेका सरुविन्दलाई अझ राम्रो पढ्ने वातावरण आमाले जुटाइदिनु भएको र इख र उत्प्रेरणा जगाइदिने सानीमा हुनुहुन्थ्यो । उनले रामेश्वर प्रा.वि. मझेरीपाटनबाट प्राथमिक शिक्षाको तह उत्तिर्ण गरेर नि.मा.वि. तह शुक्रराज बलभद्र छिनेडाँडामा वि.स. २०२४-२०२८ सम्म अध्ययन गरेको पाइन्छ । त्यसपछि सरुविन्द अमरसिंह मा.वि. मा भर्ना भए र त्यहीबाट २०३४ सालमा एस.एल. सी. उर्त्तीण गरे । उच्च शिक्षातर्फ पृथ्वीनारायण क्याम्पसबाट (२०३५-२०३८) आइ.एल. र नेपाल ल. क्याम्पस (काठमाडौं) बाट वि.एल. उर्त्तिण गरे त्यसपछि त्रि.वि.वि.बाट राजनीति शास्त्रमा एम.ए.

(प्राइभेट) पढ्दै गरेका सरुविन्दले थुप्रै स्वाध्ययन पनि गरेका छन् । यतिमात्र होइन नेपाल ल क्याम्पस काठमाडौंमा एल. एल. एम. भर्ना भएर अध्ययन गरेका र पछि पृथ्वीनारायण क्याम्पसबाट एक वर्षे वि.एड. गरेका छन् । यसरी पढाइमा अत्यन्त मेधावी सरुविन्द औपचारीक शिक्षामात्र नभई स्वाध्ययनबाट धर्म दर्शन, मनोविज्ञान, अर्थशास्त्र साहित्य र भेटेजति अनगिन्ती पुस्तकहरू पढेर बहुविषयका ज्ञाता बन्न सफल भएका छन् । राम्रै स्कोरमा शैक्षिक उपाधि हासिल गरेका छन् । कानुनतर्फ उच्च शिक्षामा उनी प्रथम भएकाले श्री ५ विरेन्द्र ऐश्वर्य स्कलरशिप प्राप्त गरे । उनलाई त्रि.वि.वि.ले पाठ्यपुस्तक नै लेख्न लगायो । यो पुस्तक अत्यन्त मेहेनतका साथ तयार  गरे । उनी पढाइमा अत्यन्त लगनशील भएर लाग्थे । यतिसम्मकी २४ घण्टामा १८ घण्टा निरन्तर पढिरहन सक्ने सरुविन्द पढ्दा आफू कहाँ छु भन्ने कुरा नै पत्तो पाउदैनथे । आफैले पढ्नुपर्ने विषयमा “करार कानुनको तुलनात्मक अध्ययन” भन्ने कृति लेखेका थिए । यो अत्यन्त प्रशंसनीय विषय थियो । विद्यार्थीलाई विद्यार्थी आफैले पढ्नुपर्ने विषयमा पाठ्पुस्तक लेखिएको नेपालमा यो पहिलो पटक हो । संसारमा यस्तो विरलै हुने गरेको पाइन्छ ।

## ३.४  रुचि र स्वभाव

सरुविन्द अध्ययनमा रुचि राख्ने व्यक्ति थिए । उनले थुप्रै पुस्तकहरू सङ्कलन गर्ने र पढ्ने गर्थे । पढ्ने समयमा अत्यन्त तल्लीन रहने सरुविन्द कसैले कोट्याउँदा पनि थाहा पाउदैनथे । पढ्न लागेको बेलामा बाजा बजाउँदै नजिकैबाट जन्ती हिड्दा पनि मेसो  पाउँदैनथे । यही स्वभावका कारण परिवारका अन्य सदस्यहरूमा पनि उनकै सिको गर्ने स्वभावको विकास भयो । लेख्दा पढ्दा आफैलाई विर्सने हुनाले पढ्नमा कतिसम्म रुचि रहेछ भन्ने प्रस्ट हुन्छ ।

घर चलाउने खर्च पुस्तकमा खर्च गर्ने उनको स्वभाव बनिसकेको थियो ।  राष्ट्र र समाजका लागि छोराछोरी र परिवार विर्सने बानी थियो । देशका लागि अत्यन्त

संवेदनशील हुन्थे । उनी जागिर खाने व्यक्ति हुन तर अरुको चाकडी गरेर, अर्काको पाउ मलेर जागिर खाने स्वभाव उनको थिएन । जागिरबाट कहिल्यै सन्तुष्ट भएनन । उनी भन्थे “आफ्नो अह्म प्रदर्शन गर्नु छ या अह्म बेच्नु छ भने मात्र जागिर खानुपर्छ” भन्ने उनको मान्यता छ ।

यिनै विभिन्न कुराहरूले उनलाई सरुविन्द बनायो । आफ्नो छुट्टै प्रकारको सोचाइ, आफ्नै विचारमा बाँच्ने, जतातत‍ै विसंङ्गति देख्ने, सङ्गति कही कतै नदेख्ने स्वभाव उनको थियो ।

## ३.५ भ्रमण

सरुविन्द कर्मचारी भएका हुनाले जहाँतही सरकारले खटाएपनि जानुपर्थ्यो । अझ उनले कसैको चाकडी नगर्नाले उनीलाई अप्ठ्यारा ठाँउहरूमा पठाइन्थ्यो । देशका विभिन्न ठाउँहरूमा घुमिसकेका सरुविन्दका विदेशमा खासगरी पाकिस्तानको भ्रमण विशेष रोचक छ ।

## ३.६ लेखनका लागि प्रेरणा र प्रभाव

सरुविन्दलाई कलम चलाउन मुलूक र समाजभित्र छाएका अँध्यारा पक्षहरूले नै प्रेरणा दियो । उनलाई समाजका नकारात्मक पक्षहरूले नै बढी प्रेरणा दिए । उनको लेखनलाई हेर्दा २ तर्फ कलम चलेको देखिन्छ । पहिलो कानुनतर्फ र अर्को साहित्यतर्फ कानुनतर्फ कसरी प्रेरणा मिल्यो भन्दा एकदिन कक्षामा अध्ययन गरिरहेका थिए सरुविन्द । कानुन अध्ययन संस्थानका डीन तथा विख्यात कानुनविद् तोपबहादुर सिंहले संवैधानिक कानुन पढाउदै गर्दा सरुविन्दको प्रशंसा गर्दै भन्नुभएछ- “मैले सरुविन्दबाट धेरै सिक्नु छ, उहाँका सामुन्ने म केही होइन् ।” यस भनाइले सरुविन्दलाई निकै प्रेरणा दियो । अर्को साहित्यतर्फ भने उनलाई समाजका विसङ्गतिले झक्झक्याए र उनले कलम चलाए ।

वि.स. २०३९ सालतिर उनले एउटा आत्मपरक निबन्ध "मेरो गाउँ" शीर्षकमा लेखेका थिए । त्यो रेडियो नेपालबाट प्रसारित भयो । साहित्यिक यात्रामा यसले उनमा थुप्रै प्रेरणा थप्यो । त्यस्तै गरी उनको प्रसिद्ध निबन्ध कृति "अनावृत अण्डकोशमा" भूमिका लेखेर उत्प्रेरणा जगाइदिने प्राध्यापक डा. दुर्गाप्रसाद भण्डारी हुनुहुन्थ्यो । त्यस्तै गरी उनका निबन्ध र कविताको मूल्याङ्कन गरी उत्प्रेरणा जगाइदिने र प्रेरणा दिने पृथ्वीनारायण क्याम्पसका गुरुवर उप.प्रा.नारायणप्रसाद अधिकारी हुनुहुन्छ । उहाँहरूबाट साहित्यिक लेखनमा प्रसस्त प्रेरणा ग्रहण गरेका सरुविन्द स्वाध्ययनबाट पाश्चात्य र पूर्वीय साहित्यका थुप्रै कृति पढ्थे र प्रभाव ग्रहण गरेका थिए । अध्ययन कार्यमा अवसर जुटाइदिने आफ्नी आमा र स्व.ठूली आमा पनि प्रेरणाका स्रोत बनेका बताउनु हुन्छ स्वयम् सरुविन्द ।

## ३.७ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

सरुविन्दको साहित्यिक यात्राको शुरुवात एउटा गीति खण्डकाव्यबाट सुरु भएतापनि त्यो खण्डकाव्य प्रकाशित भएन । उनको पहिलो कविता "आमा यहाँ अभाव छ" भन्ने कविता हो । जुन पृथ्वीनारायण क्याम्पसको मुखपत्र माछापुच्छ्रेमा प्रकाशित रचना हो । उनका थुप्रै लेख रचनाहरू विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित भएका छन् । स्थानीय आदर्शसमाज राष्ट्रिय दैनिकदेखि राजधानी राष्ट्रिय दैनिकसम्म सृजनाहरू प्रकाशित छन् । उनको पहिलो प्रकाशित कृति "विसङ्गत बस्तीहरू "( २०५०) हो । समाजका व्यापक विकृति विसङ्गतिको दृश्य यहाँ छ ।

## ३.८ लेखनकार्य र प्रकाशित पुस्तककार विवरण

औपचारीक साहित्य साधनामा लागेका सरुविन्दका कविता निबन्ध, उपन्यास, गीति खण्डकाव्य आदि प्रकाशित हुन थाले । ती मध्ये विसङ्गत बस्तीहरू (२०५०)

औपचारीक साहित्यिक समसामयिक पत्रपत्रिकाहरूमा छरिएर रहेको पाइन्छ भने कतिपय अप्रकाशित रहेका छन् ।

यहाँ सरुविन्दका मौलिक रचनाका रुपमा प्रकाशित कृतिहरू सूचीबद्ध गरिन्छ ।

| क्र. स. | प्रकाशित कृति | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | विसङ्गत बस्तीहरू | उपन्यास | २०५१ |
| २ | मान्छेहरू | निबन्ध | २०५७ |
| ३ | अनावृत अण्डकोष | निबन्ध सङ्ग्रह | २०५९ |
| ४ | मेरो ब्रह्माण्डको जीवित सूर्य | कविता सङ्ग्रह | २०६४ |

## ३.९ सरुविन्दका अन्य रचनाहरू

सरुविन्दका अप्रकाशित कृतिहरूमा “गीति खण्डकाव्य” कविता सङ्ग्रह हो जुन प्रेम प्रणयमा आधारित थियो । यो उनले प्रकाशित गरेनन् । उनी कानुनमा बिशेष दख्खल प्राप्त व्यक्ति हुन । कानुनमा श्री ५ विरेन्द्र ऐश्वर्य स्कलर हुन । यो कानुनमा उच्च अङ्क ल्याउनेलाई प्रदान गर्ने पदवी हो । क्याम्पस अध्ययनका क्रममा हाजिरी जवाफ, वादविवाद आदि प्रतियोगिताहरूमा सहभागी हुन्थे । विद्यार्थी अवस्थाबाट नै बहुआयमिक व्यक्तित्वका धनी देखिन्छन् । क्याम्पसबाट नै अर्न्तराष्ट्रिय स्तरको निबन्ध प्रतियोगितामा छनौट हुन सफल भए ।

## ३.१० कवि सरुविन्दको व्यक्तित्व

### शारीरिक व्यक्तित्व

कुनै पनि सक्षम नागरिकले राष्ट्रका लागि कुनै न कुनै माध्यमबाट योगदान दिइरहेको हुन्छ । कुनै पनि व्यक्तिका सहज तथा स्वभाविक गुणले उसको व्यक्तित्व निर्माण गर्दछ । संवेदनशीलता र भावुकताका धनी सरुविन्दले आफ्नो सिर्जनशीलतामा

वर्तमानको विसङ्गतिलाई औल्याउन खप्पीस जस्तै देखिन्छन् । पाँच फिट पाँच इञ्चको कद, अडतिस इञ्चको छाती र पैतीस इञ्चको कम्मर भएका सरुविन्द हेदा रक्तवर्ण र श्यामवर्णको दोसाँधमा देखिन्छन् । शरीरलाई सुन्दर बनाउनु पर्छ, शरीर सुन्दर देखिनु पर्छ भन्ने सोच नभएका कारण उनी जस्ता छन् त्यस्तै देखिन्छन् । आवश्यक व्यायाम नगर्ने र शरीरको संभारमा त्यति ध्यान नदिएता पनि उनी चलाख र फुर्तिलो नै देखिन्छन् । सम्पन्नशाली परिवारमा हुर्के बढेतापनि लवाइखवाइमा त्यति ध्यान दिदैनन् । शरिर ठूलो भएका कारण उनीलाई कहिल्यै कसैले हेप्न सकेनन् । उनीसँग व्यवहार गर्दा र बोल्दा समेत मान्छेहरू सामुन्ने हेपेर बोल्न सक्दैनन् । यसको मूल कारण उनको शारीरिक बनोट पनि हो । अत्यन्त कम बोल्ने, अधिकांशतः सन्तुलित हिसाबले बोल्ने सरल र सहृदयीपन उनको विशेषता नै हो ।

सामाजिक व्यक्तित्व

हाइस्कूल जीवनपछि चेतनामा अत्यधिक विस्तार भएका कारण उनमा सामाजिक सेवाप्रति प्रचुर सम्भावनाहरू विस्तारीत भए । उनले छिमेकी शुक्रराज बलभद्र नि.मा.वि. मा स्वयंम सेवक शिक्षकको रुपमा एकवर्ष जति निःशुल्क सेवा गरे । स्कूलबाट एक पैसा पनि लिएनन् । २०३५ देखि २०३६ सालमा पृथ्वीनारायण क्याम्पसको स्ववियु सदस्य भएर काम गरे । उनले सामाजिक काम गर्दा आफ्नो परिवारको ख्याल गरेनन् । स्वास्नी छोराछोरी भनेनन् । उनले २०४८ सालमा मझेरी पाटनमा “मेरो नेपाल” युवा क्लव खोले । क्लबको गठन गरेर सामाजिक अभियान चलाए । विभिन्न विद्यालयहरूमा सल्लाहकारको रुपमा काम गरे

राजनीतिक व्यक्तित्व

वि.स २०३५ देखि २०३६ सालमा सरुविन्द पृथ्वीनारायण क्याम्पसमा स्व.वि.यू.को सदस्य भए । क्याम्पसमा साहित्य संयोजन देखि नेकपाको जिल्ला सदस्य भए । वि.स. २०४८ सालको निर्वाचनमा राजनीतिमा सक्रिय भएर नेकपा एमाले उमेदवारलाई जिताउन लागि परे । यसरी राजनीतिक जीवन अगाडी बढिरहेको क्रममा वि.स. २०४९ सालमा सरकारी सेवामा अधिकृत पदमा प्रवेश गरेपछि राजनीतिक जीवन लगभग शुन्य भयो ।

साहित्यक व्यक्तित्व

साहित्यकार सरुविन्दको साहित्यिक जीवनको शुरुवात कथाकार गुरुप्रसाद मैनालीका कथा पढेपछि त्यसबाट प्रेरित प्रभावित भएको पाइन्छ । शुरुमा उनले एउटा गीति खण्डकाव्यको लेखनबाट साहित्यिक यात्रा शुरु गरे तर त्यो प्रकाशित भएन । पृथ्वीनारायण क्याम्पसको मुखपत्र “माछापुच्छ्रेमा” प्रकाशित “आमा यहाँ अभाव छ ” भन्ने कविता नै पहिलो प्रकाशित साहित्यिक रचना हो । वि.सं. २०३९ सालतिर रेडियो नेपालको साहित्य संसार कार्यक्रममा ‘मेरो गाउँ’ भन्ने आत्मपरक निबन्ध लेखेर पठाए । यसले अझ उत्प्रेरणा थप्यो । उनको प्रकाशित पहिलो कृति ‘विसंङ्गत बस्तीहरू’ हो । यो २०५१ सालमा प्रकाशित भएको हो । उनको दोस्रो प्रकाशित साहित्यिक कृति ‘मान्छेहरू हो । यसमा उनी मान्छेहरू प्रति नै विद्रोह गर्छन् । तेस्रो कृतिका रूपमा अनावृत अण्डकोष आएको छ । यो २०५९ सालमा प्रकाशित भएको हो । यसमा आम विसंङ्गत मान्छेहरूलाई अण्डकोष ठहऱ्याउँदै उनी त्यसको अनावरण गर्दछन् ।

साहित्यतर्फ चौथो कृतिका रूपमा मेरो ब्रह्माण्डको जीवित सूर्य २०६४’ उनको अर्को उचाइ छोएको कविता कृति हो । यसमा उनका ४५ थान प्रकाशित कविताहरू छन् । उनका साहित्यिक कृतिहरूमा मान्छेका पीडा वेदना र मान्छेले भोग्नु परेका दर्दनाक स्थितिहरू छन् । यी सम्पूर्ण कुराको भण्डाफोर गर्दै रच्छ्यानमा गएर थुक्न पुग्छन् भने कतै चरम अराजकतावादी भेटिन्छन् सरुविन्द ।

## निबन्धकार व्यक्तित्व

सरुविन्द एक उत्कृष्ट निबन्धकार हुन । उनको उत्कृष्ट निबन्ध "मान्छेहरू " हो । यसमा मान्छेहरूप्रति नै बिद्रोह गर्छन् । उनको अर्को निबन्ध संङ्ग्रह "अनावृत अण्डकोष" हो । यसमा सङ्ग्रहित अधिकांश निबन्धहरू अर्न्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न लायक छन् । थुप्रै पत्रपत्रिकाहरूमा सरुविन्दका निबन्धहरू प्रकाशित भइसकेका छन् । वि.स. २०३९ सालमा रेडियो नेपालको साहित्य संसार कार्यक्रममा "मेरो गाउँ" भन्ने आत्मपरक निबन्ध पठाए । यो महत्त्वपूर्ण निबन्ध थियो ।

## औपन्यासिक व्यक्तित्व

निबन्धका अतिरिक्त सरुविन्दले २०५१ सालमा "विसंगत बस्तीहरू" लेखेर उपन्यासको प्रयोग गरे । उनका अधिकांश निबन्धहरू औपन्यासिक छन् । उनको विसंगत वस्तीहरू चरम अराजकतावादी दर्शन हो र समसामयिक राजनीतिप्रतिको वितृष्णा र विद्रोह हो । उनले उपन्यासबाटै आफूलाई बामे सारेका छन् ।

## कवि व्यक्तित्व

कवि सरुविन्दको पहिलो कविता पृथ्वीनारायण क्याम्पसको मुखपत्र "माछापुच्छ्रे" मा प्रकाशित "आमा यहाँ अभाव छ " भन्ने हो । यो वि.स.२०३६ सालमा प्रकाशित कविता हो । त्यस्तै गरी वि.स. २०४५ सालमा पोखरा उपमहानगरपालीकाद्वारा आयोजित बृहत कविता प्रतियोगितामा उनी प्रथम भए । यसले उनमा अझ बढी प्रेरणा थपेको पाइन्छ । विद्यार्थी जीवनमा गीति खण्डकाव्य लेखे तर प्रकाशित गरेनन् । वि.स २०४५ देखि २०६३ साल सम्मका कविताहरू सङ्कलन गरेर एउटा सिङ्गो कृति प्रकाशन गरेका छन् । जुन कृति हो "मेरो ब्रह्माण्डको जीवित सूर्य" (२०६४) । अन्य थुप्रै कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेका छन् ।

## कानूनी व्यक्तित्व

यिनले कानूनमा स्नातकोत्तर सम्मको अध्ययन गरेका छन् । कानूनी क्षेत्रमा यिनको ठूलो योगदान रहेको छ । यिनले वि.स २०३९ सालमा करार कानुनको तुलनात्मक अध्ययन नामक कृति लेखेका थिए । कानुन अध्ययन संस्थान मार्फत विशिष्ट कानुनविद्हरू भरतराज उप्रेती र भरत बहादुर कार्कीको समिति बनाइ अध्ययन गरायो र पाठ्यक्रममा समावेश गरियो । वि.स २०४१ सालमा सरुविन्दले कानुनी शासनको पक्षमा पुस्तक लेखे र प्रकाशनमा ल्याए । कानुनी शासनको पक्षमा लेखिएको नेपालमै यो पहिलो पुस्तक हो । यी विविध कृति र योगदानले सरुविन्द बहुआयमिक  व्यक्तित्व हुन भनेर चिन्न सकिन्छ ।

# परिच्छेद - चार

## ४. मेरो ब्रह्माण्डको जीवित सूर्य कृतिभित्रका कविताहरूको विभिन्न कोणबाट अध्ययनः

### ४.१ शीर्षक सार्थकता

कवि सरुविन्दले आफ्नो कविता सङ्ग्रहको शीर्षक "मेरो ब्रह्माण्डको जीवित सूर्य" राखेका छन् र उनले यसको शीर्षकको वारेमा भनेका छन् । - "संयोगवश वि.स. २०१७ साल पौष ७ गते पोखराको माछापुच्छ्रेमा सूर्यको प्रकाश पर्दानपर्दै म जन्मेको थिए । त्यतिखेर सूर्यको किरण मेरो शरीरमा परेको थियो । पृथ्वीको काखमा पहिला चोटी पाइलो पर्दा मैले सूर्य दर्शन गरेको थिए । सूर्योदयसँगै म जन्मेको हुँदा सूर्य स्तुतिको रुपमा मैले "मेरो ब्रह्माण्डको जीवित सूर्य २०६४" लेखेको कुरा कवि बताउँछन् । शीर्षक आफ्नै मिहिनेत र परिश्रमबाट आँकुरा र टुसाको रुपमा कविताको सँगालोको रुपमा देखिएको छ । यस कृतिको प्रस्तुत कविता शीर्षकले संकटको प्रतिनिधिमूल स्तर र सन्देशलाई बहन गरेको छ । सङ्ग्रहभित्रका कविताहरूका शीर्षक फरक फरक भएपनि कतिपय कविताहरूले दिन खोजेको सन्देश र कवितामा भन्न खोजिएका कुराहरूमा एकरुपता जस्तो पाइन्छ ।

### ४.२ भाषाशैली

भाषिक कोणबाट कृतिलाई हेर्दा मूलतः गद्य भाषामा कविताहरू लेखिएका छन् । गद्यमा भएपनि प्रत्येक कवितामा अर्न्तलय पाइन्छ । कविता सरल भाषाशैलीमा लेखिएको भएतापनि सबै कविता सरल छैनन् । कवितामा तार्किक, बौद्धिक र जोशिलो भाषाको प्रयोग भएको पाइन्छ । कवितामा पर्याप्त व्यङ्ग्य शैलीको प्रयोग भएको छ । कवि सरुविन्द व्यङ्ग्य कवि पनि हुन किनकि उनको "मेरो ब्रह्माण्डको जीवित सूर्य"

कृतिका कवितामा पर्याप्त व्यङ्ग्य शैलीको प्रयोग गरेको पाइन्छ साथै अन्य कृतिमा पनि  भरमार रुपमा व्यङग्य भेटिन्छ भने शब्द चयनमा ओजिला शब्दको प्रयोग भएको पाइन्छ । शब्द चयनका कलामा कवि खप्पिस नै देखिन्छन । सरल भाषाका माध्यमबाट चोटिलो व्यङ्ग्य प्रहार गर्न कवि सफल भएका छन् ।

## ४.३ संरचना

बिहान उज्यालो हुने बेलामा पूर्वमा रातो लाली छाउदै सूर्यका किरणहरू यस ब्रह्माण्डलाई नै प्रकाशमय बनाउदै आफ्नो जिउँदो स्वरुप प्रस्तुत गर्न पुगेको भान हुन्छ । यसरी अगिल्लो पृष्ठमा ब्रह्माण्डको आकर्षण छ भने अन्तको पृष्ठमा कवि सरुविन्दको फोटो सहित उनको सामान्य परिचय साथै उनका प्रकाशित कृतिहरूको नामावली दिइएको छ । त्यस्तै गरी उनले पाएका पुरस्कार र सम्मानहरूपनि समावेश छ । यस कविता सङ्ग्रहमा जम्मा ४५ वटा कविताहरू सङ्ग्रहित छन् भने ती मध्ये सम्पूर्ण कविताहरू गद्यमा लेखिएका छन् र एउटा मात्र कविता “जननी जन्मभूमिश्च” पद्य शैलीमा लेखिएको छ ।

कवि सरुविन्दले “मेरो ब्रह्माण्डको जीवित सूर्य” २०६४ कृतिभित्रका कविताहरूमा विद्रोह, विसङ्गति र समाजका विकृत विकारहरूलाई उदाङ्गो पार्दै पाठक सामु पस्केका छन् । मूलुक र समाजभित्र छाएका अँध्यारा पक्षहरू साथै मान्छेहरूका पीडा, वेदना, आदिप्रति संवेदना प्रकट गर्न पुगेका छन् । वर्तमान अवस्थामा देशमा राजनीतिक विसंङ्गति, सत्तालिप्सा, भागवण्डा, र मानिसहरूमा देखिएको विकृति र वेवारिसेपन आदिको बिद्रोह अभिव्यक्त भएको पाइन्छ ।

यहाँका कविताले फरक-फरक सन्देश बोकेका छन् । सङ्ग्रहका कवितामध्ये राजनीति, अस्तित्वमूलक, चेतनामूलक सन्देशमूलक विविधतासँग सम्वन्धित रहेका सम्पूर्ण कविताहरूको छुट्टाछुट्टै अध्ययन तल गरिएको छ ।

## ४.४ मेरो ब्रह्माण्डको जीवित सूर्य कृतिभित्रका कविताहरू

### ४.४.१ विज्ञापन खुलेको छ !

“मेरो ब्रह्माण्डको जीवित सूर्य कृतिभित्रका कविताहरू मध्येको पहिलो गद्यमा लेखिएको कविता हो यो । यस कवितामा कविले देशमा भइरहेको विकृति र विसङ्गतिलाई उजागर गर्दै आफ्नो व्यङ्ग्यचेतलाई छताछुल्ल पोख्ने काम गरेका छन् । कवितामा कविले आफ्नो देशमा राजनीतिको विज्ञापन खुलेको यसैको पछि सबै लागेका र तथानाम दौडिरहेका छन् । राजनीतिको नाममा हुने गरेका विकृति विसङ्गतिलाई उनले राम्रोसँग औँल्याएका छन् भने अर्कोतर्फ समाजका विसङ्गति निम्त्याउने अनुहारहरू आफूलाई पर्दाभित्र राखेर सत्यको रुप सोझा-साझा जनतालाई आफ्नो जालभित्र फसाइरहेका र दु:ख दिइरहेको यथार्थ बोलिरहेका छन् । शान्तिको देश र बुद्धको देश भनेर चिनिने  हाम्रो देशको अस्तित्व आज वगरेको हतियारमा अडिएको छ । कविले कवितामा भिल्लको देशमा मणिको कुनै अस्तित्व नभएझैं यो देशमा शासन गर्ने शासकहरू भिल्ल हुन । उनीहरूलाई आफ्नो प्यारो देश (मणि) प्रति कुनै चिन्ता छैन । प्रत्येक आत्मा-आत्मामा घात प्रतिघात मौलाइरहेछ । देशको ढुकुटी रित्याएर राज गर्छौं भन्ने अपराधीहरूको कुकर्मदेखि वाक्क भएका छन् कवि । भाइ-भाइमा पनि विश्वासको अभाव रहेको यो समयमा खराब र कलङ्कित व्यक्तिले देशको नेतृत्व लिने त होइन, यसबाट कवि डराएका छन् जसले अपराध गर्छ, जो विश्वासघाती छ उही यो देशको ठूलो मान्छे बन्न खोज्दछ भन्ने व्यङ्ग्य चेतयुक्त छ कविता । कवितामा कवि भन्छन् :-

यो देशमा यसरी<br>
अपराधीहरूको दिन खुलेको छ<br>
असहिष्णुताको उन्मादमा विश्वासघाती<br>
जनताको छातीछातीमा गुडेको छ ।

के भर अबको पाली

हरेक वापतीलाई बहुमतमा

यो देशको सभापति हुन

विज्ञापन खुलेको छ ।

४.४.२भो नफर्क यो हस्तिनापुरमा !

मेरो ब्रह्माण्डको जीवित सूर्य कविता सङ्ग्रहमा सङ्कलित यस कवितालाई कवि सरुविन्दले सतहत्तर (७७) पङ्क्तिमा आबद्ध गरेका छन् । संरचनाका दृष्टिले यो कविता अन्य कविताभन्दा लामो देखिन्छ । यस कवितामा स्रष्टाले आफ्नो देशको अस्तित्वसँगै हराएको अथवा विदेशीएको छोरालाई देशको अस्तित्त्व हराइञ्जेल तिमी पनि नफर्क भन्ने किसिमको आग्रह गरेका छन् ।

दिनहुँ आफ्नो देशको खबर सोध्ने गरेको छोरालाई कविले देशमा बताउन लायक कुनै पनि खबर नभएको तीतो सत्यलाई उजागर गरेका छन् । यहाँ देशकालागि कैयौँ सपना वोकेका कवि आफ्ना सबै सपनाहरू चकनाचुर भएपछि सबैतिरबाट हात उठाएका छन् । आफ्नो मुटुभित्र देशप्रेम छताछुल्ल पोखिएतापनि सतहमा कवि देशप्रति निष्ठुरी बनेका छन् । देशको चिन्ता हटाएर उनी हल्का बन्न खोजेका छन् । यहाँ राजनीतिको नाममा हुने गरेको पानी बाराबार र जन्मदेखि मृत्युसम्म राजनीतिको जन्जाल फैलिएको देख्दा उनको मुटु चिराचिरा भएको छ । जुन देशको न्यायालय नै न्याय माग्न चर्च पसेको छ यस्तो देशले अन्यायले थिल्थिलिएका जनतालाई कुन किसिमको न्याय दिन सक्ला ? कवितामा कवि चिन्तित देखिन्छन् । देशको स्थिति यतिसम्म गिर्दै गएको छ जहाँ बाबुछोरावीच, दाजुभाइवीच र आफन्तवीच पनि आफ्नो पहिचान हराउदै गएको छ । त्यसैले कवि आफ्नो छोरालाई सम्झाउदै भन्छन्- “छोरा तिमीले यो देशको तीतो सत्यलाई आत्मासाथ गर्न नसकेसम्म स्वदेश नफर्क ।” यहाँ भ्रष्ट र तस्करका व्रिफकेश सुरक्षित छन् तर तिमी हामी जस्ता सोझा-साझा जनता

जालमा पर्न सकिन्छ छोरा । यसरी कविले आफ्नो देशको वर्तमान अवस्थाप्रति छोरालाई अवगत गराइरहेका छन् । कविले आफू मर्दा पनि आफ्नो छोरालाई किरिया बस्न नआउनु, दागवत्ती दिन नफर्कनु र बरखी नबार्नु जहिलेसम्म यो देश देश भन्न सुहाउँदैन त्यतिवेलासम्म देशमा नफर्कनु भन्ने आग्रह गर्दै कवि भन्छन् :-

म मरे पनि किरिया गर्न तिमी नफर्कनु
म सडेपनि दागवत्ती दिन तिमी नफर्कनु
म मरेको छु तैपनि बरखी नबार्नू

कविले देशको राजनीतिक गतिविधि सुर्धान सबै लाग्नुपर्ने सन्देश दिंदै नेपालीको पहिचान गुम्न नदिन कलात्मक भाषशैलीका माध्यमबाट आग्रह गरेका छन् । कविताको भाषा बौद्धिक साथै शैली तार्किकपूर्ण छ ।

४.४.३ इन्क्लाव जिन्दावाद !

प्रस्तुत कविता पनि कवि सरुविन्दको “मेरो ब्रह्माण्डको जीवित सूर्य २०६४” कविता सङ्ग्रहमा सङ्कलित मध्येको अर्को कविता हो । यस कवितामा कविले राजनीतिको नाममा तथानाम हुने गरेको भाषण र नारावाजीलाई औंल्याउन पुगेको पाइन्छ ।

यहाँ स्रष्टाले देश एकातिर पीडैपीडाले छट्पटाईरहेको छ मन्त्रीज्यू अर्कोतर्फ झुट्टा र अस्तित्वहीन भाषण फलाक्दै हिडिरहेका छन् । परिवर्तनका पदचापहरूमा भाषण फलाके पनि, समानताका स्वरहरू उरालेर कराएपनि, पुस्तक विमोचनमा मन्त्रीज्यू पाल्नुभएतापनि सडकमा भुस्याहा कुकुरसँगै यो देशमा खातेहरू सल्बलाइरहेका छन् । नारीका हक अधिकारका जतिसुकै चर्का भाषण र नियम बनाएपनि नारी अस्मिता सङ्कटमा परिरहेको छ । कवि आफैले आफैलाई प्रश्न गरिरहेका छन् ए कवि के लेख्छौ कविता ? यहाँ तिम्रो नै परिचय छैन । कविको ठेगाना नपाएर हल्करासँगै कविताको रोयल्टी फर्केको छ यहाँ । दयनीय यो देशमा प्रत्येक

नेपाली आ-आफ्नो लालपूर्जा बोकेर घर दैलोमा हिडिरहेका छन् । जागिरको नाममा मौन छ यो देशको नेतृत्व पक्ष । देश कर्फ्यू लागे झै मौन छ । हराएको अस्मितालाई फर्काउन खोज्दै, प्रभाति किरणले यस देशलाई चुमाउन यो देशका सम्पूर्ण नागरिकहरू सस्वर रुपमा कराइरहेका छन् नाराहरू घन्काइरहेका छन् । - इन्क्लाव जिन्दावाद !

विद्रुपता विरुद्ध नाराहरू अर्थात् जन ध्वनीहरू बारम्बार प्रकट भइरहेका छन्, भइरहनुपर्छ । यो विरोधी आवाज यथास्थितिप्रतिको विरुद्धमा आएको छ साथै मान्छे परिवर्तन भएर पनि चिन्तनमा पुरानै प्रवृत्ति रहेको यर्थाथ कवितामा व्यक्त छ ।

### ४.४.४ रौतहट !

प्रस्तुत कविता कृतिभित्रको सबैभन्दा छोटो कविता हो रौतहट । जम्मा १० पङ्क्तिमा संरचित यो कविता ठाउँ विशेषसँग सम्बन्धित छ । कविले यस कवितामा रौतहटको महिमागान गाउँदै रौतहट कसैसँग कानेखुसी गर्न जान्दैन र चुपचाप रहन पनि जान्दैन भनेका छन् । आफ्ना मनका कुरा प्रष्ट खोल्छ, हाकाहाकी सबैका सामू टेबलमा राख्छ साथै रौतहट आफू नाङ्गै भएर पनि कपडाको व्यापार गर्छ । आफू भोकभोकै बसेर पनि अन्नको गोदाम ठड्याउछ । रौतहटको महिमा गान गाउँदै काठमाण्डौंलाई छि छि र दुरदुर गर्न पुग्छन् कवि यस कवितामा । कविताले आफ्नो उदारता र त्यागी प्रवृतिलाई बोकेको छ । शासन गर्ने लाइसेन्स लिएका राजधानी र त्यसभित्रको हैकमीवादको तीव्र विरोध गरेको छ । स्थान विशेषलाई लिएर लेखिएको कवितामा भाषाशैली सरल, सहज र तार्किक देखिन्छ ।

### ४.४.५. मेरो रौतहट !

सङ्ग्रहमा आबद्ध मध्येको स्थान बिशेषसँग सम्वन्धित कविता हो । 'मेरो ब्रह्माण्डको जीवित सूर्य' कविता सङ्ग्रहमा सङ्कलित यस कवितामा कविले विशेष

सहानुभूति व्यक्त गरेका छन् । अन्य कवितामा जस्तै यस कवितामा पनि कविको दार्शनिक पक्ष सलबलाएको, बौद्धिक पक्ष उचालिएको छ ।

कवितामा कविले रौतहटप्रति सहानुभूति प्रकट गर्दै भनेका छन्- 'जसरी धृतराष्ट्रको सभामा रजस्वला भएकी द्रौपदीले आफ्नो सतित्वलाई बचाउन सकेकी थिइनन् त्यसैगरी यो रौतहट पनि हरक्षेत्रबाट पीडित छ, टिठ लाग्दो छ र निर्लज्ज पनि बनेको छ ।' कविले रौतहटप्रति भएको व्यभिचारी पनको उजागर गरेका छन् । वर्षै पिच्छेका विद्रोहका बाढीहरूले रौतहटको धन र तन मात्रै हैन मनै बगाइसक्यो तैपनि यो देशका शासक रौतहटको विचल्लीप्रति मौन छन् । नुन खाएको कुखुरा झैं झोक्रिरहेका छन् । आखाँ हेरेर पनि चिम्लिएका छन् । ती नीति नियम र संविधान नसुनेको, नपढेको र नभेटेको धेरै भयो । उनले रौतहटको नाम निशान हराउन लागेको देशको भूगोलभित्र रौतहट जिल्ला ठम्याउन गाऱ्हो भएको कुरा प्रकट गरेका छन् । प्रकृतिले समाजभित्रका जातजातिको असहिष्णुताले सिङ्गो रुपमा यो देशका शासक वर्गले दृष्टि दिन नसक्दा रौतहटको दुर्गतिप्रति कवि मर्माहत देखिन्छन् । आफू कर्मचारी भएर रौतहटमा कार्यरत रहदा यस जिल्लाप्रतिको दायित्व कलात्मक रुपमा कवितामा पोखेका छन् ।

### ४.४.६ मेरो कविता !

यस कवितामा कविले आफ्ना कविताको परिचय दिएका छन् । आफ्ना कवितालाई नजिस्काउन आग्रह गर्दै आफ्ना कविता कम शक्तिशाली र प्रेरणादायक नभएको बताएका छन् कविले । आफ्ना कविताको गुनासो यसरी व्यक्त गर्छन कवि ।

कविताको परिचय दिने क्रममा कवि भन्छन्-मेरा कविता आफैं नाङ्गिएका सुपर्णखा र मेडोना होइनन् बरु हुन् द्रौपदीको रक्षार्थ वस्त्र भण्डार साथै दुःशासनको वध गर्न फुकाइएका द्रौपदीका केशराशी । कवि भन्छन् मेरा कविता अवसर मिल्दा पिण्डखाने भिक्षापात्रमा भरिएका चामलका कनिका नभई पहाड पगाल्ने क्षमतावान

प्रेरणाश्रोत हुन् । आधुनिकताको नाममा ओठका लाली र गालाका पाउडर अनि अत्तर छर्केका ब्रा र पेन्टी नभई उनका कविता शरीर ढाक्ने धुजा धुजा परेका टोपी, भोटो कछाड हुन् । यो देशको संङ्कटालाई छुटाउदै साक्षत शेष नाग र प्रज्वलित सौर्यवाद हुन मेरा कविता भन्दै आफ्ना कविता अत्यन्त शक्तिदायक र प्रेरणादायक भएको दावी गर्न पुग्छन् । जसरी साहित्यकारले आफ्नो साहित्यका माध्यमबाट समाज परिवर्तन गर्न सक्छ त्यसैगरी उनका कवितापनि समाज परिवर्तनका संवाहक रहेको धारणा स्वंयम कवि व्यक्त गर्छन् । सानो संरचनामा लेखिएको कविता गद्यमा भएपनि अन्तर्लय प्रदान छ । कवितामा प्रयुक्त भाषा अत्यन्त सरल, सहज छ ।

४.४.७ भन मलाई मान्छे भनेर किन गिज्यायौ !

यस कवितामा कविले वर्तमान अवस्थामा मान्छे मान्छे बन्न नसकेको, मान्छेमा आफ्नो आचरण व्यवहार र नैतिकता हराएको वास्तवमा मान्छे जस्तो हुनुपर्ने हो अर्थात मानिस मानिस जस्तो हुन नसकेकोमा रुष्टता प्रकट गर्छन् कवि ।

यस कवितामा कवि आफूलाई मान्छे हुँ भनेर गर्व गर्न चाहदैनन् त्यसैले मान्छे भनाउँदाको समूहबाट आफूलाई अमान्छे घोषणा गर्दै अलग्गिन चाहन्छन् । कवि आफूलाई कसैले मान्छे भनेर सम्बोधन गर्दा कवि रिसाउने झोक्किने गर्छन र भन्छन् 'मैले तिमीहरूको केही बिगारेको, खाएको, लाएको छैन । कवि भन्छन्-मान्छेले मान्छेलाई तिरस्कार गरेको देखेर आफू मान्छे भएर बाँच्न नसकेको, हाँस्न नसकेको कुरा प्रकट गर्छन् कवितामा । राक्षसहरूको बस्तीभित्र, पिचासहरूको गस्तीभित्र आफूलाई मान्छे ठानेको छैन भने मलाई किन मान्छे भनेर गिज्यायौ ? कवि आफूलाई मान्छे भन्नेहरूलाई प्रश्न गर्दै आफूभित्रको रुष्टता प्रकट गर्छन् । मेची र महाकाली हैन यहाँ आफैं बेचिने बेला भएको र कुनै किसिमको दायित्व नरहेको, नेतृत्व पक्षले देशमा स्थापित लोकतन्त्रलाई भिल्लको देशमा मणि बनाएको छ । मान्छेले मान्छेको दायित्व पूरा गर्न नसकेकोमा मान्छे हुनुको गर्व हराएको समयमा म आफूलाई कसरी मान्छे

स्वीकार्न सक्छु भन्ने धारणा कविको छ । देशमाथि वलत्कार भइरहेको बेला मूकदर्शक बन्ने म जस्तो मान्छे कसरी मान्छे हुन सक्छु ? कवितामा मान्छे रुपले मात्र मान्छे बनेको र अर्न्तवस्तुमा त्यसको अभाव रहेको निस्प्राण शरीर वा आत्मा पहिचान हराएको ठान्छन् । आफ्नो अस्तित्व र अस्मिता भङ्ग भएको अवस्थामा मान्छे कसरी मान्छे हुन्छ त्यसैले आफूलाई मान्छे भनेकोमा व्यङ्ग्य गरेको र गिज्याइरहेको अनुभव गर्छन् कवि कवितामा ।

### ४.४.८ मेरो देश र म !

प्रस्तुत कविता मार्फत् स्रष्टाले आफ्नो देशमा हुने गरेका यर्थाथ पक्षको चित्रण गरेका छन्  अनि आफू र आफ्नो देशको अस्मिताको प्रश्न उठाइरहेका छन् कविले ।

कविले आफ्नो देशको स्वाभिमान करोडौ माग्ने हातहरूमा थरथर कामिरहेको देख्छन् र देशको रक्षार्थ आफ्नो बलिदान गर्ने शहिदको कुनै मूल्य छैन भन्छन् उनी । सार्वजनिक ठाँउमा यातायात बन्द र नाराबाजीमा नै मेरो देशले स्वतन्त्रता खोजिरहेको छ । देशमा व्यक्ति व्यभिचार विरुद्ध उजुरी गर्दा सुरक्षाकर्मीबाट पालैपालौ बलत्कृत आफ्नो सतित्व खोज्न न्यायको ढोका घच्घच्याइरहेका छन् । सगरमाथाको छातीमा बुट बज्रदा कविलाई कविता सिर्जनामा चोट पुगेको छ । मानव अधिकार दिवस मनाउँदै नख्खु र भद्रगोल बन्दीप्रति लेखिने कविता पनि पिछडिएको कवि स्वयम्‌ले महशुस गरिरहेका छन् । यहाँ सालनालसहित बगेको शिशुको जन्मोत्सवका गीतहरू लेख्न बाध्य गराइएको छ । आफ्नै छातीमाथि पहिरो जाँदा पनि अरुकै खटनपटनमा कवि समेत दौडिरहेको जानकारी गराउँदै यस कविताका माध्यमबाट आफ्नो देशको अस्तित्व जोगाउन देशमा हुने गरेका क्रियाकलापले आफू समेत पछि परेको वास्तविकतालाई कविले यहाँ प्रस्तुत गरेका छन् । यो कविताले बोलेको असन्तुष्टीभित्र स्रष्टाको व्यङ्ग्य चेतना सशक्त विउँझेको पाइन्छ  भने कवितामा तार्किक, बौद्धिक र जोसिलो भाषाको प्रयोग पाइन्छ । ठेट नेपाली शब्दको प्रयोग र अर्न्तलयात्मकताले कवितालाई सुरम्य बनाएको छ  । कवितामा वर्तमानको युद्ध ग्रस्त जीवनका विवशतालाई व्यक्त गरिएको छ ।

४.४.९अस्मिता खोजिरहेको बेला !

सङ्ग्रहमा आबद्ध मध्येको एक उत्कृष्ट गद्य कविता हो । यस कवितामा पनि कविको राष्ट्रभक्तिको भावना छताछुल्ल पोखिएको छ ।

जनताको धेरै लामो त्याग वलिदानले प्राप्त लोकतन्त्रलाई नवजात शिशुको संज्ञा दिंदै यति धेरै दुःख कष्ट गरेर लामो त्याग र बलिदानबाट प्राप्त लोकतन्त्रलाई आवश्यक स्याहार संभार गर्दै यसलाई फलाउने फूलाउने व्यवस्था मिलाउनुपर्छ भनेका छन् कविले । भर्खर जन्मेको नवजात शिशुलाई यहाँ निमोठ्ने चिमोट्नेहरू पनि छन् । लोकतन्त्र विरोधीहरूबाट यसलाई जोगाएर नवजात अवस्थाबाट हुर्काउनु छ, बढाउनु छ । कवितामा देशप्रेमको भावनालाई छताछुल्ल पोख्ने काम गरेका छन् कविले । लामो पखाईपछि जनताको योगदान र बलिदानको उपजस्वरुप प्राप्त लोकतन्त्रमाथि वैरीबाट आक्रमण हुन सक्छ भन्ने आशंका छ उनमा । राष्ट्र भक्तिको उच्च स्वर प्रस्तुत कवितामा मुखरित भएको  पाइन्छ । सरल भाषाको माध्यमबाट आफ्नो गहन भावना कवितामा व्यक्तिएको छ ।

४.४.१० एकछिन तिमीसँग !

प्रस्तुत कविता कवि सरुविन्दको थुप्रै बिम्ब र प्रतीक प्रयोग भएको महत्वपूर्ण कविता हो । प्रस्तुत कवितामा कविले सुन्दरीको उपमा दिदै सुन्दरीका माध्यमबाट आफ्नो राष्ट्रिय भावना व्यक्त गरेका छन् ।

कविले सुन्दरीसँग आफ्ना मनका बहहरू पोख्ने सन्दर्भमा यो कविता लेखेका छन् । सुन्दरीले गाएका गीतहरू सुन्दा कविलाई व्याधाले मृग डाँकेको भान भएको कुरा कवितामा उल्लेख गरेका छन् । तिम्रै सिरानीमा थुप्रै सर्टिफिकेट हुँदा आफू आफ्ना पाखुरामा निदाएको कुरा कवि व्यक्त गर्छन् भने अर्कोतर्फ कविको राष्ट्रवादी भावना पनि उत्तिकै मुखरीत भएको पाइन्छ । यो पशुपतिको पावन भूमिभित्र मनपरी रुपमा देश बेच्नेहरू नजन्माऊँ । माछापुच्छ्रेलाई रुवाउदै देशबेच्नेहरू जन्माउनु हुँदैन । हिजो

नालापानीको लडाइँमा थुप्रै भूमि गुमिसकेको छ अब फेरि कालापानी गुमाउने व्यक्ति जन्माउनु हुँदैन । यसकोलागि पशुपतिका उन्मक्त भैरव साक्षी राख्दै राष्ट्र जोगाउनु छ, देश बचाउनु पर्छ भन्ने मूल सन्देश यस कविताले व्यक्त गर्न खोजेको छ । कवितामा वर्तमान देश चलाउने शासकहरू आफ्नो स्वार्थ लिप्सामा लागेको प्रति कविले दुःख व्यक्त गर्न खोजेका छन् । देशखाने विरोधी विरुद्ध उग्र भैरव शक्तिको प्रयोग हुनुपर्छ भन्ने क्रान्तिकारी भावना कवि व्यक्त गर्दछन् ।

४.४.११ म दुख्दा देश नै दुख्ने गरेको छ !

सङ्ग्रहमा सङ्ग्रहीत यस कवितामा कति देशभक्तिको भावना रहेछ, देशप्रति कवि कति आशक्त रहेछन् भन्ने कुरा यस कविता मार्फत व्यक्त भएको छ ।

कविले आफूलाई दुख्दा देशलाई दुखेको, आफू रूँदा देश रोएको अत्यन्त आलङ्कारिक भावना व्यक्त गरेका छन । देशलाई मनमा राखेका छन्, मुटुमा स्पन्दित गराएका छन् र भनेका छन्-अलिकति बाटो विरिएता पनि यो देशको अनुहार र अनुकम्पाहरू पानामा सजिए झैं परेलीहरूमा सजिन सक्छन् । यहाँ कविलाई देशप्रतिका आफ्ना जिम्मेवारी र जिज्ञासालाई पूर्णविराम लगाइदै छ । उनले देशभित्रको आफ्नो घरलाई विभिद कोणबाट हेर्दा घरको भुँई त भएको तर भित्ताहरू नभएको, दलिन भएपनि घर थाम्ने थामहरू नभएको, छत भएपनि ओत नभएको भन्ने भावना व्यक्त गरेका छन् । आफू नहुँदा घर भत्कन लागेको, बारी पर्तिन थालेको र घरका भित्ताहरू चर्किन थालेकोले आफ्नो घरको जस्तै देशको अवस्था भएको कुरा प्रतीकात्मक रुपमा व्यक्त गरेका छन् ।

आफू स्वतन्त्र रहेको खण्डमा आफ्नो हिंडाईबाट विश्व एकैचोटी नाप्न सक्ने र सिङ्गो बुद्ध बोकेर लुम्बिनी घुम्न सक्ने बताउँछन् कवि । जसरी कविको घर भत्किएर खेर गइरहेको छ त्यसैगरी यो देशका सीमा तराई खण्ड र सगरमाथाको अस्तित्त्व लोप हुन लागेकोमा चिन्तित छन् कवि । कवितामा देशप्रतिका गहन भावना व्यक्त भएका

छन् । विभिन्न बिम्बप्रतीकले कविता ओजिलो बनेको छ । आफूभित्रको दार्शनिक भावना व्यक्त गर्दै कवि भन्छन् :-

भत्केन लागेका घरका भित्ताहरूलाई मैले
देशका सीमानासँग दाँज्ने गरेको छु
खस्कन लागेका छतहरूलाई मैले
सगरमाथाको अस्थित्वसँग आँक्ने गरेको छु
मैले त्यही घरको मझेरीमा सुकाउनु पर्ने विस्कुनहरू
तराईका फाँट र हिमालका काखहरूसँग गाँस्ने गरेको छु ।

४.४.१२ भो कमरेड माटो नखोस्र !

यस कवितामा कविले देशका लागि आफ्नो अमूल्य जीवनदान दिने महान् सहिदहरूप्रति श्रद्धा र सम्मान गर्नुपर्छ भन्ने प्रसङ्गलाई औंल्याउन खोजेका छन् ।

"आउदैन बिहानी तारा झरेर नगए बन्दैन मूलुक २, ४ सपूत मरेर नगए" भन्ने कवि भूपि शेरचनका कविता जस्तै यहाँ पनि कवि सरुविन्दले बिहानी आउनका लागि रात खर्चनु पर्छ र रात आउन सिङ्गो दिन खर्चनु पर्छ भन्ने प्रसङ्ग औंल्याएका छन् । जसरी वैशाख आउन चैत आउनै पर्छ त्यसैगरी मुठी खाएर मुरी भित्र्याउन मंसिर आउनको लागि असार आउनै पर्छ अनि वीर सहिदहरूको सपना साकार नपारिएमा अनर्थ हुन सक्छ भनेका छन् । यो देशलाई सिध्याउने कुपुत्रहरू जन्मन सक्छन् । जहाँ सहिदको सच्चा सम्मान र मूल्याङ्कन हुँदैन त्यहाँ भिल्लको देशमा मणि कौडीको मोलमा बेचिए जस्तै सहिदहरूले दिएको स्वतन्त्रता र प्रजातन्त्र पुनः गुम्न सक्छन् । निरकुंश र तानाशाहहरूले मुन्टो उठाउन सक्छन् तसर्थ कमरेड सहिदको सम्मान गर्न सिकौं भन्न पुग्छन् कवि । आत्मत्याग गरी देशको स्वतन्त्रता कायम गर्नेहरू सम्झन आग्रह गरेका छन् कविले । थुप्रै बिम्व प्रतिकको प्रयोग भएपनि कविता सहज र सरल छ ।

४.४.१३ जसरी बगेका छन् वाग्मती र विष्णुमतीहरू !

कवि सरुविन्दको कविता कृतिभित्रको यस कवितामा जताततै भोका, नाङ्गा र अनाथहरू देखेर कवि देशको परिवर्तन खोजिरहेका छन् । नयाँ वर्षको शुरुवातसँगै नयाँ बिहानी ल्याउने शङ्खघोष कविले कवि भवनबाट गरिरहेका छन् । विश्वमा थुप्रै घटनाहरू घटे । त्यसको असर अफ्रिका र अजिजियामा मात्र होइन हेव्रोनमा कुरागरी नसक्नु भयो । अझ हिरोसीमा त ठूलो बम नै खसालियो । यहाँ निरन्तर रुपमा एकपछि अर्को घटना घटिरहेका छन् । थुप्रै पीडाका शब्दहरू पोख्दै कविताभित्र रहेका हरेक समय र पलहरूमा अनेक दुःख कष्ट सहेर भएपनि देशबाट अँध्यारो र अन्धकार हटाएर उज्यालो ल्याउनको लागि  घर घडेरी मिल्काएको र सगरमाथाको अस्थित्व बचाउन आफ्नो गाँसबास सिध्याएको कुरा व्यक्त गर्छन कवि । हरेक दुःख कष्ट सहेर भएपनि थुप्रै आरोह अवरोह खेपेरपनि अगाडि वढ्नुपर्छ निरन्तर रुपमा चल्नुपर्छ भन्ने भाव कवितामा व्यक्त भएको पाइन्छ । प्रतिकात्मक शैलीमा लेखिएको यस कविता अर्न्तलयात्मक छ । आयामगत रुपबाट हेर्दा कविता मध्यम खालको देखिन्छ र ठेट नेपाली शब्दको प्रयोगले भाषा सरल छ, मिठास छ ।

४.४.१४ मेरो कविताभित्र मेरा सन्ततिहरू !

'मेरो ब्रह्माण्डको जीवित सूर्य' कृतिभित्रको यस कवितामा कविमा रहेको राष्ट्रभक्ति र देशप्रेमको भावना बौद्धिकताका माध्यमबाट व्यक्तिएको पाइन्छ ।

कविताभित्र आफ्ना सन्ततिलाई नियाल्दै देशको सुरक्षा र सार्वभौमिकता जोगाउन सक्ने असल छोरा जन्मन नसकेकोमा कविले आफ्नो कविताभित्र छोरो नजन्मोस् भन्ने कामना गरेका छन् किनकि कविमा विश्वास छैन वीर सपूत जन्मन्छ भन्ने र विश्वास छैन फेरि बुद्ध जन्मन्छ भन्नेमा । यहाँ जताततै राक्षसी प्रवृति मात्र देखेका छन् उनले । राक्षसी प्रवृतिले उनी लखेटिएका छन् । मान्छे कहीं कतै भेटेका छैनन् । जताततै महिषासुर देख्छन्, रक्तवीज, खरदुषर्ण र रावण भेट्छन् कवि ।

दुःशासन सुपर्णखा र दुर्मुखाले लखेटिएको अनि चण्डमुण्ड, शुम्भ र निःशुम्भले खेदिएको पाउँछन् आफ्नो समयको समाज । त्यसकारण यस्तो समयमा सन्तान जन्माउन हुँदैन, ज्यूँदै मर्नसक्छ, मारिन सक्छ भन्ने भाव कवितामा व्यक्त भएको पाइन्छ । यस कवितामा कवि आफ्नी श्रीमतीलाई सम्झाउन पुग्छन् । यस्तो समयमा जन्मेको सन्तान राम जस्तो हुन सक्दैन, कृष्ण जस्तो बन्न सक्दैन । यो समय सन्तान जन्माउन उचित छैन भन्ने आग्रह छ कविको । कवि कवितामा भन्छन्- जसरी सीता, द्रौपदी र भृकुटीहरू सुतेका छन् त्यसगरी नै सुतेका छन् यो देशको सुरक्षा र सार्वभौमिकता खोज्नेहरू । मान्छे बाँचेको सार र पुरुषत्त्वको कुनै अस्तित्त्व भेट्दैनन् कवि तैपनि देशमा उज्यालोको पर्खाइमा छन् उनी । कसरी जन्माउने असल सन्तान भन्ने चिन्ता छ कविमा । यसरी कविले आफ्नो कविताभित्र मान्छे पुरुषत्त्वहीन र पलायन भएको तर असल सन्तान जन्मन नसकेकोमा चिन्ता व्यक्त गरेको छन् । अत्यन्त सरल भाषा कवितामा पाइन्छ । ठेट नेपाली शब्द चयनले कविता आलङ्कारीक बनेको छ । वर्तमान मानव र तिनको कार्यप्रति असन्तुष्टि व्यक्त भएको पाइन्छ कवितामा ।

### ४.४.१५ ख्वै के लेख्नु कविता !

सङ्ग्रहमा आबद्ध यस कवितामा कविले कविता लेख्नुको कुनै औचित्य नभएको गुनासो व्यक्त गरेका छन् ।

जसरी भिल्लको देशमा बहुमूल्य वस्तु (मणि) लाई कसैले चिन्न सक्दैन त्यसैगरी यहाँ कविता लेख्नुको कुनै औचित्य नभएको भाव कवि व्यक्त गर्छन । आज कविताको अवमूल्यन भइरहेको पाउँछन् कवि । कविताले सबैको निद्रा भगाउने, सबैलाई ब्युँझाउने हुनुपर्नेमा उल्टो जुठेल्नोको सितो जस्तो बनेकोमा कवि चिन्ता व्यक्त गर्दै भन्छन्:- कविता लेख्दालेख्दै कवि टाट पल्टेको छ । त्यही कविता बगरेको भित्तामा चिता बनेर सडेको छ यसकारण कविता लेख्नुको कुनै औचित्य देखेका छैनन् कविले । अन्धकार र अशिक्षा हटाउने कविता सबैलाई सुनिदिन आग्रह गर्छन कवि ।

कविताको कोलाहलमा कठ्याङग्रीएर, कविता चिन्न नसकेर हराउन थालेको कविताको मर्म नबुझ्रेर, कविता सुन्न छाडेकोमा चिन्तित छन् कवि । यही मार्मिक र पीडादायक भावना यस कवितामा व्यक्त भएको पाइन्छ । साहित्यकार स्वंम् कवि कलाकारका मर्म वेथालाई राष्ट्रले वास्ता नगरेको दुखेसो तार्किक रुपबाट व्यक्त गर्छन कवि ।

४.४.१६ दुःशासनले राज्य हारेको छ !

सङ्ग्रहमा आबद्ध मध्येको विशिष्ट अर्थ बोकेको यस कवितामा कविले देशको सामाजिक, राजनीतिक विकृति विसंगतिप्रति पर्याप्त व्यङ्ग्य गरेका छन् भने अर्कोतर्फ विश्वमा भइरहेको अशान्ति र हिंसा प्रतिको आक्रोश पोखेका छन् ।

यहाँ नेतृत्वले जितेको, नेताहरूले जितेका बाजी मारेका छन् । यो जुवाको खाल जस्तै छ र पटक पटक राज्यले हारेको छ । निर्वस्त्र साडी तानेर नङ्ग्याउदा पनि कोही बोल्दैन । न कानूनले काम गरेको छ न संविधानले । लोकतन्त्रका नाममा पानी बाराबारको स्थितिप्रति कविले पर्याप्त व्यङग्य गरेका छन् । नेपालमा छुवाछुत प्रथा त आदिम कालदेखि नै थियो तर लोकतन्त्र पछि पनि छोइछिटो प्रथाले नयाँ कोल्टे नफेरेको वस्तुस्थितिप्रति कवि काफी विद्रोही बनेका छन् ।

यहाँ कविले छोरालाई इतिहास पढ्न आग्रह गर्छन् । सगरमाथाको उचाइ थप्ने तेन्जिङ र शान्तिको देश भनेर चिनाउने बुद्धलाई चिन्न इतिहास पढ्नुपर्ने भएको छ । प्रत्येक राजनीतिक पार्टीका घोषणा पत्रमा वीर नेपालीहरूले रगत बगाएको कतै उल्लेख छैन त्यसैले कविले आफ्नो छोरालाई सम्झाउँदै भन्छन्- तिमीले इतिहास पढ् तिमी बेचिने छैनौ । यदि यो देशका दुःशासक जस्तै तिमी हामी भयौं भने यो देशपनि ताइवान र सिक्किम जस्तै बन्न सक्छ छोरा । एशियाका मध्येपूर्वका देशहरूमा आज जुन भयावह र भयानक, हत्या हिंसा र अशान्ति भइरहेका छ यो देशमा पनि त्यस्तै हुनसक्छ र हामी पनि घर न घाटको बन्न सक्छौ छोरा । त्यतिबेला देशको अस्तित्त्वको त के कुरा हाम्रा हाड छाला र नङ्ग्राहरू पनि रहने छैनन् छोरा । साम्राज्यवादीहरूका

तराजूहरूमा हाम्रा काँचो मासु जोखीने छ, तातो रगत तौलिने छ त्यसैले यी अवैध विज्ञापनका टेण्डरलाई तोड्नुपर्छ भन्दै कवि भन्छन्:-

बढाबढ हुन सक्नेछ ग्लोबल टेन्डरहरूमा
गन्ती गर्दै मासु हाड, छाला र रगतको
साम्राज्यवादीहरूका तराजूहरूमा !
छोरा त्यो वेला !
काँचा मासुहरू ज्यूदैं जोखिने छन्
रगतका फाल्साहरू तात्तातै बेचिनेछन् ।

यसरी छोरालाई यो देशमा नफर्कन र र्फकदा वीर योद्धा बनेर फर्कन अथवा पहिचान लिएर फर्कन आब्हान गरेका छन् कविले । कवितामा थुप्रै बिम्ब र प्रतीकको प्रयोग भएको छ । भाषामा मिठास र ओजिला शब्दहरूको प्रयोग भएको छ । तार्किक रूपमा कविता प्रस्तुत भएको यो कविता अत्यन्त आलङ्कारीक छ ।

### ४.४.१७ उठ छोरा उठ !

कविताका शीर्षकहरूसँगै सङ्ग्रहभित्रको प्रस्तुत कविता विशिष्ट अर्थ बोकेको कविता हो । प्रस्तुत कवितामा कविले वर्तमान विश्वसमाजले ज्ञान विज्ञानको विद्यालाई बुझ्न व्यापक समाज र दृष्टिलाई बुझ्नुपर्छ । निष्कृय अवस्थामा रहेका आफ्ना सन्ततिलाई समाज र देशका निम्ति केहीगर्न चौतर्फी ज्ञानको आवश्यकता बोध गराएका छन् ।

विश्वमा जताततै अशान्ति र कोलाहल मच्चिएको, मन्दिर र मस्जिदहरू भत्किएको, मानिसहरू सुत्न नसकेर जागा बस्नुपरेको, कही मानिसहरू अणुवममाथि सुतेका कही उठेका र बमहरू पड्काइएका छन् । यी यावत् घटनाहरू छोरालाई बुझ्न आग्रह गरेका छन् कविले । मिसायल र अणुवमहरू पड्केमा विश्व चेचनिया र जेरुसेलम जस्तै भएर अस्ताउने छ, त्यसैले छोरा उठ, जाग, जसरी सगरमाथा र

कञ्चनजङ्गाहरू उठेका छन् । कवितामा मान्छेका वीभत्स गिंड र पिण्डहरू देखेर डराएका जापानीहरू रुखको पात हल्लिदा पनि गुहार माग्ने गर्छन् त्यसैले छोरा शान्तिको उद्यान लुम्विनी पनि भोलि त्यस्तै हुनसक्छ भन्दै यो देशलाई सुन्दर बनाउन जाग्न पर्ने आग्रह कविले गरेका छन् । विश्व मानचित्रबाट धेरै देशहरू हराइसके, जायर र लेवनानका सीमानाहरू मिचिइसके, धेरैको अस्तित्त्व लुटिएको छ । थुप्रै देशहरू भिक्षाको लागि शरण परेका छन् तिमी नउठे यो देशको हालत पनि त्यस्तै हुन्छ । उठ छोरा उथलपुथल नहुदै उठ तिमी नजागे हाम्रो जीवनको अस्तित्त्व हराउन सक्छ, सिक्किम र सर्वियाको जस्तै त्यसैले मूलुकलाई ज्यूँदै मर्न नदेऊ भन्ने मार्मिक भावना कविले यस कवितामा व्यक्त गरेका छन् ।

चेतनाको आग्रहसंगै ध्वस्त वर्तमानलाई पुर्ननिर्माण गर्न प्रेरणा जगाउने यो कविता प्रतीकात्मक भावमा व्यक्त छ । यहाँ कविले सरल भाषाका माध्यमबाट जोसिलो भावना प्रस्तुत गरेका छन् । राष्ट्रप्रति कवि अत्यन्त संम्वेदनशील देखिन्छन् ।

### ४.४.१८ हुलाक र जेलसार !

प्रस्तुत कवितामा कविले सामाजिक समसामयिकताप्रति व्यङ्ग्य प्रहार गरेका छन् । विभिन्न बिम्बप्रतीकका माध्यमबाट कविले कर्मचारी वर्गका पीडा व्यथालाई औंल्याउन पुगेका छन् । हुलाकका कर्मचारीहरू कारागारमा थुनिएका कैदीझैं भएको बताउछन् कवि । कवितामा देशको नेतृत्व सम्हाल्ने नाइके भनाउँदाहरूले निमुखा सोझासाझा व्यक्तिलाई कैद गर्दै नृत्य प्रदर्शन गरेको भान कविलाई भएको छ । भनिन्छ दशैं तिहारको टीका थाप्दा शुभ होस्, मङ्गल रहोस् तर त्यसको ठीक विपरीत जतातत‍ै अशुभले शुभमाथि विजय पाएको छ, न्यायलाई अन्यायले जितेको छ । कवि प्रश्न गर्छन् यस्तो समयमा के टीका थाप्नु ? यो देशमा ईश्वर छैन्, ईश्वरले बास पाएन यहाँ । पापीहरूको संख्या बढेपछि ईश्वर मसानघाटतर्फ लागेको छ भन्ने भाव यस कवितामा व्यक्त भएको पाइन्छ ।

ईश्वरवादी चेतना भएको प्रस्तुत कविताभित्र विदा उपभोग गर्न नपाउने कर्मचारीका पराधीन व्यथालाई कोट्याउने प्रयास गरेको देखिन्छ । कविता छोटो आयामभित्र संरचित छ। भाषा सरल र शैली व्यङ्ग्यपूर्ण छ।

४.४.१९ खबरदार संसद चलिरहेछ !

देशको वर्तमान राजनीतिमा देखिएको विकृति विसंगतिको पर्दाफास गर्दै जुठेदाइलाई पात्र बनाएर विभिन्न प्रतीकका माध्यमबाट मनका बहहरू पोख्ने काम गरेका छन् कविले यस कवितामा।

यस देशका राजनीतिक पार्टी र सांसदहरू सबै आ-आफ्नो स्वार्थ पूर्तिमा लागेका छन् । देश बेचिएको, सीमाना मिचिएकोमा सांसदहरूलाई केही वास्ता छैन । देशको ढुकुटी कसरी सोर्होने, राष्ट्रिय सम्पदा बेच्न र हसुर्नमा सांसद र राजनीतिक पार्टीहरू लागिपरेका बताउछन् कवि । यो देशका मन्त्रीहरूलाई आफ्नो पद, कुर्चीको मात्र पीर छ देश कसरी बनाउने भन्ने कुनै चिन्ता छैन । कविले भन्छन्:- संसद चलिरहेको छ, संसदले थुप्रै कुरा पारित गरेको छ। सांसदहरूलाई पेन्सन भत्ता र पजेरो बाँडेको छ तर देश कंगाल भएको सांसदलाई वास्ता छैन । यहाँ मन्त्रीमन्त्रीमा कुर्ची तानातान छ, आफू आफूमा हानाहान छ । सांसदको पजेरोको ऋण जनताको पुर्पुरोमाथि फँसेको छ । कविले जुठेदाइलाई देशको खबर सुनाउँदै नेता पाल्न चन्दा उडाउनु पर्ने भावना व्यक्त गरेका छन् । गरीव दुःखी र आहतले राहत पाएका छैनन् यहाँ। बाढी पीडितलाई उद्धार गर्ने हेलिकप्टरमा गएकी मन्त्री पत्नीको खुट्टो मर्केर देश चिन्तित छ भन्ने भाव कवितामा व्यक्त गर्दै भन्छन् कविः-

आकाशमा हेलिकप्टर कहाँदेखि धाएको छ
बाढी पीडित क्षेत्रमा
मन्त्री पत्नीको मन्दमुस्कान छाएको छ
खुट्टा मर्केर उपचारार्थ

विचरी मन्त्री पत्नी अहिले विदेश पाल्नु भएको छ ।

सरल भाषाका माध्यमबाट व्यङ्ग्यात्मक भावना व्यक्त भएको छ प्रस्तुत कवितामा । वर्तमान राष्ट्रिय राजनीति र त्यसले विषक्त तुल्याएको मानव बस्तीलाई पहिचान गराइएको छ

४.४.२० तैपनि संयमित छन् मान्छेहरू !

सङ्ग्रहमा आबद्ध यस कवितामा कविले समाजमा थुप्रै अन्याय, अत्याचार, पीडा, ब्यथा, वेदना हुँदाहुँदै र अँध्यारा अप्ठ्यारा छदाँछदै पनि उज्यालोको प्रतीक्षामा मान्छेहरू संयमित छन् भन्ने भाव व्यक्त गरेका छन् ।

साँच्चिकै देशमा जताततै अशान्ति छाएको छ । रोग, भोग , शोक र पीडाले मान्छेहरू आक्रान्त छन् । समाजका केही शोषक, सामन्ती, मिचाहाहरू चिलले सिनो लुछ्न फटफटाए झै यताउति गरिरहेका छन् । सोझा-साझा निमुखाहरूको वस्तीमा स्तब्धता छाएको छ । समाजमा अन्याय अत्याचार र दुराचारले मान्छेहरू भयभीत छन् यसबाट मुक्ति पाइन्छ कि भनेर मान्छेहरू प्रतिक्षारत छन् । समाजमा बाँच्न गाऱ्हो भएर कैयौले गुहार मागिरहेछन् । केही दिग्भ्रमित भएर, निद्रा बिथोलिएर चकित र सशङ्कित छन् मान्छेहरू । रात रहे अग्राख पलाउछ भने झै अब त केही परिवर्तन हुन्छ कि, देशमा सुनौलो बिहानी आउँछ कि भनेर संयमित छन् मान्छेहरू । कविता मान्छेप्रति केन्द्रित छ । सरल, सहज र कोमल भाषाले कविता उत्कृष्ट छ । कोमल भावमै कवि भन्छन् -

दिन प्रतिदिन यो रातमा निद्रा विथोलिएर
मानसिक कुण्ठाले
केही दिग्भ्रमित छन् मान्छेहरू
रातगए अग्राख पलाउँछ भन्ने आशामा
तैपनि अहिलेसम्म रातभर संयमित छन् मान्छेहरू ।

यसरी आफूमाथिका पीडा र व्यथालाई बोक्दै भविष्यको पर्खाइमा संयमित रही बाँच्न बाध्य जीवनलाई कवितामा चर्चा गरेका छन् कविले ।

४.४.२१ बा म प्रधानमन्त्री हुन्न !

संङ्ग्रहभित्रको बा म प्रधानमन्त्री हुन्न भन्ने कवितामा कविले देशका हरेक डरलाग्दा वीभत्स घटनाहरूसँग डराएका नेपाली सन्तति आफू ठूलो बन्ने रहर नराखेको र सबैभन्दा सुरक्षित र ठूलो आफ्नो बाबु आमालाई मान्ने गरेको बताएका छन् ।

यस कवितामा एक अबोध बालकले देशको सबैभन्दा ठूलो मान्छेलाई चिन्न र आफूपनि त्यस्तै बन्न वार्तालाप गरेको छ । आफ्नो बाबुले देशको ठूलो मान्छे प्रधानमन्त्री हो, उसँग देश हुन्छ, भूगोल हुन्छ, हिमाल हुन्छ अनि उसँग बन्दुक बोकेका पुलिस हुन्छन्, सेना हुन्छन् । यतिमात्र होइन अझ उसँग बम र बारुद बनाउने कारखाना हुन्छन् भनेपछि बिस्तारै पछि हटेको अवोध बालक बम र बारुद पड्केको आवाजले क्षतविक्षत् बन्न पुग्छ । यसरी बाबुको कुरामा सहमतिमा प्रधानमन्त्री बन्न चाहेको छोरामा बम र बारुदले मनोवैज्ञानिक असर पारेको छ । यसरी थुप्रै बालकहरू डराएका छन्, अत्तासिएका छन्, छट्पटाएका छन् । ठूलो मान्छेसँगै अन्य सबै चीज सँगसँगै बम बारुद, पुलिस सेना रहने कुरा अवगत भएपछि देशको ठूलो मान्छे बन्न अस्वीकार गर्न पुग्छ । कवि राजनीति भित्रका ईर्श्यालाई छली प्रवृतिको प्रतीक जस्तो लागेर देशको प्रधानमन्त्री बन्ने सपनालाई उचित ठान्दैनन् ।

यहाँ कविले देशमा हुने गरेका बिद्रोहका र क्रान्तिका नाममा वीभत्स घटनाबाट अवोध बालकहरू त्रसित् हुँदा रहेछन् । ठूलो मान्छेप्रति हीन भावना जाग्दो रहेछ भन्ने देखाएका छन् । सुरक्षा घेराको बन्दी जीवन भोग्ने प्रधानमन्त्री हतियारको सर्शङ्कित र त्रस्त परिवेशमा बाँचेको देख्दा, मोहभङ्ग भएको एउटा बालकको अभिव्यक्ति छ प्रस्तुत कवितामा । कविताको भाषा सरल, सहज र सुबोध्य रहेको छ ।

४.४.२२ तिम्रो मुलुकभित्र म !

सङ्ग्रहमा आबद्ध मध्येको अर्को महत्वपूर्ण कविता हो यो । सौन्दर्यको खानी आफ्नो देशलाई सत्ता भोगीहरूको उग्र राजनीतिक अराजकताले आक्रमण गरिरहेकोमा दु:ख व्यक्त गर्दछन् कवि प्रस्तुत कवितामा ।

यस मुलुकको राजनीतिक स्थितिप्रति आफूलाई घृणा लागेको कुरा व्यक्त भएको छ । साथै सुन्दर यस मुलुकमा आफू बदनाम भएको र शिथिल भएको कुरा उल्लेख छ । कवि सुन्दरीसँग बिताएका क्षणहरू सुखद भएपनि यो मुलुकमा दुषित फोहोरी राजनीतिलाई ढाकछोप गरिएको र हात्तीपाइले राजनीतिले ग्रस्त आफ्नो देश देखेर विह्ल बनेका छन् । प्रतीकात्मक भाषाका माध्यमबाट मुलुकको राजनीतिप्रति व्यङ्ग्य प्रहार भएको छ यहाँ ।

४.४.२३ गधा र गीतहरू !

सङ्ग्रहमा सङ्ग्रहित मध्येको अर्को कविता हो गद्या र गीतहरू । यहाँ गधा र गधा जस्तै भारी बोक्ने भरियाहरूप्रति सहानुभूति व्यक्त भएको छ ।

कवितामा भारी बोक्ने भरियालाई गधासँग तुलना गरिएको छ । कविलाई लाग्छ यो देश गधाले थामेका छन्, यो धर्ती गधाले धानेका छन् । यहाँ सबैले आफ्ना असन्तुष्टि उपर बिरोध र बिद्रोह गर्छन् तर विचरा भारी बोक्ने भरियाहरूले कहिल्यै यस्तो गरेनन् । विभिन्न पेशा, तह र तप्कामा काम गर्नेहरू आफ्नो असन्तुष्टि उपर नाराबाजी गर्छन् । विरोध र बिद्रोहका स्वरहरू उराल्छन् तर विचरा भरियाहरू कहिल्यै त्यसो गरेनन् ।  यहाँ गधालाई भारी बोकाएर धेरैले आ-आफ्नो स्वार्थ पूर्ति गरे । गधाहरूलाई लदाएर धेरैले राइँदाइँ गरे तर विचरा गधाहरू निरन्तर भारी बोकिरहेछन् । उनीहरूले अरुप्रति डाह इर्ष्या गरेनन् । अरु कसैलाई लखट्ने र खेद्नेकाम गरेनन् । आफ्नो अवमूल्यन हुँदा पनि बिद्रोह बोलेनन् । गधाको नाममा फेरबदल भएपनि काममा फेरवदल भएन । प्रस्तुत कविता महाकवि देवकोटाले सिद्ध गरेको गुरु भन्दा

गधा बुद्धिमानलाई भाव रुपान्तरण गरिएको जस्तै देखिन्छ । प्रतीकात्मक रुपमा रचिएको यो कविता लघु आयाममा संरचित छ । ज्ञानीहरूका प्रवृत्तिगत रुष्टताले गन्तव्यमा कार्यरत हुनेहरूमाथि घोडा चढिरहेको सुन्दर र कलात्मक भाव पोखिएको प्रस्तुत कविताले श्रममा बाँच्नेहरूको त्यागी जीवन र श्रमखोरहरूको अधम प्रस्तुतिलाई अभिव्यक्ति दिएको छ ।

४.४.२४ 'फू' होइन 'सु' गर !

सङ्ग्रहमा सङ्कलित यस कवितामा कविले वर्तमान समयको राजनीतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

यहाँ क्रान्ति भएर प्रजातन्त्रले जन्म लिएको धेरै भएको छैन । सहिदको शरीरले दागबत्ती पाएको छैन, जनता भोकभोकै छन् तर हतियार उठाउन शुरु भएको छ । कवि आफू सानो छँदा 'फू' को अर्थ धेरै सुनेका थिए, धेरै बुझेका थिए तर यहाँ त्यसो रहेनछ । राजनीतिमा 'फू' को अर्थ भाँडनीति रहेछ । भर्खर गर्भाधान भएको प्रजातन्त्रलाई हुर्काउन बढाउन कोही लागेनन् । सत्ताको तछाडमछाडमा सबैलागे भन्दै कविले एउटा पार्टी सत्तामा पुग्छ प्रतिपक्षले हामी 'फू' गरेर सरकार ढाल्छौँ भन्छन् । यस कवितामा यही अर्थमा 'फू' को प्रयोग भएको पाइन्छ । देशको अस्तित्व, अस्मिता र २ करोड भन्दा बढी जनताको छातीमा पटक पटक आगो सल्काउने काम भयो तर कसैले वास्ता गरेनन् ।

यसर्थ यस कवितामा कवि सरुविन्दले राजनीतिमा भाँडभैलो गर्दै 'फू' गरेर सरकार ढाल्छु भन्नेलाई 'फू' होइन बरु 'सू' गर भनी व्यङ्ग्यप्रहार गर्ने काम गरेका छन् । प्रस्तुत कवितामा प्रशस्त बिम्ब र प्रतीकको प्रयोग भएको छ । भाषा सरल भएपनि शैली तार्किक छ ।

### ४.४.२५ आगो र आस्था !

प्रस्तुत कवितामा कवि सरुविन्दले साथीसँग विचार र आस्थालाई चिनाउदै आफ्नो बौद्धिकताको परिचय दिएका छन । देशमा अब विध्वंश होइन शान्ति र अमनचयन हुनुपर्छ भन्दै आफ्नो दार्शनिक विचार व्यक्त गरेका छन् ।

यस कवितामा कविले आस्था फूल्दैन र विश्वास कहिल्यै सुनिदैन भन्ने विचार व्यक्त गरेका छन् । आफूले आस्थाको बिरुद्ध असहमत हुने अधिकार पाएमा सगरमाथा भएर मन्दिर र मस्जिदहरूको सुरक्षा दिन सक्ने दाबी गर्छन कवि । आफ्नो साथीलाई प्रश्न गर्दै भन्छन्ः- गीत गाउनलाई साइरनका भाकाहरू सिक्दैछौ क्रुसेड र हिरोसीमाभित्र ? अझै जेरुसेलम जाँदै छौँ रगतको टीका थाप्न ? यसरी आफ्नो देश आफूले मजबुत बनाउने विचार व्यक्त गर्छन कवि । आफ्नो विचार मजबुत भएको र कहिल्यै नबिलाउने भावना प्रस्तुत गर्दै । फेवा र लुम्बिनीलाई समेट्दै पशुपतिको गजुरसँगै आफू आफ्नो देशभित्र हाँस्ने, रम्ने र रमाउने विचार व्यक्त गर्छन् । आफ्नो देशमा विध्वंश नगर्न र यदि त्यसो भएमा आकाश भत्कन र धर्ती चर्कन सक्ने धारणा राख्छन् उनी । सबैको आस्था र विश्वासलाई कदर गर्दै देशलाई अगाडि बढाउनुपर्ने सन्देश कविताले दिएको छ । कवितामा विभिन्न बिम्बप्रतीकको प्रयोग भएको छ । कविता अत्यन्तै बौद्धिक देखिन्छ ।

### ४.४.२६ धर्ती उसको होइन १

सङ्ग्रहमा प्रस्तुत कविता जटिल बिम्ब विधान भएको कविता हो यो । यस कवितामा कविको राष्ट्रिय भावना छताछुल्ल भएको पाइन्छ । देश धूर्तशासकहरूको मात्र होइन हामी सवैको हो भन्ने भावना व्यक्त गरेका छन् कविले ।

कवितामा भन्न खोजिएको केहो भने उर्जाशील वीर्यवान मान्छेहरूले शासनको बागडोर सम्हालेमा देश अगाडि बढ्छ । बूढो गोरुले भकारो ओगटे जस्तो खराव शासकहरूले सत्ता ओगटेर मात्र बस्नाले केही गर्न नसकेकोमा आक्रोस व्यक्त गर्छन

कवि । न सत्ता छाड्ने न देश बनाउने भनेर शासकहरूप्रति खेद व्यक्त गर्ने काम भएको छ कवितामा । देशमा तत्कालीन शासकहरूको शासन गराइले बूढो गोरुले भकारो ओग्टने काम मात्र भएको, देशमा विकास र परिवर्तन आउन नसकेको तैपनि यो धर्तीले सहन बाध्य भएको धारणा कवितामा प्रवल रुपमा प्रकट भएको छ । जटिल बिम्ब संयोजनका कारण कविता दुरुर्बोध्य जस्तो देखिन्छ । शीर्षक प्रतीकात्मक रुपमा आएको छ ।

४.४.२७ मेरा अस्वीकृत स्वरहरू १

दार्शनिक पृष्ठभूमिमा लेखिएको यस कवितामा कविले मान्छेले मान्छेहरूप्रति गरेका व्यवहार कविका लागि स्वीकार्य नभएकाले त्यस विरुद्धमा निस्केका अस्विकृत स्वरहरू यहाँ व्यक्त भएका छन् ।

यस कवितामा कवि मान्छेको व्यवहार र स्वभाविक रुपमा हुने मृत्यूप्रति आक्रोसित भएका छन् । मानिस मरणशील प्राणी हो । आखिर एकपटक ऊ मर्नैं पर्छ । यो यर्थाथलाई प्रत्येक मान्छे जान्दछ तर मृत्यू बोधपछि पनि संगतिपूर्ण व्यवहार गर्न जान्दैन । मृत्यू निकट पुगेर पनि अत्यन्त अहम्मा बाँचेको हुन्छ मान्छे । दुई दिनको जीवनमा पनि युद्ध गर्न तम्सिन्छ । मान्छे मान्छेबाट मारिएको छ । मान्छे मान्छेबीच नै शत्रुताको व्यबहार पाइन्छ । एक आपसमा सङ्गति पाइदैन । विङ्गतिपूर्ण जीवन जीउन भन्दा मान्छे मृत्यूवरण गर्न खुशी हुनुपर्ने भएको छ । यहाँ जन्मसँगै मृत्यू आएको छ । जन्मसंगै भोक र शोक आएको छ । हरेक जन्मनुले जन्मनुसँगै युद्ध र सङ्घर्ष निम्त्याएको छ । मरणशील जीवनको अनिवार्यता बीच पनि मान्छे अह्ममा डुबेर युद्ध गर्छ त्यसैले कवि यस कवितामा बाँचुञ्जेल सङ्गतिपूर्ण जीवनमा रमाउन आम मानव जातिलाई आब्हान गर्छन  र अशान्त मानव बस्तीमा स्थाइ शान्तिको आग्रह गर्दछन् ।

कविता सरल, सहज भाषाशैलीमा लेखिएको छ । मान्छेकै मर्नु र बाँच्नुकै सेरोफेरोमा केन्द्रित भई खराब मृत्यूको प्रतिवाद गर्न शंखघोष कविताले गरेको छ ।

### ४.४.२८ मेरो निम्तो छ !

सङ्ग्रहभित्रको प्रस्तुत कविता कविले २०४६ सालमा नेपालमा भारतले नाकावन्दी लागु गरेको बेलामा रचना गरिएको हो । देशमा प्रजातन्त्र प्राप्ति सँगसँगै आर्थिक, सामाजिक  धार्मिक र साँस्कृतिक परिवर्तनलाई पनि आत्मसाथ गर्नुपर्ने धारणा बोलेको छ कविताले । भारतले नेपालमा आर्थिक नाकाबन्दी लगाउँदैमा नेपालीका मनभित्रका उर्जा मर्दैनन् ।  नेपाल र भारतको सर्दीयौदेखिको आन्तरिक सम्वन्ध मर्नुहुँदैन भन्ने धारणा कविको रहेको छ । भारतले नाकाबन्दी लगाएतापनि कविले नेपालीका चुल्हा बलेका, पाइला अघि बढेका र आफ्नो मन नमरेको स्पष्टोक्ति कविको छ । यो देशको सीमा रक्षाको खाँतिर थुपै दाजुभाईले रगत बगाएको ,थुपै दिदीबहिनीका सिउँदोको सिँदुर पुछिएर तीज जस्ता उत्सवमा आँसुका दर खाएको इतिहास साक्षी छ । भारतको नाकाबन्दीले नेपालको असंलग्नता विश्वशान्ति क्षेत्रीय सहयोग र सद्भावनाका संस्कारहरू नमर्ने कुरा कवि व्यक्त गर्छन् । यस कवितामा कविले आफ्नो दिदीलाई स्वाभिमान र स्वाधिनका खाँतिर निमन्त्रणा गर्दै भारतले नाकाबन्दी लगाएतापनि सगरमाथाको स्वभिमान नमर्ने धारणा अघि सार्छन् । कविले दिदी मार्फत देशको स्वभिमान र स्वधीनतालाई सधै निमन्त्रणा गरेको र यसपालि पनि आउन निम्तो गरेका छन् । कविताको भाषा सरल छ, शैली तार्किक र बौद्धिक पनि छ ।

### ४.४.२९ प्रिय आऊ म अव युगसँग गर्भाधान गर्छु !

यस कविता कवि सरुविन्दले २०४६ सालको आन्दोलनको पूर्व सन्ध्यामा देशमा लोकतन्त्र भित्र्याउन युगसँग आब्हान गरेका छन् । युगलाई सुन्दरीको उपमा दिएर उनका गर्भबाट लोकतन्त्र जन्माउन कवि आतुर देखिन्छन् । यो कविताको सिर्जनाकाल

त्यतिबेला भएको थियो जुनबेला आन्दोलनको लागि सबै पार्टीका नेताहरू जुर्मुराइरहेका थिए ।

यो कविता सिर्जना भएपछि तत्कालीन चर्चित पत्रिका साप्ताहिक नेपाली आवाजमा प्रकाशित भई जनताका हातमा पुग्यो । त्यतिबेला कवि तत्कालीन शाही सेनामा प्राड अधिकृतको पदमा अर्न्तवाता दिदै थिए । यही कविताका कारण कविलाई प्राड अधिकृत पदमा नियुक्ति पाउनबाट बञ्चित गरिएको थियो । सायद यही र देशका शासकका यस्तै अन्य अन्याय अत्याचारपूर्ण कार्यप्रतिको आक्रोश यस कवितामा पोखिएको छ । प्रजातन्त्र जन्माउन सामर्थ्य रहेकी सुन्दरीसँग पहाड पगाल्ने र लाखौं आश्रम खोल्न सक्ने सुन्दरीले ग्राग्री लिएर तिर्खा मेट्न समेत नआएकी र दुई करोडभन्दा बढी जनताको रुवाइ नसुनेकोमा कविले चिन्ता व्यक्त गरेका छन् । अब देशमा आन्दोलनले उग्र रुप लिनेछ । दुःशासकहरू उपर जनता जाइलाग्ने छन् र जनतासँग ठूलो सामर्थ्य रहेको कुरा कविले उल्लेख गरेका छन् । कवितामा पुरानो शासन सत्ता हटाएर नयाँ युग सुहाउँदो प्रजातान्त्रिक व्यवस्था ल्याउनु पर्ने सन्देश कविको रहेको छ । यहाँ प्रतीकात्मक भाषाका माध्यमबाट देशप्रतिको आफ्नो भावना व्यक्त भएको पाइन्छ भने कवितामा कविको राष्ट्रिय स्वर तार्किक रुपबाट प्रस्तुत भएको पाइन्छ ।

### ४.४.३० क्रमशः स्वीकृतिहरू !

यस कवितामा कविले देशका अराजनीतिक चरित्र बोकेका नेता भनाउँदाहरूलाई व्यङ्ग्य गर्दै उनीहरूको फोस्रा सपना बाड्ने प्रवृतिको भण्डाफोर गरेका छन् ।

देशमा लामो समयपछि प्रजातन्त्र पुनः प्राप्ति भएको छ । सहिदका सपनालाई विर्सेर नेताहरूले जनतालाई आश्वासन र भ्रम बाँडिरहेका छन् । त्यस्ता फोस्रा सपना बाड्ने राजनेताहरू प्रति कविले भरमार व्यङ्य गरेका छन् । कविलाई लागेको थियो

प्रजातन्त्र आएपछि देशमा स्वाधीनता आउनेछ, जताततै विकासको लहर छाउनेछ तर त्यसो हुन सकेन । प्रजातन्त्र प्राप्तिका खाँतिर कैयौं मानिसले आफ्नो ज्यान गुमाए, कति अङ्गभङ्ग भएतापनि देशमा अशान्ति र अराजकता बढि नै रह्यो । उल्टो नेताहरूले गलत संस्कार र संस्कृतिको त्याग गर्न सकेनन् । हरेक कुराको स्वीकृति गर्दै टाउको हल्लाउने तर व्यवहारमा केही नगर्ने नेताको आफूमुखी प्रवृतिको विरोध गरेका छन् कविले । जसरी घरमा पालेको कुकुरले आफ्नो मालिकलाई देख्दा पटक पटक पुच्छर हल्लाउछ यसरी नै जनता सामु नेताहरूले टाउको हल्लाउँछन् । चर्को भाषणमा स्वतन्त्रता र स्वाभिमानको कुरा गर्ने नेताहरू जनतालाई कुवाका भयागुता बनाउन खोजेको आरोप कविले लगाएका छन् । आँफू र आफ्ना नातेदारसहित विदेश लाग्ने नेताहरूको व्यवहारप्रति कविले आक्रोशको भावना पोखेका छन् । ठेट नेपाली शब्दको प्रयोगले कविता सरल छ र कलात्मक पनि छ ।

### ४.४.३१ भ्यागुता र एकीकृत साङ्लाहरू !

सङ्ग्रहमा सङ्ग्रहित यस कवितामा कविको देश भक्तिको भावना छताछुल्ल पोखिएको छ । प्रजातन्त्र प्राप्तिपछि स्वतन्त्रताका नाममा  नेपालीहरू आफू आफूमा एक अर्कोको खुटो तान्ने प्रवृतिप्रति कविले भरमार व्यङ्ग्य गरेका छन् । आफूआफू लड्ने र भाँडिने प्रवृतिले विदेशीहस्तक्षेपले  नेपाल र नेपालीको अस्तित्व नै समाप्त हुने त होइन भन्ने भान कविलाई भएको छ । विदेशीका विरुद्ध नेपालीहरूलाई व्यूँझन,उठ्न र जुट्न आग्रह गरेका छन् कविले ।

विभिन्न बिम्ब र प्रतीकका माध्यमबाट देशभित्र भइरहेको सत्ता विद्रोह र राजनीतिक पार्टीबीचको बेमेल द्वन्द्वले देश बिग्रन लागेको कुरा कवि व्यक्त गर्छन । दिनदिनैको विरोध नाराजुलुश हत्या हिंसा आदिले गर्दा आन्तरिक कलह मिलाउने निहुँमा विदेशीहरूले  हस्तक्षेप गरेर देशको अस्तित्त्व हराउन सक्छ । व्यापारको निहुँमा

समुन्द्र पारदेखि नेपालमा भित्रिने विदेशीहरूले देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्न सक्ने सम्भावनातर्फ सबैलाई सचेत गराएका छन् ।

जसरी आज सर्वियाली क्रोएटस, बोस्नियनहरू खेदिएका छन् त्यसै गरी प्यालेष्टियनहरू लखेटिएका छन् र नेपालीहरूको हालत पनि त्यस्तै हुन्छ । कविले नेपालीहरूलाई एक अर्कोमा खुटो तान्ने प्रवृति छोड्न आग्रह गर्दै सचेत गराएका छन् । कवि अनुरोध गर्छन् निर्माण र परिकल्पनाका सङ्गीतहरू बोकेर एक आपसमा सहमति र सहिष्णुता खोजेर उठ, जाग, व्यूँझ चक्रव्युहरू राम्ररी चिन भन्ने आग्रह गर्छन्:-

राम्ररी चिन चक्रव्यूहहरू !<br>
र उठ ब्यूँझ आफ्नै भ्यागुताहरूबीच<br>
चेतना र जागृतिका<br>
सहमति र सहिष्णुताका<br>
निर्माण र कल्पनाका<br>
संगीतहरू बोकेर !

कवितामा चेतनशील बनेर, देश निर्माणमा एकताबद्ध भएर, अगाडि बढ्न निर्देश गरेका छन् । तार्किकता र बौद्धिकताको माध्यमबाट भ्यागुता र साङ्लालाई मान्छेको प्रतीक मानेर कलात्मक तरिकाले व्यङ्ग्य गर्न पुग्छन् कवि ।

४.४.३२ ए नखसाल बमहरू नखसाल !

सङ्ग्रहमा आवद्ध बौद्धिकता पोखिएको यस कवितामा कवि सरुविन्दले वर्तमान विश्वमा मान्छे, मान्छेजस्तो नभएको र मान्छे विचारशील भएर चल्नु पर्ने आग्रह गर्छन् । विचारको गर्भाधान भएको बेला बन्दुक र बमहरू पड्काइनु हुँदैन भन्ने धारणा व्यक्त भएको पाइन्छ यहाँ ।

मान्छे विचारवान प्राणी हो र ऊ विचारबाटै चल्नुपर्छ, मान्छे मान्छे भएर अगाडि बढ्नुपर्छ भन्ने कुरा बताउँछन् कवि । बन्दुक त जसले मान्छेलाई मान्छे भन्दा फरक देख्छ त्यसका विरुद्धमा पड्काइनु पर्छ । मान्छेलाई मान्छेभन्दा फरक देख्नेहरूका गिदीहरूमा बम र मिसाइलहरू खसालिनु पर्छ भन्ने कुरा कविले कवितामा व्यक्त गरेको पाइन्छ । यसरी यस कवितामा कविले मान्छेले विचारको सम्मान गनुपर्ने र मान्छेले मान्छेलाई चिन्न नसकेर मानिस भिल्लको देशमा मणि जस्तो बनेको धारणा पोख्छन् ।

भयावह सूत्रसहितका मेनिफेष्टोहरू जसले विचारको सम्मान गर्दैनन् त्यसको विरुद्ध आगो लगाउनु पर्छ भन्दै रोष प्रकट गर्छन कवि र भन्छन्:

ए आगो लगाऊ

बरु विचारको सम्मान नगर्ने

विचारको गर्भाधान भएको बेला

पेटहरूमा

ए नखसाल, बमहरू नखसाल !

विचार जन्मन लागेको बेला बमहरू नखसाल्न आग्रह गर्छन कवि सरुविन्द । वर्तमान आणविक  यूगमा मान्छेका आतताही प्रवृति नदेखाउने संन्देश कविले यस कविता मार्फत गरेका छन् । सहज र सुबोध्य भाषाशैलीको प्रयोगले कविता उत्कृष्ट बनेको छ ।

४.४.३३ यात्रा त आज पनि जारी छ दाइ !

यस कवितामा पनि देशको समसामयिक राजनीतिक विद्रुप अवस्थाप्रतिको व्यङ्ग्यले कविले देशमा मौलाइरहेको राजनीतिक विसँगतिको पीडा दाइसँग पोख्दै हिजो जस्तो थियो देश प्रजातन्त्र प्राप्तिपछि पनि त्यस्तै भएकोमा चिन्ता प्रकट गरेका छन् ।

यस कवितामा कवि सरुविन्दको दार्शनिक भावना छताछुल्ल भएको छ । बौद्धिकताले उचाइ लिएको छ । आफ्नो दाजुले राष्ट्रिय अस्मिता खोजेको प्रसङ्ग कोट्याउदै कविले कैयौ पटक तिर्खा लागेन दाई भनेर सोध्दा दाइले फेवा र रारा देखाएर हपारेको प्रसङ्गलाई पोख्ने काम गरेका छन् ।

सत्तामा छदाँ राष्ट्रिय ढुकुटी सोहोर्ने र सत्ताबाहिर हुँदा खुट्टा बजार्नेप्रति कविले गहुत खाएर चोखिन खोजेको आरोप लगाउदै व्यङ्गय प्रहार गरेका छन् । सत्तामा बसेर ऱ्याल चुहाउने स्यालहरू प्रतिको मीठो व्यङ्ग्य विभिन्न प्रतीकका माध्यमबाट गरिएको छ । कविले आफ्ना नाता गोताको भरमा भत्ता पचाएर मनपरी गर्नेहरू बालुबाटारको हाता हत्याउन र सत्ता पल्टाउन गोदगाद् र नौटंकी गर्नेहरूप्रति भरमार व्यङ्ग्य गरेको पाइन्छ । प्रजातन्त्रका नाममा सत्तामा गएर भत्ता पचाउन मतदाता काढ्ने प्रवृति आजपनि जारी रहेको तीतो यथार्थ यस कवितामा ब्यक्त गरेका छन् कवि सरुविन्दले ।

गोद्गाद र नौ टंकी नचाएर
सत्ता पल्टाउनेहरू पनि छन्
मतदाता काटेर प्रजातन्त्रका नाउँमा
मतपत्र खल्तीमा पट्याउनेहरू पनि छन् ।

कविता मीठो र अर्न्तलयात्मक यूक्त छ । भाषा सरल, सहज र कलात्मक छ ।

### ४.४.३४ मेरो ब्रह्माण्डको जीवित सूर्य !

मेरो ब्रह्माण्डको जीवित सूर्य कविता कवि सरुविन्दको सङ्कलित कविता लेखन यात्राका अन्तिम चरणमा लेखिएको उत्कृष्ट गद्य कविता हो । यसै कविताको आधारमा पनि यस कृतिको नामकरण भएको छ । सरुविन्द गद्य कवि हुन । कविको जन्म विहानीपख सूर्यको किरण धर्तीमा पर्ने बेलामा भएको थियो । पृथ्वीमा पहिलो चोटी पाइलो पर्दा उनले सूर्यको दर्शन गरेका थिए । सूर्य उदयसँगै उनी जन्मेकाले सूर्य स्तुतिको रुपमा मेरो ब्रह्माण्डको जीवित सूर्य (कविता सङ्ग्रह २०६४) लेखेर पूरा

गरे । हिन्दीमा पुरानो भनाई  छ "जहाँ नपहुँचे रवि वहाँ पहुँचे कवि" भने जस्तै कवि सरुविन्द ब्रह्माण्डको घुमफिर गर्दछन् । कवितामार्फत कवि सूर्य महिमा बर्णन गर्छन् । सूर्यको उदयसँगै जन्म लिएका कवि सरुविन्दले सूर्यको उपस्थितिले आफ्ना प्रत्येक पलहरू सक्रियतामा रमाउने विश्वास गरेका छन् । आफ्नो भूगोलमा सूर्य हराउँदा आफू वर्षौंबर्षका रातहरू अँध्यारा कोठा र अँध्यारा सपनाहरूमा हराउने गरेको कुरा व्यक्त गर्छन् । आफ्ना कविताका पानाहरूमा सूर्य उदाउने र अस्ताउने रहेपनि बास्तवमा सूर्य ब्रह्माण्डमा सधै जीवित नै रहने यर्थाथता कवि प्रस्तुत गर्छन् । सूर्यका प्रभाती किरणसँगै चुम्न पुगेको सगरमाथा पनि हर्षले विभोर भएको छ । सूर्य महिमाको वर्णन गर्दै कवि भन्छन्:- बन्दुक र बारुद खस्दा पनि खस्केन तिम्रो लालित्य, विचलित भएन तिम्रो सौंदर्यता त्यसैले तिम्रो लीला अपरम्पार छ, अवर्णनीय छ । प्रत्येक अँध्यारालाई आफ्ना प्रभाती किरणले चिर्दै संसारका प्रत्येक प्राणी र चीजहरूमाथि आफ्नो वर्चश्व कायम राख्न सफल तिमीले प्रत्येक उज्याला पक्षलाई आफ्नो हत्केलामा फुलाउदै योजना र विकासका मानचित्रहरू यस संसारमा फैलाएका छौ । यस कवितामा आफ्नो जन्मसँगै दर्शन गर्न पुगेका कविले जीवित सूर्यको महिमा गाउदै सूर्यका प्रत्येक प्रभाती किरणहरूले सम्पूर्ण शक्तिलाई फैलाइरहेको यर्थायता बोध गराउन खोज्छन् कवि ।

शक्तिहरू अमर  रहन्छन् जसरी सौर्य शक्तिले ब्रह्माण्डभित्रको निरन्तरतामा कायम छ । हुनसक्छ समाजको सेरोफेरो एउटा ब्रह्माण्ड हो जहाँ मानव शक्तिहरूको इतिहासमा दीर्घजीवी निरन्तरता छ । कविताको शीर्षक प्रतीकात्मक रुपमा आएको छ । विभिन्न बिम्ब र प्रतीकको प्रयोगले कविता उत्कृष्ठ बन्न पुगेको छ । कविता अत्यन्त बौद्धिक छ ।

४.४.३५ त्यस्तो हाकिम पो हाकिम !

संग्रहमा सङ्ग्रहीत यस कवितामा कविले हाकिम भएर नेताको चाप्लुसी र चाकडी गर्दै घुस खाएर धन कमाउन पल्केकाहरूप्रति व्यङ्ग्य गर्दै आफू हाकिम भएर पनि कहिल्यै सीमा ननाघेको स्पस्ट पारेका छन् ।

यस कवितामा कविले आफूले नेतालाई पिता नमानेको, फेता नगुताएको, भन्सारमा पठाइ देला भनेर चुनाव नजिताएको भन्दै जनताको जनादेश विरुद्ध आफूले कहिल्यै कुनै काम नगरेको कुरा व्यक्त गरेका छन् ।

राजाको गुणगान गाएर गोरखा दक्षिणबाहु हातपार्नेहरूप्रति व्यङ्ग्य गर्दै कवि आफूले कहिल्यै कुनै नेताको पछि नलागेको, कुनै पार्टीको भरुवा चरुवा बनेर नहिडेको कुरा व्यक्त गरेका छन् । आफूलाई विभिन्न आरोप प्रत्यारोप लगाउनेहरूप्रति प्रश्न छन् के म पैसा, बेश्या, मन्त्री, मन्त्राणी, सांसद र नेताको हण्डी र घण्टी बनेर कहिल्यै हिडेँ ? न आफूसँग पजेरो छ, न बहुमुल्य धातु, न भुँडी लागेर फुँडी पाले । घुस खान र लिन आफू सँधै अप्ठेरो बनेको बताएका छन् कविले । आफू हाकिम भएर पनि हाकिम जस्तो बन्न नसकेको तर यताका कुरा उता गर्दै अनेक चाकडी र चाप्लुसीमा लागेर अर्काको खुटो मलेर घुस खाएर रातारात करोडपति बन्ने हाकिम पो हाकिम भनेर झटारो हान्ने काम कविता मार्फत व्यक्त गरेको पाइन्छ । आदर्श ओझेल परेको बेला वर्तमानको सामाजिक भ्रष्टचारीहरूको यर्थाथतालाई कवितामा उल्लेख गरेका छन् ।

कवि सरुविन्द गद्य कवि हुन र व्यङ्ग्य कवि पनि हुन । यस कवितामा गद्यभाषाका माध्ययबाट व्यङ्ग्य गर्ने काम कविले गरेका छन् ।

४.४.३६ प्रिय भो यो प्रहर !

सङ्ग्रहमा सङ्कलित मध्येको एक अर्को उत्कृष्ट दार्शनिक भावना व्यक्त भएको कविता हो । यस कवितामा कविले वर्तमानको यथार्थ चित्रण गर्न पुगेको पाइन्छ र

यहाँ मान्छेको मूल्य हराएको एक मान्छेमाथि अर्को मान्छे आइलागेको कुरा व्यक्त भएको छ ।

मान्छेले मान्छेप्रति गरेका व्यबहारप्रतिको घृणाले प्रत्येक छोरा आफ्नो परिचय दिन लजाउँछन् । छोरीको कन्यादानको निहुँमा प्रत्येक बाबु र दाजु हराएका छन् । क्षणक्षणमा देशबाट मान्छे हराएको छ । विभिन्न बहानामा कवि आर्तनाद बोकेर मेरो राष्ट्रभाषा कराएको छ र देश नाङ्गिएको छ भन्न पुग्छन् । देश हराएका बेला खोज्नु छ, देश भित्रका विभिन्न चक्रव्यूँहरू र ग्रायण्ड डिजायन बिरुद्ध लड्नु छ । त्यसैले आफू फर्कन नसक्ने भन्दै प्रेमिकालाई आँसु नझार्न आग्रह गरेका छन् कविले । आफ्नो देशभेष सबै कुरा हराएको बेला प्रेमिकाको सतीत्व देखाउन, सिउँदो सजाउन कुन धरातलमा टेक्ने ? यहाँका प्रत्येक पलमा पृथक चीज हराउँदा देश नै हराउने डरले आफ्नी प्रेमिकासँग देशको अस्तित्व जोगाउन आफू उज्यालो दिन ल्याउनका निम्ति लागेको र त्यो दिनको आगमनसँगै आफू फर्कने वचन कविले यस कविता मार्फत गरेका छन् । देशमा हत्या हिंसा र अराजकता छाइरहेकाले यस्तो विषम परिस्थितिमा आफू वीयदान गर्न नसक्ने र जहाँ आमाको सुरक्षा छैन त्यहाँ बच्चाको कसरी सुरक्षा हुन्छ भन्ने धारणा व्यक्त गर्दै कवि भन्छन्:-

जब तिम्रो मातृत्वमा रक्तश्राव बगिरहेछ
भन, म यो रात कसरी वीर्यदान गर्न सक्छु ?
तिम्रो सतित्वको सुरक्षा र परीक्षा नै नगरी
एका एक यो प्रहर
म कसरी ऋतुदान गर्न सक्छु ?

विभिन्न बिम्ब र प्रतीकको प्रयोग कवितामा भएको पाइन्छ । अलङ्कारीक भाषाको प्रयोगले कविता सुरम्य बनेको छ ।

४.४.३८ सत्ता र सपनाहरू !

देशमा प्रजातन्त्र ल्याउन आफूले गरेको योगदान र आफूसँगै हातेमालो गर्दै प्रजातन्त्रको लागि लडेकाहरू प्रजातन्त्र प्राप्ति पछि राष्ट्रको ढुकुटी सोहोर्दै करोडपति बनेर मोज गर्नेहरूप्रति कविले पर्याप्त ब्यङ्ग्य गरेका छन् ।

कविले यहाँ प्रजातन्त्र प्राप्तिको लागि लड्दाको घटना स्मरण गर्दै भन्छन्:- देशैंमा आमाको हातको टीका थापिएन, तिहारमा दिदीसँग टीका मागिएन । देश जनता र प्रजातन्त्रको खाँतिर सहिदका सपना साकार पार्न अनेक हण्डर र ठक्कर खाइयो, जनतान्त्रिक गीतहरू गाइयो । कवि अगाडि भन्छन्( संगीन र बन्दुक बोकेका फौजी जवानहरूसंग लड्दा समातिएर जेलका कालकोठरीहरूमा थुनिन पुगियो । कैयौ पटक जंगलका पहरा र सुरुङभित्र लुकेर भोक भोकै तड्पिन पुगियो । थुप्रैले ज्यानको आहुति दिएर सहिद बने । यति दु:ख गरेर ल्याएको प्रजातन्त्रमाथि खेलवाड गरेर इतिहासलाई कुल्चिएर साराको दु:ख कष्टलाई विर्सिएको आरोप लगाएका छन् कविले । आफूसँग प्रजातन्त्रको खाँतिर लड्ने व्यक्ति जो सत्तामा पुगेको त्यही सत्तामा पुग्न नपाउदै रातारात करोडपति बन्न पुगेका प्रति व्यङ्ग्य वर्षाएका छन् । जसले इतिहासलाई कुल्चिएर सहिद दिवसकै दिन पारेर ससुरालीमा श्राद्ध खान पनि जहाजमा उड्ने ठूलाठूला ओहोदा र पदमा आफ्ना मान्छे भर्ने गरेकोमा ब्यङ्ग्य बर्साउँदै कवि भन्छन्:-

हिजो आज 'डियुटी फ्री' मोटर पो चढ्छौ रे
ससुरालीमा श्राद्ध खान सहिद दिवस पारेर
जहाजमा उड्छौ रे

इतिहासलाई सम्झिएर सहिदको सपनालाई साकार पार्न धर्तीमा टेक्नुपर्ने यति नगरे सत्ता सुरक्षित नरहने धारणा कविले कविता मार्फत व्यक्त गरेका छन् कवितामा बढी राजनीतिक भाषा प्रयोग भएको पाइन्छ । शैली तार्किक देखिन्छ ।

### ४.४.३८ जुम्ला खटायो १

सङ्ग्रहमा सङग्रहीत यस कविता जम्मा १७ पङ्क्तिमा रचित छ । मुलुकमा प्रजातन्त्र प्राप्ति पछि कर्मचारीतन्त्रको मनपरी भएकोमा त्यसप्रति कविले व्यङ्ग्य प्रहार गरेका छन् ।

कविले मन्त्रीबाट मर्जी भएको भनेर हाकिमले मनपरी गरेको, लहैलहैमा सुब्बा, खरिदार र मुखियाले सहमति जनाएका र बहिदारले पनि समर्थन जनाएको तर कवि आफूले हाकिमको कुरामा असहमति जनाएकोमा आफूलाई जुम्ला खटाएको कुरा कविता मार्फत व्यक्त भएको पाइन्छ । यहाँ कर्मचारी वर्गमा देखिएको विकृति, विसंगतिका साथै प्रजातन्त्र आएपनि हाकिमको पाउ मोल्नु पर्ने, हाकिमको कुरामा असहमति जनाउँदा आफू दुर्गम क्षेत्रमा लखेटिनु परेको तीतो यर्थाथ कविले व्यक्त गरेको पाइन्छ । कवितामा बिभिन्न बिम्बप्रतीकको प्रयोग गरिएको छ । देशको राष्ट्रिय रोगप्रति कविले शसक्त रुपमा आफ्ना अभिव्यक्ति दिएका छन् ।

### ४.४.३९ सूर्यास्तपछिका साँझहरू १

सङ्ग्रहमा सङ्ग्रहीत यस कवितामा जटिल बिम्बविधान देखिन्छ । विभिन्न बिम्ब प्रतीकका माध्यमबाट कविले देशबाट उज्यालो हराएको अँध्यारो छाएको प्रसङ्ग औंल्याएका छन् । जताततै हिंसा, हत्या भइरहेको, मान्छे मरिरहेका हुनाले मानव जीवन नै समाप्त हुने त होइन भन्ने चिन्ता कविता मार्फत व्यक्त भएको छ ।

देशको अस्मिता हराइरहेको अर्थात त्यो स्मशानतिर निरन्तर अगाडि बढेको कुरा कवितामा व्यक्त गर्छन कविले । देशको अस्मिता कात्रोभित्र सुताइएको छ त्यसलाई आफूले नजिकबाट छाम्न नसकेर टाढैबाट नियाल्न बाध्य भएको कुरा व्यक्त गरको छन् । धर्ती रोएको छ चिताको आगोले, मान्छे मरिरहेका छन्, मर्नेले पनि बाँचुजेल केही पाएन । एक मुठी खान, बस्न, एक सरो लगाउन देखि लिएर बिरामी पर्दा औषधी उपचार केही पाएन । यसरी देशमा अकस्मात् मान्छेहरू मरिरहेका छन् ।

सूर्यास्त भएको बेला देशमा अन्धकार छाएको बेला, देश जलिरहेको समयमा थुप्रै बिड्म्वना आएको कुरा कवि भन्छन् । देश चलाउने अगुवा बनेकाहरूले नै देशलाई स्मशानतिर बढाइरहेका छन् । सूर्यास्तपछिको साँझ झैं देशलाई शासकहरूले अन्धकारतिर घकेलिरहेका आरोप लगाएका छन् । जलिरहेको चिताको उज्यालोमा देश खोज्नेहरूलाई मसान जगाउन खोजेको आरोप लगाउँदै दुःख व्यक्त गरेका छन् कविले ।

आयामगत रुपबाट हेर्दा यो कविता लामो छ । थुप्रै बिम्ब प्रतीकको प्रयोगले कविता जटिल पनि छ । कविको कलात्मकता पनि उत्तिकै प्रयोग भएको र बौद्धिकताले उचाइ लिएको छ ।

### ४.४.४० वसन्त र वकासुर १

सङ्ग्रहमा सङ्ग्रहीत यस कवितामा कविले विभिन्न बिम्बप्रतीकका माध्यमबाट देशको वर्तमान राजनीति, शासन व्यवस्था चलाउने शासकहरू र तिनको शासन गराईप्रति झटारो हान्ने काम गरेका छन् ।

देशमा प्रजातन्त्र आएपनि जताततै स्तब्धता छाएको देख्छन् कवि । उल्टै प्रजातन्त्र प्राप्तिपछि देशमा हत्या, हिंसा भईरहेको, दिनप्रतिदिन मान्छेहरू मलामी हुनुपरेको यर्थाथता कोट्याउदै देशले झन् ठूलो गोता खाएको उल्लेख गरेका छन् । देशमा लोकतन्त्र आएपनि त्यसलाई थाम्न सक्ने वीरहरू देशमा नजन्मेको पुरुषत्त्वहीन मान्छेहरू बाँचेका र असल मान्छेहरू मरेका बताउँछन् कवि । थुप्रै महिलाहरूका सिउँदोको सिंदुर पुछिएको, देशले विधवाको टुहुरो सन्तान झैं जलेको चिता हेर्न विवश भएको कुरा कविले व्यक्त गरेका छन् । यो देशमा अहिलेसम्म लोकतन्त्र प्रजातन्त्रमा रजाँइ गर्न वकासुरहरूलाई वध गर्न कोहीपनि आएको छैन । शासन व्यवस्था सम्हाल्ने सक्षम व्यक्ति अहिलेसम्म यो देशले पाएको छैन तैपनि आ-आफ्ना छोराछोरीलाई बाबुआमाहरू सम्झाउदै छन् र भनेका छन्( सुत बाबु, अहिले अँध्यारो नै छ, उज्यालो भएको छैन । देशमा उज्यालो ल्याउने कोही पनि छैन् । कुनै राजकुमारले उज्यालो

ल्याएको छैन । बकासुरहरूका लागि मात्र प्रजातन्त्र आएको छ । कोइलीले ज्यूँदा मान्छेको खोजीमा कोहो कोहो गाएको छ तर्सथ देशमा ज्यूँदा मान्छेहरू कति छन् भनेर खोज्ने बेला आएको छ । दिनप्रतिदिन यो देशमा सान्नाटा छाएको छ भन्ने मार्मिक भावना कविले कवितामा व्यक्त गरका छन् ।

मावनीय सम्वेदनाहरू बढी पोखिएको र थुप्रै बिम्ब प्रतीकका माध्यमबाट मानवप्रतिनै झटारो हान्ने काम कवितामा भएको पाइन्छ । ठेट नेपाली शब्दको प्रयोग कवितामा गरिएको छ । अत्यन्त सरल, सहज भाषाशैलीको प्रयोग गर्दै कवि यसो भन्छन् :

यस पाली पनि सधैँ झै वसन्त आएको छ ।
कोइलीले ज्यूँदा मान्छेहरूको खोजीमा
कोहो, कोहो गाएको छ ।
हो, यो देशमा क्रमशः सान्नाटा छाएको छ ।

४.४.४० सावधान गणहरू सावधान १

यस कवितामा कविको देशभक्तिको क्रान्तिकारी भावना पोखिएको पाइन्छ । कविताका माध्यमबाट कविले शासन सञ्चालन गर्ने नाममा जनताका पक्षमा शासन नगर्नेहरूका विरुद्ध जाइलाग्नुपर्छ र सहिद बनेर रगत खर्चन पनि पछि पर्नु हुन्न भन्ने संन्देश दिएका छन् ।

यो देशमा सुविधा भोगी र हुनेखानेको शासन छ । सर्वसाधारण जनता जो भोका नाङ्गा दीन दुःखी र दरीद्रहरू माथि तिनै हुने खानेको बोलावाला छ । यस पक्षमा कसैले आवाजसम्म उठाएको छैन । त्यसैले अब सामन्ति सत्ताधारी शासकका विरुद्ध बिद्रोह गर्नु पर्छ । जसरी दक्षप्रजापतिको यज्ञमा सतीदेवी जाइलागिन त्यसरी जाइलाग्नु पर्छ । अन्यायका विरुद्ध न्यायका पक्षमा वीरहरू खनिनुपर्छ । सामन्तहरूको रक्षागर्न रक्षकहरूलाई रणक्षेत्रबाट भगाइनुपर्छ, यिनीहरूलाई निस्तेज पारिनु पर्छ ।

देशको शान्ति सुरक्षाको खाँतिर दुष्टहरूको वध गर्न यो धर्तिमा वीरहरूको जन्म हुनुपर्छ भन्ने विशाल भावना कविमा जन्मिएको पाइन्छ । जनतामाथि थिचोमिचो गर्ने सत्ताधारी शोषक सामन्तहरू जसका आततायी र अनौठा समीकरणहरू छिनालेर दुराचारीहरूको शासनलाई विध्वंश गर्नुपर्छ भन्ने मार्मिक भावना व्यक्त गरेका छन कविले । यो देशका बहुसंख्यक भोका र नाङ्गा जनताको पक्षम अब क्रान्तिमा होमिन सबैलाई आग्रह गर्दै सहिद बनेर रगतको खालो बगाउन परेपनि रगत खर्चनु पर्छ भन्ने भावना यस कवितामा पाइन्छ ।

अधिक बिम्बप्रतीकको प्रयोग गर्दै कलात्मक भाषाका माध्यमबाट भ्रष्ट र तानाशाहहरूलाई सचेत पार्ने खोजिएको देखिन्छ । मान्छेका तानासाही प्रवृतिप्रति कविता केन्द्रित छ ।

४.४.४२ मरिरहेका मन्दिर र मनहरू १

सङ्ग्रहमा सङ्कलित यस कवितामा कविले मान्छे मान्छेजस्तो नभएको, मान्छे मन्दिरको मूर्तिजस्तो भइरहेको कुरा प्रतीकात्मक रुपमा व्यक्त गरेका छन् ।

कवितामा आफ्नो भावना व्यक्त गर्दै कविले मन्दिरहरू मुर्तिसहितका र मूर्तिविनाका भएपनि ईश्वर मरेर मन्दिर, मन्दिर जस्तो नभएकोमा चिन्ता व्यक्त गरेका छन् । यहाँ दानव जस्ता व्यक्तिहरूले शासन गरेर विश्व हाक्दा र शासकहरू राक्षस जस्तै नाँच्दा पनि त्यसको बिरुद्धमा मान्छेहरू हतियार उठाउदैनन् । हत्या, हिंसा, वलात्कार, अत्याचार हुँदा पनि सहिरहन्छन् । कविले थिचोमिचोमा परेका मानिसहरू जसका अनुहारहरू अत्तालिएका छन् । कान र जिब्राहरू चहऱ्याइरहेका छन्, मन मस्तिष्कहरू कामिरहेका देख्छन् । खोको पेट र पसारिएका हातहरू लिएर आफूसँगै प्रतिकारमा उत्रन आग्रह गर्छन कविले । जुन मन्दिर मन्दिर जस्तो छैन । मुर्ति मुर्ति जस्तो छैन । ईश्वर मरेर मन्दिरको अस्तित्त्व मेटिएको छ । कविले यस्ता मन्दिरहरू र मुर्तिहरू भत्काऊ भन्ने भावना व्यक्त गर्छन् । अन्याय, अत्याचारी र दुराचारीका विरुद्ध

प्रतिकार गरी गालामा चड्कन् लगाउन आफूसँग हातेमालो गर्न मान्छेहरूलाई आग्रह गरको छन् ।

मान्छे मन्दिर र मूर्तिजस्तो भएकोमा चिन्ता व्यक्त गरेका छन् कविले कवितामा । बिम्बप्रतीकका माध्यमबाट उठ्न जाग्न आव्हान गर्छन कवि । सरल सहज भाषाशैलीको प्रयोगले कविता सुन्दर र कलात्मक बनेको छ साथै मान्छे एउटा संचेतना भएकाले मूर्ति झै मौन हुने मान्छेका कमजोरीलाई मौन भएर व्यक्त गरिएको छ ।

४.४.४३ जीवन र उत्सर्ग १

कवि सरुविन्दको कविता सङ्ग्रह "मेरो ब्रह्माण्डको जीवित सूर्य" कविता सङ्ग्रहको अन्तिमतिर सङ्कलित कविता हो । कवितामा महान् सहिद जसले देश र जनताको लागि आफ्नो जीवनको आहुति दिए र जीवन उत्सर्ग गरे तिनै सहिदको मार्मिक वर्णन विभिन्न बिम्बप्रतीकका माध्यमबाट कविले कवितामा गरेका छन् ।

मान्छेहरू मध्येको बिद्रोही जसलाई सबै मान्छेहरूले सम्झाए, उसको बिद्रोहको स्वर सुनेर सबै रिसाए, उसलाई देशको परम्परा र इतिहास बताए, संस्कृति र सभ्यताको कथा सुनाए तर उसले सुनेन । उसलाई अझै सम्झाइयो । तँ हुरी, बाढी, जाडो, गर्मी केही सहन सक्दैनस् । भीर पहरामा झुण्डिएको घाँस जस्तो असुरक्षित जिन्दगी बाँच्ने कुलङ्गार नबन । यसरी सम्झाउँदै रहे । हप्काउदै रहे तर ऊ मानेन । ऊ अरु जस्तो समान्य मान्छे भएर बाँच्न चाहेन । उसले आफू जस्तै थुप्रैको जिन्दगी असुरक्षित देख्यो । खतरापूर्ण जिन्दगी जिइरहेको देख्यो । त्यसैले ऊ मानेन । ऊ अरुभन्दा छुट्टै थियो, असाधारण थियो । अन्ततः ऊ भयङ्कर क्रन्तिमा होमियो । सत्ताधारीसँग सिंगौरी खेल्दै जेलनेल भोग्यो अनि उसलाई सबैले हपारे, गिज्जाए तैपनि उसमा कुनै विचलन आएन । जति नै ठूलो दुःख र कष्ट सहन परेतापनि ऊ खुशी नै रह्यो । ऊ अरुभन्दा उत्तम मान्छे बन्न चाह्यो । उसले बुझ्यो देशमा बिकराल समस्याहरू रहेछन् । जनता कसरी रैती भएका रहेछन् । त्यसैले उसको आफ्नो

जीवनमा आधिँ आउँदा पनि ऊ प्रफूल्ल थियो । देश र जनताको लागि लडेकोमा उसमा कुनै पश्चाताप थिएन । ऊ निश्चल र अटल रह्यो आफ्नो विचारमा ।अन्तमा आफूप्रति गौरव गरिदिन आग्रह गर्दै जीवन उर्त्सग गऱ्यो र सहिद बन्यो ।

कविता बौद्धिक र तार्किक छ । सरल भाषा शैलीमा भएकाले अर्न्तलयात्मक युक्त नै छ र मानिसलाई सहीद भएर देशकोलागि लड्न सन्देश दिएको छ कविताले ।

४.४.४४ मेरी राजेश्वरी १

सङ्ग्रहको अन्तिमतिर सङ्ग्रहित यस कवितामा कविले राजा रणवहादुर शाहकी जेठी राज-राजेश्वरी जो सती गएकी थिइन् यिनैलाई प्रतीक मानेर यहाँ लाखौं राजेश्वरीहरू ठूलो दुःख कष्ट सहन बाध्य भएको कुरा कविता मार्फत व्यक्त गरेका छन् । इतिहासका बिम्बबाट सिर्जेको यो कविताको आफ्नै महत्व छ ।

कविले कवितामा राजेश्वरी जस्ता थुप्रै महिलाहरू वन, जंगल, मेलापात गर्दा तिनका ओठ पर्परी फूटेका, निधारबाट पसिना तर्तरी चुहिएका, तिनले खप्नु दुःख कष्ट खपेका कुरा व्यक्त गरेका छन् । राजा महारानीका दुःख देख्ने तर आम नागरिकका दुःख कष्ट नदेख्ने जुन भाट प्रवृति छ त्यसप्रति कविले असन्तुष्टि व्यक्त गरको छन् । लाखौं राजेश्वरीहरू दिनभर पसिना बगाएर काम गर्छन बेलुका एक मुठी तातोपानीको भरमा सुत्छन् । तिनलाई सरकारले केही वास्ता गर्दैन । साहूका घरमा बीसौं मुरी धान चुटेर २ माना चामलको लागि साहुकै खलामा हात पर्सानुपर्ने स्थिति छ । लुगलुग काम्ने जाडोमा एक सरो कपडा लगाउन नपाउने नेपाली महिलाहरूप्रति सहानुभूति व्यक्त गरेका छन् कवि । एउटी रानी राजराजेश्वरी सती जाँदा तिनको दुःख दुनियाँले देख्यो । सबै कवि कलाकारहरू रोए तर आज आम नेपाली महिलाहरू राजेश्वरी झै दुःख पाउँदा कुनै कवि कलाकारहरू आफ्ना कवितामा एक शब्दले सहानुभूतिसम्म दिन

सक्दैनन् । कवि सरुविन्दले लाखौं राजेश्वरीहरूको दुःख र वेदनालाई भावनात्मक रुपमा समेट्ने काम यस कवितामा गरेका छन् ।

गहन र विचार पूर्ण भावना कवितामा पोखिएको छ । सरल, सहज भाषा शैलीका माध्यमबाट नेपाली महिलाहरूका दुःख कष्टहरूलाई उजागर गर्ने काम गरेका छन् कवितामा कविले । शीर्षक प्रतीकात्मक रुपमा प्रयोग भएको छ ।

### ४.४.४५ जननी जन्मभूमिश्च १

कवि सरुविन्दको मेरो ब्रह्माण्डको जीवित सूर्य कविता सङ्ग्रहभित्रको एकमात्र पद्य कविता भएकाले विशेष महत्त्व राख्दछ । यो कविता २०४५ सालमा पोखरा उपमहानगरपालिद्वारा आयोजित बृहत कविता प्रतियोगितामा प्रथम स्थान ल्याउन सफल भएको कविता हो । जम्मा सातवटा श्लोकमा रचिएको र ती श्लोकहरू अनुष्ट्प छन्दमा रचिएका छन् । हरेक दुई श्लोक अन्त्यानुप्रासयुक्त भएको यस कवितामा कविको मातृभूमिप्रतिको अगाध माया र स्नेह पोखिएको पाइन्छ ।

कवि सरुविन्दमा देशप्रेमको भावना कति रहेछ भन्नेकुरा यस कविता मार्फतपनि जीवन्त रुपमा प्रयोग भएको पाइन्छ । देशको नागरिक भएर जन्मेपछि आफ्नो देशको अस्मिता  गरिमालाई उच्च राख्न सक्नुपर्छ । एक असल नागरिकले आफ्नो देशलाई सधैँ माया गर्नुपर्छ, यो हरेक नागरिकको कर्तब्य हो भन्ने कुरा स्पष्ट पार्दै युद्धलाई निभाएर शान्तिको दीप बाल्न आफू तयार रहेको कुरा कवि यसरी व्यक्त गर्छन ।

उठाइ अञ्जुली आज तिमै विश्व चुल्याउछु
ब्युझाई शान्तिका दीप आजै युद्ध निभाउछु ।

आफ्नो जन्मभूमि स्वर्ग भन्दा पनि प्यारो हुने सत्यतालाई कवि व्यक्त गरिरहेका हुन्छन् । यो देश मेरो हो , यहाँका सारा प्राकृतिक सौन्दर्य र सम्पदाको अस्तित्त्वका निम्ति आफू जे गर्नपनि तयार रहेको कुरा कवि व्यक्त गर्छन । यसरी कविले कवितामा विश्व भातृत्वले विश्वमा शान्ति ल्याउन सकिन्छ । आफ्नो एक मुठी सास रहेसम्म यो राष्ट्रको गौरवलाई झुक्न नदिने र आफू बाँचेसम्म राष्ट्रको शिर कसैगरी झुक्न नदिने र आफू बाँचेसम्म राष्ट्रको सेवा गर्ने प्रण कविले गरेका छन् । आफ्नो देशको अस्थित्वलाई विश्वका सामू झुक्न नदिने यदि झुकाउन खोजिएमा ज्यूँदो जिन्दगी नै होमिदिने कुरा व्यक्त गर्दै कवि भन्छन् ।

बाँचिदैन नबाँचे जो लाखौ-लाख जियेपनि
टाढिदैन जहाँमाया कोसौं दुर टाढा भएपनि
यो ज्यूदाँ जिन्दगी रम्दै होमिदिन्छु सधैंभरी
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।

यसरी कविले लाखौं लाख जिए पनि देश नबाँचे आफू बाँचिदैन भन्दै जसले देशका लागि केही गर्छ त्यो बाँचेको ठर्हछ । प्रत्येक कर्मठ नेपालीले स्वर्गभन्दा प्यारो आफ्नो जन्मभूमिलाई बलिदान गर्न सक्नुपर्छ । ज्यूँदै मरेको हैन मरेर पनि बाँचेको आफ्नो अस्थित्व यस धर्तीमा राख्न सक्नुपर्छ । कविले आफूभित्र उठेको मातृभूमिप्रतिको अगाध स्नेहलाई खन्याउने काम यस कविता मार्फत गरेका छन् । कविता अन्त्यानुप्राशयुक्त छ । लय र भावको संयोजनले कविता उत्कृष्ट बनेको छ । आफ्नो राष्ट्रप्रति अगाध माया र स्नेह गर्नुपर्छ भन्ने सन्देश कविताले दिएको छ । जन्मभूमि प्रतिको कविको भावना बौद्धिकताका माध्यबाट पोखिएको छ । सङ्ग्रहको एक मात्र पद्य कविता हो र कविको गहन र गम्भिर भावनाले कविता मीठो र हृदय संवेध्य रहेको पाइन्छ ।

# परिच्छेद - पा"च

## उपसंहार

आधुनिक नेपाली कविताको अन्तिम धारा (समसामयिक धारा) मा देखापरेका सरुविन्द एक नव प्रतिभा हुन । उनले निबन्ध, उपन्यास कथाहरू साथै "मेरो ब्रह्माण्डको जीवित सूर्य" कविता संङ्ग्रह (२०६४) दिएर नेपाली कविताको आधुनिक काललाई थप उर्जा प्रदान गरेका छन् । सरुविन्दको यस सङ्ग्रहमा पैतालीस वटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा उनका चवालीस (४४) वटा कविता गद्यमा रचिएका छन् भने एक मात्र पद्य कविता रहेको छ । समकालीन देश र समाज यी कविताहरूमा अभिव्यक्त भएका छन् । यस सङ्ग्रहभित्रका कविताहरू सरल, सहज भावशैलीमा रचना गरिएका भएतापनि धेरै बौद्धिक, विचारपूर्ण, तार्किक र व्यङ्ग्यात्मक पनि छन् । समसामयिक राजनीति, सामाजिक विकृति, विसङ्गति, आर्थिक अनियमितता, ढिला, सुस्ती, भ्रष्टाचार वर्तमान शासकहरू र तिनको शासन गराइप्रति कविले तार्किक ढंगबाट झटारो हान्ने काम गरेका छन् । यस सङ्ग्रहका कविताहरूमा विश्वपरिवेश र त्यसले पार्न सक्ने प्रभाव त्यसबाट नेपाललाई जोगाउनु पर्ने धारणा कविले व्यक्त गरेका छन् ।

नेपाली साहित्यका उपन्यास र निबन्ध विधामा मात्र चिनिएका सरुविन्दलाई एउटा सशक्त साहित्यकार र कुशल कविका रूपमा चिनाउन सफल भएको कृति हो मेरो ब्रह्माण्डको जीवित सूर्य । यहाँ कविले आफूले चौपट्टै माया मानेर मुटुमा राखेको मातृभूमि माथि जब कसैले व्वाँसे व्यवहार गर्दछ, कविको कन्सिरी तात्छ र उम्लन्छ रगत अनि निस्कन्छन् कविताहरू आँसु उच्छ्वास बनेर । यस कृतिका कवितामा यस्तै

दृश्यहरू देखिन्छन् । कविको जात क्रान्तदर्शी हुन्छ । ऊ अरुले देख्न नभ्याएको कुरो पहिले देख्छ । अरुले सुसङ्गत, सुयोग र आवाद देखेको संसारभित्र उसले विसङ्गत, विजोग र वर्वाद् देख्छ । यस्तै दृश्य सरुविन्दको यस कृतिका कवितामा देख्न सकिन्छ । यस कृतिका कवितामा कविले आफूलाई मान्छे भन्नेहरूलाई नै प्रश्न गर्दै रुष्टता प्रकट गर्दछन् । कवि वर्तमान मानवमा कुनै किसिमको दायित्व बोध नभएको देख्छन् । यस देशको नेतृत्व संहाल्ने पक्ष नै कमजोर र असक्षम देख्छन् । हरेक कवितामा राष्ट्रभक्तिको भावना असाध्यै मार्मिक रूपमा व्यक्त भएको पाइन्छ । थुप्रै बिम्ब र प्रतीकको प्रयोगले यस सङ्ग्रहका कविताहरू उत्कृष्ट बन्न पुगेका छन् । सरल, सहज भाषाका माध्यमबाट गहन भावनाहरू व्यक्त गर्न सफल देखिएका छन् सरुविन्द । यस कृतिका कविताहरूमा कविको दार्शनिक पक्ष सशक्तरूपमा सल्बलाएको छ । कविताका माध्यमबाट कविले आफ्नो बौद्धिकताको परिचय दिएका छन् । कृतिमा आवद्ध कविता अत्यन्त शक्तिदायक र प्रेरणादायक भएको कुरालाई नकार्न सकिदैन ।

कवि सरुविन्दको साहित्यिक यात्राको अन्तिम चरणमा लेखिएको कविता सङ्ग्रह “मेरो ब्रह्माण्डको जीवित सूर्य” (२०६४) हो । यस सङ्ग्रहका प्रायः सवै कविताहरू गद्य शैलीमा लेखिएका छन् । कवि सरुविन्द गद्य कवि हुन । सूर्यदयसँगै जन्मिएकाले कविले सूर्यको ऋणतिर्न आफूले उक्त कविताको रचना गरेको बताउँछन् । यतिमात्र हैन कवि सरुविन्दलाई बिम्बवादी कवि पनि भन्न सकिन्छ किनकि उनका कविताका तरेलीहरूमा बिम्बका बिस्कुनहरू फिँजिएका, अलङ्कारका आरसिहरू सजिएका, छन्द र लयका लहरीहरू सेती गण्डकी झैं अर्न्तमुखी बनेर सुसाइरहेको पाइन्छन् । त्यस्तै गरी यस सङ्ग्रहभित्रका कविताहरूको अध्ययन गर्दा त्यहाँ कतै आक्रोशको आगो दन्किरहेको, कतै विङ्गतिको ब्यग्रता उम्लिरहेको, कतै कल्पनाको कल्लोल छताछुल्ल भइरहेको छ । कुनै कविता देशप्रेमले ओतप्रोत भएका छन् । कविहरू समाजका हरेक

पक्षलाई कोट्याउन पुग्छन् । कविले अरुहरूले देख्न नसकेको कुरो र भन्न नसकेको कुराहरूका साथै राजनीतिका दुषित गन्धलाई कविताका माध्यमबाट जनसमक्ष ल्याउने हिम्मत गरेका छन् । यस्तै गरी सङ्ग्रहभित्रका कविताको अध्ययन गर्दा राजनीतिक विकृतिप्रति कविले झटारो हान्दै सत्ताकालागि सत्य पोल्नेहरू र राजनीतिका लागि राष्ट्रघात गर्नेहरूलाई कविले राजनेता भन्न सकेका छैनन् । बासी विचार र विदेशीको प्रभावको डोरीले गलपासो लगाएर सिद्धान्तको खुँटीमा झुण्डिदै चर्चहुई गर्नेहरूलाई कविले स्वतन्त्र मान्न सकेका छैनन् । त्यस्तै गरी द्रौपदी झै राष्ट्रको इज्जत र अस्मिता लुटिदा मुकदर्शक बन्ने शासक प्रशासकहरूलाई कविले राष्ट्रवादी भन्न सकेका छैनन् । चुनाव जित्न वा सत्तामा टिक्न दशैंका च्याङ्ग्रा झै मतदाता काट्नेहरूलाई कविले जनवादी भन्न सकेका छैनन् । कवि सरुविन्द आफू राष्ट्रवादी भएका हुनाले पनि आफ्नो मातृभूमिमाथि अरुले ब्वाँसे व्यवहार गरेको मनपरेको छैन । यस्तै व्यवहार देखेर कविको कन्सिरी तातेको, रगत उम्लिएको जस्ता दृश्य कवितामा देखिन्छन् ।

विज्ञान र प्रविधिको विकासले संसार जुरुक्क उठिरहदा पनि अज्ञान र अशिक्षाको अन्धकारमा लमतन्न परेका नेपाली छोरालाई उठाउन घच्घच्याउँदा जन्मिएका कविताहरू छन् । यहाँ सार्वभौम सत्ताको नारामा जनतालाई भुलाएर शासन सत्ताको सिनो टिप्न तँ छाडमछाड गर्ने नाइकेहरूका गालामा चड्काउन खोज्दा जन्मेका कविताहरू छन । जनताको सेवागर्ने कसम खाएर तिनैको रगत पसिना तन्तनी पिउन कस्सिने र वनबुटो, मनमाटो, भेटी चढाएर पराइसँग कुर्सीको आर्शीवाद माग्नेहरूप्रति थू १ गर्दा निस्केका कविता छन्  र समाज र राष्ट्रका रोगहरू गाइएका कविताहरू छन् ।

यस सङ्ग्रहका कविताको अध्ययन गरी जीवनप्रतिको दृष्टिकोणलाई बुझ्दा यहाँ जीवन एकै दिन बाँचे पनि ज्योति भएर बाँच्नुपर्छ । एकै छिन बाँचे पनि विजुली भएर

चम्कनु पर्छ र घनघोर निशालाई एकै थप्पड भएपनि प्रकाशले हान्नुपर्छ भन्ने खालका कविता छन् ।

यस सङ्ग्रहका कवितामा कविले ब्रह्माण्ड र सूर्यको बिम्बमा जीवनप्रेमका गहन भावनाहरूलाई अभिव्यक्त गरेका छन् । कविता अध्ययन गर्दा कविको विचार धर्मितामा कति मानवीय भावना र सम्वेदनाहरू भरिएका रहेछन भन्ने कुरा बुझ्न सकिन्छ । सरुविन्द देश र समाजलाई माया गर्ने कवि हुन, विश्व ब्रह्माण्डलाई माया गर्ने कवि हुन । समग्र मानवीयताका पक्षमा बोल्ने कवि भएका हुनाले उनमा यिनै भावनाहरू “मेरो ब्रह्माण्डको जीवित सूर्य” कविता सङ्ग्रहका कवितामा व्यक्तभएको पाइन्छ । यस सङ्ग्रहको सुरुको कवितामा समसामयिक राजनीति गतिविधिप्रतिको तीखो व्यङ्ग्य रहेको छ भने यस सङ्ग्रहको अन्तिम कविता जुन पद्यमा रचिएको छ यसमा कवि देशप्रेममा चुर्लुम्म डुबेका छन् ।

समीक्षात्मक कोणबाट कृतिलाई हेर्दा विभिन्न कुराहरू देखिन्छन् । यस सङ्ग्रहका कविता जोडदार, अठोटदार, चोटीला र ओजिला पनि छन् तर सबै कविताहरूले बढी वर्तमान राजनीतिक, सामाजिक, आर्थिक विकृति विसंगतिप्रति झटारो हन्नमा केन्द्रीत देखिन्छन् । हरेक कविताहरूमा कविका आक्रोश पोखिएको जस्तो देखिन्छ । शब्द चयनमा पनि सरल शब्दहरू नै प्रयोग भएको पाइन्छ । भाषाशैली सरल, सहज भएतापनि कुनै कुनै कवितामा जटिल बिम्बविधान देखापरेको पाइन्छ । जसले गर्दा कुनै कविता बुझ्न केही कठिन जस्तो पनि लाग्छन् । यसले कवितालाई केही दुर्बोध्य बनाएको पाइन्छ । सङ्ग्रंहमा सङ्ग्रहित कविताको शीर्षक फरक फरक भएपनि ती कविताका भाव बुझ्दा धेरैका एउटै जस्ता देखिन्छन् । कविताले दिन खोजेको सन्देशहरू पनि मिल्दाजुल्दा जस्ता देखिन्छन् । राजनीतिक भाषा कृतिमा बढी प्रयोग भएको पाइन्छ । आयामका दृष्टिबाट हेर्दा यस कृतिका

कविता कुनै अत्यन्त लामा र कुनै छोटा देखिन्छन् । आयामगत रुपबाट कविता समान खालका पाइदैनन् ।

यस कृतिका धेरै कविताहरू गद्यमा नै लेखिएका छन् । गद्य शैलीका कविता भएपनि त्यसमा अन्तर्लय प्रर्याप्त हुन्छ । यँहाका कविता धेरै अर्न्तरलययुक्त नै छन् तर कही, कतै, कुनै कवितामा अर्न्तलयमा थोरै विचलन आएको जस्तो देखिन्छ । कविताका शीर्षकहरू बढी प्रतीकात्मक रुपमा रहेको पाइन्छन् । जेहोस् कवि सरुविन्द बिम्बबादी कवि हुन । बिम्ब प्रतीकका माध्यमबाट कविले आफ्नो व्यङ्ग्य चेतलाई पोख्न सफल भएका छन् र यर्थाथमा वर्तमानका परिवेशलाई कविताले समेटेको पाइन्छ । मान्छेलाई आफ्नो दुर्गुणहरूलाई त्यागेर असल बन्न प्रेरित गराइएको छ । सत् मार्गमा लागेर सत्चरित्र बन्न मानवहरूलाई आब्हान गरेका छन् कविले । समग्र कविताहरूलाई समष्टीमा अध्ययन गर्दा सरुविन्द यर्थाथवादी चिन्तन धारामा रहेर समाजका विविध सङ्गतिहीन विविधतालाई उतारिरहेका छन् र प्रयोगवादद्वारा तार्किक र बौद्धिकताका माध्यमबाट मान्छेलाई सत् मार्गमा हिडाउने प्रयासमा देखिन्छन् । सङ्ग्रहभित्रका सबै कविताहरूले जनआन्दोलनपछिको नेपाल, नेपाली वस्ती, र बस्तीभित्रका उथुलपुथलसँगै विगतको मृतशक्तिबाट जीवित कान्तिका छालहरूमा अस्तव्यस्त र क्रमभङ्तामा विकसित मान्छेका विकृत भर्नाकृतिहरूलाई सशक्त रूपमा प्रस्तुत गरिरहेका छन् ।

## सन्दर्भ सूची


- त्रिपाठी बासुदेव, न्यौपाने सुवेदी र सुवेदी केशव (सम्पा.) *नेपाली कविता भाग २* काठमाण्डौं साझा प्रकाशन २०४६

- त्रिपाठी वासुदेव, न्यौपाने दैवज्ञ र सुवेदी केशव (सम्पा) - *नेपाली कविता भाग ४*, काठमाण्डौं साझा प्रकाशन २०४८

- अर्याल नवराज, *साहित्यकार नारायण प्रसाद अधिकारीको हिमकमल कविता सङ्ग्रहको अध्ययन,* त्रि.वि. नेपाली स्नातकोत्तर शोधपत्र २०६५

- बराल, अम्विका र  सरुविन्द (गोविन्द बहादुर भण्डारी) जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, त्रि.वि. नेपाली स्नातकोत्तर शोधपत्र २०६५ ।

- श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* चौथो संस्करण ललितपुरः साझा प्रकाशन २०४९ ।

- सरुविन्द, *विसंगत बस्तीहरू (प्रयोग लेखनं) पोखरा, युवा साहित्य सदन,* प्रकाशन २०५० ।

- भण्डारी, गोविन्द- मान्छेहरू (स्वीकृत रहेका अस्वीकृत विचारहरूको सङ्ग्रह) हिमचुली साहित्यः प्रकाशन २०५७ ।

- सरुविन्द, अनावृत अण्डकोष, निबन्धसङ्ग्रह पोखरा : युवा साहित्य सदन

- सरुविन्द, मेरो ब्रह्माण्डको जीवित सूर्य कविता सङ्ग्रह, (पोखरा) गोर्खाली अफसेट प्रेस २०६४ ।

- शर्मा, मोहनराज र लुइँटेल खगेन्द्रप्रसाद, शोधविधि काठमाण्डौः साझाप्रकाशन, २०५२ ।

- आचार्य, कृष्ण प्रसाद र गैरे, ईश्वरी प्रसाद - नेपाली साहित्यको इतिहास तथा संस्कृत र पश्चिात्य साहित्यको रुपरेखा ।

- नेपाली राजकीय प्रज्ञाप्रतिष्ठान - काव्य मिमांशा प्रथम संक्षिप्त इतिहास, २०५६
- श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज - नेपाली साहित्यको संक्षिप्त इतिहास २०५३
- त्रिपाठी वासुदेव (सं)- नेपाली कविता भाग - ४ साझा प्रकाशन २०५३
- शर्मा, तारानाथ, नेपाली साहित्यको इतिहास, चौथो संस्करण, काठमाण्डौं : अक्षर प्रकाशन, २०५६ ।
- उपाध्याय, केशवप्रसाद, साहित्य प्रकाश, ललितपुर : साझा प्रकाशन २०३०
- घिमिरे माधव, गौरी, काठमाण्डौं : साझा प्रकाशन २०४८
- न्यौपाने, टंकप्रसाद : साहित्यको रूपरेखा, दोस्रो सं., ललितपुर : साझा प्रकाशन २०३६ ।
- सम्पादक मण्डल, नेपाली बृहत शब्दकोष, काठमाण्डौं : ने.रा.प्र.प्र. २०५२
- थापा, मोहन हिमांशु, साहित्य परिचय, चौथो संस्करण, ललितपुरः साझा प्रकाशन, २०५० ।